- **सम्पादकीय**
  जनकार्यको विकल्प नखोज्ने समय २
- **आवरण**
  अन्तरिम संविधानमा सुधार गर्नुपर्ने कमजोरी - **प्रदीप नेपाल** ३
  अन्तरिम संविधान र सूचनाको हक - **टीकाराम भट्टराई** ५
- **राष्ट्रिय राजनीति**
  लोकतान्त्रिक आन्दोलनमा पुनःस्थापित प्रतिनिधिसभा-**भरतमोहन अधिकारी** ७
- **दृष्टिकोण**
  परिवर्तित परिस्थिति र पार्टी एकताको सवाल - **युवराज कार्की** १२
- **विश्लेषण**
  संविधानसभाको निर्वाचन र माओवादीसँगको सम्बन्ध - **रघु पन्त** १४
- **बहस**
  गणतान्त्रिक आन्दोलन र युवा - **कोमल भट्टराई** १७
- **विश्व**
  समाजवादको पक्षमा ल्याटिन अमेरिका - **राजन भट्टराई** १९
- **संस्मरण**
  कुशल सङ्गठकको सधैं आवश्यकता हुन्छ- **हर्कमान तामाङ** २२
  पढ्ने भोक- **अग्निशिखा** ३८
- **अभियान**
  विद्यार्थी जागरण अभियान - **गोकुल घर्ती** २४
  बैतडीमा जनअभियान - **रामकुमार ज्ञवाली** २८
  खोटाङमा गणतन्त्रको जनअभियान - **विशाल भट्टराई** ३०
- **चिनारी**
  कम्युनिस्ट आन्दोलनका शालिग्राम - **कमला पराजुली** २६
- **सरोकार**
  पेसाकर्मीहरूको ट्रेड युनियन अधिकार - **पीके खनाल** ३१
  सम्पर्क मञ्चः विगत, वर्तमान र भावी कार्यभार- **गिरीराज भण्डारी** ३३
- **दस्तावेज**
  पार्टी सुदृढीकरण, जनअभियान, गणतान्त्रिक मोर्चा र पार्टी एकीकरण ३६
- **कृति**
  सङ्घर्षपूर्ण जीवनको अनुभव ४०

# जनकार्यको विकल्प नखोज्ने समय

*राजनीतिका प्रत्येक मोडहरूमा नयाँनयाँ कामहरू जन्मिने गर्छन् । झट्ट सुन्दा यस्तो तरिका तात्कालिकजस्तो लागे पनि एउटा सिङ्गो पार्टीको जीवनमा यो नियमित प्रक्रिया नै हो । एउटा काम सकिन्छ । फुर्सदको समय सोच्न भ्याउँदा नभ्याउँदै अर्को एउटा नयाँ काम जन्मिहाल्छ । पार्टीको जीवन कहिल्यै कर्मविहीन हुँदैन । पार्टीको जीवनसँगै हामी नेता-कार्यकर्ताको पनि जीवन गाँसिएको हुनाले, हाम्रो जीवन पनि कहिल्यै कर्मविहीन हुनुहुँदैन ।*

*जनआन्दोलन भाग- २ को सफलतापछि हामी सीधै संविधानसभाको चुनावमा प्रवेश गरेका छौँ । गएको वैशाख महिनादेखि अहिलेसम्म हामीले जेजति काम गरेका छौँ, ती सबै नै संविधानसभाको निर्वाचनसँग जोडिएका छन् ।*

*अबको चुनौती सबैभन्दा ठूलो छ । हिजो सात दल या आठ दलको सहमतिमा हामीले काम गर्दै आएका थियौँ । केटाकेटी खालकै भए पनि यो सहकार्य नै थियो । तर, आगामी दिनमा दलहरूबीचको यो सहकार्य टुट्नेछ । किनभने, अबको काम आफ्नो पार्टीका लागि, आफूले बोकेको विचारका लागि समर्पित हुनुपर्नेछ ।*

*आठ दल एउटा पार्टी होइन । त्यो एउटा विचार पनि होइन । फरक-फरक विचारका १० ओटा पार्टीहरू जनआन्दोलनमार्फत एक ठाउँमा समेटिन आएका हुन् । पुनःस्थापित प्रतिनिधिसभालाई एकप्रकारको चौतारी भनिदिँदा हुन्छ । ठाडो उकालो पार गरेर हामी चौतारीमा बिसिन आएका छौँ । थकान मेटिएपछि फेरि हामीले आफ्नो यात्रालाई निरन्तरता दिनुपर्छ । स्वाभाविक छ : यो यात्रा अलगअलग बाटोबाटै हुनेछ ।*

*हाम्रो मूलबाटो हो- लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि संविधानसभाको निर्वाचन । संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र भन्ने नारा अहिलेसम्म हामीले मात्रै बुलन्द गरेका छौँ । काङ्ग्रेस राजतन्त्रका सवालमा नीतिहीन भएको छ । यद्यपि, त्यसको युवापङ्क्ति पनि अहिलेसम्म गणतन्त्रकै यात्रामा लागेको छ । तर, भोलि पार्टीले राजतन्त्र वा गणतन्त्र कतै नलाग्ने भन्यो भने ती युवाले पनि पार्टीको निर्णय सकार्नैपर्छ । अर्को प्रजातान्त्रिक काङ्ग्रेसका सबैजसो जिल्ला सभापतिले नेतृत्वलाई लोकतान्त्रिक गणतन्त्रमा जान अनुरोध गरेका छन् । तर, त्यहाँ पनि नेतृत्वले लोकतान्त्रिक गणतन्त्रको निर्णय गरिसकेको छैन ।*

*जनमतलाई सबैभन्दा बढी प्रभावित पार्ने पार्टी भनेका यिनै तीन ओटा हुन् । माओवादी पार्टीका बारेमा अहिले नै यसै भन्न सकिँदैन । 'मुलुकको ८० प्रतिशत भूभागमा हाम्रो कब्जा छ' भन्ने माओवादी दाबीलाई स्वीकार गर्ने हो भने त संविधानसभामा कुनै नारा उठाइरहनु पर्दैन । माओवादीले यो अन्तिम सत्यलाई आत्मसात गर्नुपर्छ- उनीहरूको कथित ८० प्रतिशतको जनप्रभाव त्यसको दशांश पनि छैन । ८० प्रतिशतको एक चौथाइ भूभागको जनमतलाई प्रभावित गर्न पनि उनीहरूले तालुदेखि पैँतालासम्मको पसिना निकाल्नुपर्नेछ ।*

*यस्तो स्थितिमा लोकतान्त्रिक गणतन्त्रको नारालाई सार्थक तुल्याउने हो भने संविधानसभामा नेकपा ( एमाले) को पूर्ण बहुमत अनिवार्य हुन्छ । अन्यथा संविधानसभामार्फत गणतन्त्र ल्याउने सपना एकपल्ट फेरि सपनातिरै फर्किनेछ ।*

*नेता-कार्यकर्ताको पूर्ण क्रियाशीलता तथा एकताबद्ध पार्टीको गतिविधिले नै हाम्रो बहुमतको सम्भावनालाई सार्थक तुल्याउँछ । प्रत्येक कमिटीहरूले जनपरिचालनको सार्थक योजना बनाउनुपर्नेछ, सबै जनसङ्गठन परिचालनको विशेष योजना बनाउनुपर्नेछ । संविधानसभाको चुनाव जहिले होस्, त्यो चुनाव नहुँदासम्म पार्टीका नेता र कार्यकर्तासँग फुर्सदको समय हुनुहुँदैन । अन्यथा समयले हामीलाई चटक्क छोडेर जान्छ, हामी दुःखका साथ रमिता हेरेका हेर्‍यै हुनेछौँ ।*

# अन्तरिम संविधानमा सुधार गर्नैपर्ने कमजोरी

**' प्रदीप नेपाल**

राजा महेन्द्रको पुस १ गतेलाई पञ्चायतकालभरि राजनीतिक दलहरूले कालो दिन मान्दै आएका थिए । त्यो कालो दिनको फोहोर धुने उद्देश्यले २०६३ सालको पुस १ गते नेपालका आठ दलका शीर्ष नेताहरूले लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख हुने उद्देश्यसहितको एउटा महत्त्वपूर्ण दस्तावेजमा हस्ताक्षर गरेका छन् । गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, प्रचण्ड, शेरबहादुर देउवा, अमिक शेरचन, नारायणमान विजुक्छे, चन्द्रप्रकाश मैनाली तथा भरतविमल यादवको हस्ताक्षरसहित सार्वजनिक भएको त्यो दस्तावेज हो- नेपालको अन्तरिम संविधान, २०६३ । मस्यौदाका रूपमा यो संविधान तयार हुनु सबैभन्दा महत्त्वपूर्ण काम हो । तर, यो अन्तरिम संविधानलाई यथाहालतमा लागू गर्ने हो भने त्यसले नेपालको संवैधानिक इतिहासमै अत्यन्तै नराम्रो पाना निर्माण गर्नेछ ।

केके हुन् त्यसरी सच्याउनैपर्ने मुद्दाहरू ? यसैका बारेमा थोरै छलफल गरौँ ।

**प्रस्तावना**

प्रस्तावनाको अन्तिम अनुच्छेद (यसलाई हामीले आफ्नो आवरणमा पनि प्रकाशित गरेका छौँ) ले विधिको शासनको वैधतालाई अस्वीकार गरेको छ। त्यहाँ भनिएको छ- 'नयाँ संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान २०६३ जारी भएको घोषणा गर्दछौं।'

आठ दलका शीर्ष नेताहरूलाई संविधान जारी गर्ने अधिकार कुनै विधिले दिएको छैन। आठ दलको नेतृत्व एउटा राजनीतिक गठबन्धन हो। त्यो प्रतिनिधिसभाभन्दा माथिको सर्वोच्च संवैधानिक निकाय होइन। आठ दलका नेताहरूको औपचारिक अवस्थिति, नलुकाई भन्ने हो प्रतिनिधिसभाभन्दा तलै हुन्छ। प्रधानमन्त्रीसमेत संसद्प्रति उत्तरदायी हुन बाध्य हुन्छन्, संसदीय प्रणालीमा।

यो गल्तीलाई सच्याउन मस्यौदा प्रस्तावनामा यस्तो वाक्य लेखिनु जरुरी हुन्छ- 'नेपालको अन्तरिम संविधान-२०६३ जारी गर्न नेपाल सरकारमार्फत प्रतिनिधिसभामा सिफारिस गर्दछौं।' संविधान, कानुनलगायतका विधिसँग जोडिएका दस्तावेजहरू जारी गर्ने अधिकारसम्पन्न निकाय भनेको प्रतिनिधिसभा नै हुन्छ।

**राष्ट्रिय गान इत्यादि**

यसको दोस्रो उपदफामा फूल, रङ्ग, पक्षीलाई ठीकै स्थानमा राखिएको छ। तर, राष्ट्रिय जनावरमा गाई राख्नुको अर्थ खुल्दैन। हिजो हिन्दु अधिराज्य भएको समयमा, सबै हिन्दुले गाई पुज्छन् भन्ने अन्धविश्वास भएको समयमा (यद्यपि, सबै हिन्दुले गाई पुज्दैनन्) गाई राष्ट्रिय जनावर हुनु स्वाभाविक थियो। तर, अहिले तन्त्र फेरिएको छ, नेपाल हिन्दु अधिराज्यबाट धर्मनिरपेक्ष नेपालमा रूपान्तरित भएको छ। अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउने जनावर गैँडा भएको छ। हत्यारा अपराधीहरूबाट गैँडाको विनास गर्ने अभियान चलाइएको छ। यस्तो अवस्थामा आफ्नो राष्ट्रिय पहिचान जोगाउन तथा लुप्त हुने डरलाग्दो खतरा बोकेको गैँडालाई राष्ट्रिय जनावर घोषणा गर्नु बढी सान्दर्भिक र यथार्थवादी सोच हुन्छ।

**मौलिक हक**

मौलिक हक अन्तर्गत स्वतन्त्रताको हकलाई वैयक्तिक स्वतन्त्रताको नागरिक अधिकारसँग जोडी छ भागमा विभाजित गरी व्यक्तिको सम्मानपूर्वक पाउने हकको सम्मान गर्ने प्रतिबद्धता जाहेर गरिएको छ। यो असाध्यै राम्रो पक्ष हो। तर, त्यसको ठीक मुन्तिर पाँच ओटा प्रतिबन्धित अनुच्छेदहरू उभ्याएर माथि दिइएका अधिकारलाई फिर्ता लिने काम पनि भएको छ। यस्तो प्रतिबन्धले लोकतन्त्रको सम्मान गर्न सक्दैन। प्रतिबन्धात्मक अंशको पुनःलेखन हुनु नितान्त जरुरी छ। यो अंशलाई बढी उन्मुक्ति दिने र प्रतिबन्धहरूलाई सकेसम्म न्यूनीकृत गर्ने गरी पुनःलेखन हुनुपर्छ।

**प्रकाशन ...सम्बन्धी हक**

यसको उपदफा २ ले प्रेस स्वतन्त्रतालाई सम्मान गरेको छ। तर, त्यसैको उपदफा ४ ले कानुनको फुँदा जोडेर उपदफा २ मा दिइएको अधिकार खोस्न खोजेको आभास दिएको छ। उपदफा २ र ३ पछिको अंश जोडिएको उपदफा ४ लाई झिकेर नफ्याँक्ने हो भने यो अन्तरिम संविधानले पनि प्रेस स्वतन्त्रताको सम्मान गरेको मान्न सकिँदैन।

**महिलाको हक**

महिलाको हकको उपदफा ४ मा महिला र पुरुषबीच भेद गर्ने वाक्य राखिएको छ। यो उपदफालाई उपदफा १ सँग तालमेल मिलाउने गरी लेख्ने हो भने यसलाई पैतृक-मातृक सम्पत्तिमा छोराछोरीलाई समान हक हुनेछ भनी पुनःलेखन गर्नु पर्दछ।

**धर्मसम्बन्धी हक**

धार्मिक समानताको यो दफा सम्मानयोग्य छ। दफा १ ले दिएको धर्मको अधिकारलाई सबैले सकारात्मक रूपमै लिनुपर्दछ। तर, यही दफाको पुछारमा एउटा प्रतिबन्धात्मक वाक्य राखिएको छ। यो नलेखिनुपर्थ्यो। प्रतिबन्धात्मक अंशमा भनिएको छ, 'तर, कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एक-अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन।' यो वाक्यको पहिलो अंश 'तर, ... ... पाउने छैन' संविधानमा राखिनुपर्ने वाक्य होइन। किनभने, धर्म व्यक्तिको स्वेच्छिक विषय हो। व्यक्तिलाई जुन धर्म राम्रो लाग्छ, त्यसैलाई अवलम्बन गर्छ। त्यसैले प्रतिबन्धात्मक वाक्यको अघिल्लो अंश खारेज गरिदिनुपर्छ।

धर्मसम्बन्धी हकलाई सम्मान गर्नका लागि बरु व्यक्तिलाई नास्तिकताको अधिकार दिनु श्रेयस्कर हुन्छ। नास्तिकता हाम्रो पूर्वीय दर्शनमा दुई हजार वर्षभन्दा अघिदेखि विद्यमान छ।

**राज्यको दायित्व**

दफा ३३ मा राज्यको दायित्वका बारेमा जस्ता उपदफाहरू राखिएको छ, त्यसले संविधानको व्यवस्थाकै खिल्ली उडाएको छ। दफा ३३ को (क) मा भनिएको छ : 'नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात गर्दै संवत् २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाका सदस्यको निर्वाचन सम्पन्न गर्न राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने।'

यो उपदफामा दुइटा गम्भीर त्रुटिहरू रहेका छन्। पहिलो हो- संवत् २०६४ जेठ मसान्तको सीमा तोक्ने। संविधानमा यस्तो सीमा तोकिँदैन। तोकिएको सीमाभित्र संविधानसभाको निर्वाचन भएन भने त्यसपछि के गर्ने ? त्यसपछि उत्पन्न हुने राजनीतिक शून्यताको विकल्प के हुने ? यसमा रहेको अर्को त्रुटिपूर्ण व्यवस्था हो- राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने। यो सम्पूर्ण

ध्यान केन्द्रित गर्ने भन्ने वाक्य भावनाको विषय हो, आत्मगत अभिव्यक्ति हो । संविधान मनमा राखिने स्मृति होइन । त्यो काम-कारबाहीलाई ठोस निर्देशन दिने दस्तावेज हो ।

यथार्थमा उपदफा (क) को व्यवस्थाले मुलुकलाई अन्योल र द्विविधाको खतरातर्फ लैजाने प्रवल सम्भावना देखाएको छ । यो उपदफालाई खारेज गर्नुपर्छ ।

**कार्यपालिका**

अन्तरिम संविधानमा गरिएको कार्यपालिकाको पक्ष सबैभन्दा खतरनाक, तानाशाही प्रकृतिको रहेको छ । त्यो अत्यन्तै त्रुटिपूर्ण पनि छ ।

दफा ३८ को मन्त्रिपरिषद्को गठन त्रुटिहरूको पहिलो पाइलो हो । प्रधानमन्त्रीको नियुक्ति र खारेजीको कुनै व्यवस्था नभएको यो दफाले राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री नियुक्त गर्ने घोषणा गरेको छ । यो वाक्यको भावना असाध्यै राम्रो होला । तर, फेरि दोहोऱ्याउँ- भावनामा देश चल्दैन । कुनै एउटा पार्टीले 'म फलानालाई प्रधानमन्त्री मान्दिनँ' भनेर अड्डी लियो भने के हुन्छ ? उपप्रधानमन्त्रीलाई प्रधानमन्त्रीका कार्यकारी अधिकार दिएर काम चलाउने ? कि मन्त्रिपरिषद्को बूढो सदस्यलाई त्यो अधिकार दिने ?

यस्तो गल्तीलाई जतिसक्दो चाँडो सच्याउनुपर्छ । प्रधानमन्त्रीको छनोट बहुमतकै आधारमा हुन्छ । सके सबैलाई समझदारीमा ल्याउने, नसके बहुमतको सम्मान गर्ने लोकतान्त्रिक आचरण प्रदर्शन गर्ने । त्यसैले यो वाक्यलाई यसरी लेखिनुपर्छ- 'सम्भव भएसम्म राजनीतिक सहमतिका आधारमा, त्यसो गर्न सम्भव नभएमा बहुमतका आधारमा प्रधानमन्त्रीको चयन गरिनेछ । प्रधानमन्त्री संसद्मा रहेका सबै दलहरूप्रति समान रूपमा उत्तरदायी रहनेछन् ।'

कार्यपालिकाको सबै ठाउँमा व्यवस्थापिका-संसद् भन्ने शब्द प्रयोग गरिएको छ । यसलाई पनि सच्याउनुपर्छ । व्यवस्थापिका र संसद्ले वर्तमानमा एउटा संस्थालाई जनाउँछ । त्यसैले व्यवस्थापिका भन्दा संसद भनिरहनु पर्दैन ।

कार्यपालिकाको दफा ४० ले प्रधानमन्त्रीलाई असीमित अधिकार दिएको छ । संविधानको व्यवस्थालाई तिरस्कारसमेत गर्न सक्ने अधिकार दिएको छ । यस्तो काम सबै हिसाबले गलत हुन्छ । त्यसैले दफा ४० लाई खारेज गरिनुपर्छ ।

**स्थानीय स्वायत्त शासन**

दफा १३९, स्थानीय स्वायत्त शासनसम्बन्धी व्यवस्था गर्ने व्यवस्था हो । त्यसमा जनआन्दोलनप्रति सकारात्मक राजनीतिक शक्तिहरूलाई अधिकारबाट वञ्चित तुल्याइएको छ । यस्तो गर्नु गलत हुन्छ । हिजो स्थानीय निकायमा निर्वाचित भएका र अहिले पनि जनआन्दोलनको आदेशलाई स्वीकार गरेर राजनीतिक गतिविधि सञ्चालन गरिरहेका सबै राजनीतिक पार्टीहरूलाई यथायोग्य स्थान छुट्याउनुपर्छ । त्यसले लोकतन्त्र पक्षधर शक्ति विस्तार गर्ने काममा सघाउ पुऱ्याउँदछ ।

**राष्ट्रिय सुरक्षा परिषद**

दफा १४५ मा राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था गरिएको छ । तर, त्यसमा व्यक्तिको योग्यताको कुनै चर्चा गरिएको छैन । प्रधानमन्त्रीलाई सर्वेसर्वा बनाइएको उक्त दफालाई यसरी पुनःलेखन गर्नुपर्छ- राष्ट्रिय सुरक्षा परिषद्मा प्रधानमन्त्री, रक्षामन्त्री, गृहमन्त्री र सुरक्षा क्षेत्रमा विशेष दक्षता हासिल गरेका तीन जना सुरक्षाविद्लाई राखिनेछ ।'

**संवैधानिक परिषद**

अन्तरिम संविधानले सबैभन्दा दुर्गती दफा १४९ मा उल्लेख भएको संवैधानिक परिषद्कै गरेको छ । संवैधानिक परिषद्लाई प्रधानमन्त्रीको पिछलग्गू बनाउने गरी बनोट गरिएको छ । त्यसमा प्रधानमन्त्री, प्रधानन्यायधीश र संसद्का सभामुख रहने कुरा ठीकै छ । तर, संवैधानिक परिषद्मा प्रधानमन्त्रीले तोकेका तीन जना मन्त्री राखिनुपर्ने औचित्य कसैगरी पनि पुष्टि गर्न सकिँदैन । यसरी संवैधानिक परिषद् गठन गर्नुको औचित्य पनि हुँदैन । तसर्थ, प्रधानमन्त्रीले रोजेका तीन जना मन्त्रीको स्थानमा संसद्मा उपस्थित दलका नेताहरू राख्ने गरी संवैधानिक परिषद्को व्यवस्था गर्न सकिन्छ ।

# हुमागाईंलाई जनसंस्कृति पुरस्कार

काठमाडौं । प्रगतिवादी साहित्यकार जनकप्रसाद हुमागाईंलाई 'जनसंस्कृति पुरस्कार-०६३' बाट सम्मान गरिएको छ । राष्ट्रिय जनसांस्कृतिक मञ्चद्वारा स्थापित सो पुरस्कार मञ्चको बीसौं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले प्रदान गर्नुभएको थियो ।

सो कार्यक्रममा नेकपा (एमाले) का केन्द्रीय सदस्य रघु पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवाली, साहित्यकारहरू केवलपुरे किसान, जेबी टुहुरेलगायतले बोल्नुभएको थियो । मञ्चका अध्यक्ष विजय सुब्बाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा रानजीतिक दलका नेता र साहित्यकारहरूको उपस्थिति रहेको थियो । क्यान्सर रोगबाट पीडित हुमागाईं अहिले थापाथलीस्थित नर्भिक अस्पतालमा हुनुहुन्छ । हरेक वर्ष प्रदान गरिँदै आएको सो पुरस्कारको राशि १० हजार रुपियाँ र ताम्रपत्र रहेको छ । सो पुरस्कार यसअघि हरिकृष्ण दर्शनधारी, श्याम तमोट र रामेशलाई प्रदान गरिएको थियो ।

# अन्तरिम संविधान र सूचनाको हक

**' टीकाराम भट्टराई**

**अन्तरिम संविधान**

आठ दलका शीर्ष नेताहरूद्वारा गत पुस १ गते हस्ताक्षर गरी मङ्सिर २९ गतेको मिति राखिएको प्रस्तावित अन्तरिम संविधानबारे अहिले देशव्यापी बहस प्रारम्भ भएको छ । देशको मूल कानुन भएको र अभूतपूर्व जनआन्दोलनको उपलब्धिस्वरूप निर्माण भएको कारणले मात्र होइन, नेपालको संवैधानिक कानुनको इतिहासमै जनताले आफ्ना लागि आफैं निर्माण गरेर आफैं जारी गर्न लागेको दस्तावेज भएका कारणले समेत प्रस्तावित अन्तरिम संविधानबारे बहस हुनु नितान्त स्वाभाविक हो । जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्नका लागि संविधानसभाको निर्वाचन गरिने र त्यो अवधिसम्मको सङ्क्रमणकाललाई शासन गर्ने भएकाले समेत यो संविधानले भावी संविधानको दिशानिर्देश गर्दछ, तसर्थ पनि यो संविधानको तर्जुमामा आमनागरिक र विविध क्षेत्र तथा वर्गहरूका बीचमा व्यापक अन्तरक्रिया हुनु जरुरी छ ।

जनताको सार्वभौम सत्ताको पूर्ण प्रत्याभूति गर्ने, निरङ्कुशताका अवशेषहरूलाई परास्त गर्ने, सामन्ती राज्यसत्ताको पूर्ण उन्मूलन गर्ने र भावी लोकतान्त्रिक राज्य व्यवस्थाको मार्गलाई सरल र सुगम बनाउने कैयौं प्रावधानसहित केही नवीनतम् अवधारणाहरूलाई समेत प्रस्तावित संविधानले आत्मसात गरेका कारणले प्रस्तावित संविधान हाल चालू रहेको नेपाल अधिराज्यको संविधान-०४७ भन्दा प्रगतिशील र लोकतान्त्रिक रहेकोमा विवाद छैन । तर, यति हुँदाहुँदै पनि प्रस्तावित संविधानमा अनेकन सारभूत र प्राविधिक त्रुटिहरू रहेका छन् । जानेर वा नजानेर निरङ्कुश र स्वेच्छाचारी प्रावधानहरू राखिएका छन् र स्वतन्त्र न्यायपालिकालाई कार्यपालिकाको प्रभावमा पार्ने र व्यवस्थापिकाले कार्यपालिकालाई नियन्त्रण गर्न नसकिने तथा मानव अधिकारको परिपालना र दण्डहीनताको अन्त्यका लागि आपत्तिजनक प्रावधानसमेत प्रस्तावित संविधानमा राखिएकाले यसलाई यथावस्थामा जारी गरिनु हुँदैन भन्ने जनमत अहिले व्यापक रूपमा उठेको छ ।

**अन्तरिम संविधान र सूचनाको हक**

विचार र अभिव्यक्ति स्वतन्त्रताकै विस्तारित रूप हो- सूचनाको हक । सूचनाको हकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताभन्दा अलग्गै हकका रूपमा मान्यता दिने प्रचलन २० औं शताब्दीको पनि अन्त्यको दशकबाट मात्र प्रारम्भ भएको देखिन्छ । त्यसकारण पछिल्लो अवधिमा बनेका संविधानहरूमा मात्र सूचनाको हकलाई छुट्टै मौलिक हकका रूपमा स्थान दिएको पाइन्छ । यसै मान्यतालाई आत्मसात गर्दै, दक्षिण अफ्रिका, बुल्गेरिया, हङ्गेरी, बोलिभिया, पूर्वीटिमोर, रुस र नेपाल अधिराज्यको हाल चालू संविधानमा सूचनाको हकलाई विचार अभिव्यक्ति स्वतन्त्रताभन्दा भिन्न मौलिक हकका रूपमा संविधानमा राखिएको हो । किनभने ती सबै संविधानहरू सन् १९९० को दशकमा बनेका थिए । संसारको सबभन्दा पुरानो लिखित संविधान अमेरिकी संविधान र त्यसपछिका अन्य पुराना संविधानहरू फ्रान्स, इटाली, जापान, कोरिया वा भारतको संविधानमा समेत सूचनाको हकलाई बेग्लै मौलिक हकका रूपमा स्वीकार गरिएको छैन । तथापि, ती देशहरूमा सूचनाको हकको अधिकतम् उपयोग गरिएको पाइन्छ । *तर, नेपाल अधिराज्यको संविधान-०४७ को धारा १६ मा सूचनाको हकलाई छुट्टै मौलिक हकका रूपमा राखिए तापनि सम्भवतः यो धाराको उपयोग गर्दै विगत १६ वर्षमा एउटा पनि नागरिकले एउटा पनि सूचना पाउन सकेन ।* तसर्थ, सूचनाको हकको संवैधानिक संरक्षण मात्र भएर पनि राज्यको चरित्र उदार हुन सकेन वा न्यायपालिकाले त्यसको अधिकतम् सदुपयोग गराउन सक्रियता देखाएन भने त्यसको संवैधानिक संरक्षण पनि निष्प्रायोजित हुने रहेछ भन्ने तथ्यको पुष्टि गर्न हाम्रै १६ वर्षे इतिहास काफी छ ।

क. प्रस्तावित अन्तरिम संविधानको धारा १२ (३) को खण्ड (क) ले सूचनाको हकको मूल स्वरूप विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । त्यसै गरी धारा १५(१) ले विगतको भन्दा एक कदम प्रगतिशील व्यवस्था थप गरी विद्युतीय प्रसारण र छापा माध्यमको प्रसारण र प्रकाशनलाई समेत मौलिक हकका रूपमा राखेको छ ।

ख . प्रस्तावित अन्तरिम संविधानको धारा २७ मा *प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने वा पाउने हक हुनेछ तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचना दिन कसैलाई कर लगाएको मानिने छैन* भनी उल्लेख गरिएको छ । यो प्रस्तावित प्रावधान हाल बहाल रहेको नेपाल अधिराज्यको संविधानको धारा १६ मा पनि राखिएको छ । तर, प्रस्तावित प्रावधानमा सार्वजनिक सरोकारको शब्दका अगाडि आफ्नो भन्ने शब्द थप गरिएको छ । थप गरिएको यो शब्दले आफ्नो र सार्वजनिक सरोकारको पनि विषयमा सूचना माग्न र पाउन सक्ने व्यवस्था गरेको जस्तो देखिन्छ । तथापि, आफ्नो शब्द थप गरेको कारणले हालको धारा १६ को व्यवस्था र प्रस्तावित व्यवस्थामा सारभूत अन्तर भएको अर्थ लगाउन मिल्दैन । किनभने, सार्वजनिक सरोकार भन्ने बित्तिकै त्यसमा स्वतः आफ्नोसमेतको सरोकार निहित रहेको हुन्छ । तसर्थ, हालको धारा १६ को व्यवस्था र प्रस्तावित धारा २७ को सूचनाको हकसम्बन्धी व्यवस्थामा कुनै तात्विक भिन्नता रहेको देखिँदैन ।

ग. हाल प्रचलित संविधानको *धारा १६ मा जुन प्रकारको अनुदार व्यवस्था राखिएको थियो, त्यही अनुदार व्यवस्था प्रस्तावित अन्तरिम संविधानमा पनि राख्न खोजिएको देखिन्छ ।* हाल प्रचलित संविधानको धारा १६ र प्रस्तावित संविधानमा समेत सूचनाको हक केवल नागरिकलाई मात्र प्राप्त हुने कुरा उल्लेख गरिएको छ र व्यक्तिलाई यो हकबाट वञ्चित गरिएको छ । विधिशास्त्रीय रूपमा व्यक्ति भन्नाले प्राकृतिक व्यक्ति (मानिस) र कानुनी व्यक्ति (सङ्घ, संस्था, प्रेस) समेत पर्दछन् । प्रस्तावित व्यवस्थाले केवल प्राकृतिक व्यक्ति र त्यसमा पनि नागरिकलाई मात्र सूचना माग्ने र पाउने हक प्रदान गरेको छ । यो प्रस्तावित व्यवस्थाले प्रेस वा राजनीतिक दलहरू वा अन्य सङ्घसंस्थाले संस्थागत रूपमा सूचना माग्न र पाउन सक्ने अवस्थामा संवैधानिक गतिरोध देखिएको छ । *दलीय व्यवस्थामा दल र प्रेसको भूमिका समान मानिन्छ । फरक यति मात्र हो, दलहरू सत्तारुढ हुन सक्छन् तर प्रेस कहिल्यै सत्तारुढ हुन सक्दैन । तसर्थ, प्रेसलाई स्थायी प्रतिपक्ष भनिन्छ ।* जनआन्दोलन भाग-२ ले ल्याएको ऐतिहासिक परिवर्तनपश्चात् प्रस्ताव गरिएको अन्तरिम संविधानले राजनीतिक दल र प्रेसलाई समेत संस्थागत रूपमा सूचना दिन नमिल्ने प्रावधान राखेर जनआन्दोलनले ल्याएको परिवर्तन र *सूचनाको हकको न्यूनतम् अवधारणाकै अवमूल्यन गरेको छ ।* तसर्थ यसलाई प्रतिनिधिसभाद्वारा सच्याएर सूचनाको हक कानुनबमोजिम दर्ता भएका राजनीतिक दल र प्रेस वा व्यक्तिलाई समेत प्राप्त हुन सक्ने उदार संवैधानिक प्रावधान राखेर मात्र जारी गरिनुपर्दछ ।

**सूचनाको हकको सीमा**

अन्य मौलिक हकजस्तै सूचनाको हक पनि निरपेक्ष छैन । विश्वव्यापी रूपमै सूचनाको हकका केही सीमाहरूलाई स्वीकार गरिएको पाइन्छ । त्यसरी स्वीकार गरिएका सीमाहरूमा :

- अदालतको अपहेलना हुने विषय
- राष्ट्रिय सुरक्षालाई प्रतिकूल असर पर्ने विषय
- सार्वजनिक शान्ति र व्यवस्थामा असर पुग्ने विषय
- वैदेशिक सम्बन्ध र सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई असर पर्ने विषय
- सङ्कटकाल र युद्धसँग सम्बन्धित विषय ।

उल्लिखित विषयका सम्बन्धमा सूचना माग्न नपाइने अवधारणालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको पाइन्छ । तर, हाम्रो सम्बन्धमा भने हाल प्रचलित संविधानले पनि र प्रस्तावित संविधानले पनि केवल कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयका सम्बन्धमा सूचना माग्न नपाइने व्यवस्था मात्र गरेको छ । *तर, त्यस्ता गोप्य विषयहरू केके हुने भन्ने सम्बन्धमा कुनै मार्गनिर्देश नगरेकाले विधायिकाले भविष्यमा सूचनाको मौलिक हकलाई सङ्कुचन गर्ने गरी अधिकांश विषयलाई गोप्य विषयका रूपमा सूचीकृत गर्ने खतरा रहेकाले संविधानमा नै कानुन बनाउँदा निम्न विषयहरूलाई गोप्यताको सूचीभित्र पार्ने गरी बनाउनुपर्नेछ भन्ने प्रावधान उल्लेख गरिनु आवश्यक छ ।*

४. प्रस्तावित संविधानको धारा २८ ले व्यवस्था गरेको गोपनीयताको हक पनि सूचनाको हकसँगै जोडिएको छ । सूचनाको हकको सीमाभित्र गोपनीयताको हकलाई राखिएको हुन्छ । तसर्थ, सूचनाको हकको विषयमा कुरा गर्दा गोपनीयताको हकलाई साथै राखेर हेरिनुपर्दछ । प्रस्तावित संविधानको धारा २८ ले व्यवस्था गरेको गोपनीयताको हकले *कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार चरित्रसम्बन्धी कुराहरूलाई सूचनाको हकको पहुँच बाहिर राखी अनतिक्रम्य हुने व्यवस्था गरेको छ ।* यो व्यवस्थाले कुनै पनि सरकारी, संवैधानिक वा अन्य कानुनबमोजिमका निकायले गरेको अनुसन्धानद्वारा प्राप्त सबै प्रकारका तथ्याङ्कहरूसमेतलाई गोप्य रहन सक्ने व्यवस्था गरेको छ । गोपनीयताको हकले केवल सार्वजनिक जानकारीमा नआएको वा प्रकाशित नभएको कुनै पनि व्यक्तिको सम्पत्ति, लिखत र तथ्याङ्कको मात्र संरक्षण गर्न सक्छ तर एकपटक जानकारीमा आएको वा सार्वजनिक भएको वा प्रकाशित भएको विषयलाई सूचनाको हकको पहुँचभन्दा बाहिर रहन नसक्ने नवीनतम् अवधारणालाई प्रस्ताविवत संविधानले समेट्न सकेको छैन । *तसर्थ, गोपनीयताको हकले सूचनाको हकमा ल्याएको सङ्कुचनलाई पनि परिमार्जन गरेर सार्वजनिक रूपमा प्रकाशित भएको तथ्य र तथ्याङ्कलाई गोपनीयताको परिधिभन्दा बाहिर राखेर मात्र अन्तरिम संविधान जारी गरिनुपर्दछ ।*

५. *सूचनाको हक वा विचार र अभिव्यक्तिको स्वतन्त्रतासँगै जोडिएको सङ्घसंस्था खोल्ने स्वतन्त्रताकै विरुद्धमा हुने गरी प्रस्तावित संविधानको धारा १४२ (५) ले संविधानसभाको निर्वाचनमा भाग लिने राजनीतिक दलले कम्तीमा १० हजार मतदाताको हस्ताक्षरसहित निर्वाचन आयोगमा दल दर्ता गर्नुपर्ने र यो प्रावधान आठ दललाई लागू नहुने व्यवस्था विचार र अभिव्यक्ति स्वतन्त्रताको विरुद्धमा एवम् स्वेच्छाचारी र निरङ्कुश प्रकृतिको देखिन्छ । तसर्थ, यो व्यवस्थालाई हर हालतमा प्रस्तावित संविधानबाट हटाएर मात्र अन्तरिम संविधान जारी गरिनुपर्दछ ।*

# भोजपुरमा अधिवेशन

भोजपुर । नेकपा (एमाले) भोजपुरको पाँचौं जिल्ला अधिवेशनले शेरधन राईलाई पुनः सचिव निर्वाचित गरेको छ । मङ्सिर २८ गते सो अधिवेशनको उद्घाटन पार्टी स्थायी समिति सदस्य युवराज ज्ञवालीले गर्नुभएको थियो ।

जिल्ला कमिटीका सदस्यहरूमा रामसिंह राई, रमेश शाक्य, भुलानाथ राई, गणेश श्रेष्ठ, हरिबहादुर राई, तीर्थकुमार राई, दीव्यध्वज राई, भरत तामाङ, दावा शेर्पा, प्रेमकुमार राई, हीरा प्रधान, जीवन राई, दानबहादुर राई, सुरेन्द्र उदास, शिवराज सापकोटा, व्यञ्जधन राई, मित्र अधिकारी, कृष्ण योञ्जन, शिव प्रधान, विष्णुकुमार राई, प्रेम जर्घामगर, भीमप्रसाद राई, ध्यानबहादुर रावत, बहादुर राई, दीव्यकला राई, शुभलक्ष्मी राई, इन्द्रावती राई, कमला बस्नेत, यशोदा गौतम, दुर्गा रणपहेली र गोविन्द विक निर्वाचित हुनुभएको छ । उद्घाटन समारोहमा केन्द्रीय सदस्यहरू भीम आचार्य, घनेन्द्र बस्नेत र हेमराज राईलगायतले बोल्नुभएको थियो ।

# लोकतान्त्रिक आन्दोलनमा पुनःस्थापित प्रतिनिधिसभा

## ' भरतमोहन अधिकारी

२०५९ जेठ ८ गते विघटन भएको प्रतिनिधिसभा ०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनबाट पुनःस्थापित भयो । राजा ज्ञानेन्द्रले नेपाली जनतासामु घुडा टेकेर आत्मसमर्पण गरी प्रतिनिधिसभाको पुनःस्थापना गरे । ०६३ वैशाख १५ गते शुक्रबार दिनको १ बजे पुनःस्थापित प्रतिनिधिसभाको पहिलो बैठक बस्यो । जनताको सार्वभौमिकता, सर्वोच्चता स्थापित भई प्रतिनिधिसभा पुनःस्थापना भएको हो । यो पुनःस्थापित प्रतिनिधिसभाले नेपालको संसदीय इतिहासमा छुट्टै विशेषता त राख्छ नै, साथै नेपालको समग्र प्रजातान्त्रिक जनआन्दोलनको इतिहासमा, लोकतन्त्रको इतिहासमा, १९९३ सालमा प्रजापरिषद्ले सङ्घर्ष गरेदेखिको नेपाली जनताका हक अधिकार वहालीको समग्र इतिहासमा पुनःस्थापित प्रतिनिधिसभाले आफ्नै विशिष्ट ऐतिहासिक महत्त्व राख्दछ । त्यति मात्रै होइन, विश्वको संसदीय इतिहासमा नेपालको पुनःस्थापित प्रतिनिधिसभाले छुट्टै पहिचानका साथ आफ्नै स्थान राखेको छ । जनआन्दोलनबाट पुनःस्थापित भएको छ, त्यो नै अद्वितीय छ ।

विश्वमा यसरी विघटन भएको संसद् पुनःस्थापित भएको पाइँदैन । एउटा जनप्रतिनिधि संसद् विघटन भएर जनताको सङ्घर्षबाट स्थापित भएको विश्व इतिहासमा यो पहिलो हो । बेलायतको संसदलाई 'संसद्को जननी' भनिन्छ । त्यो संसद् सन् १६४० देखि १६६० सम्म चलेको थियो । जसलाई 'लङ पालिर्यामेन्ट' भनिन्छ । त्यसबेला ब्रिटेनमा चार्ल्स प्रथम राजा थिए । उनले जनतामाथि अन्याय-अत्याचार गर्न थाले । संसद्को बैठक नै नबोलाउने, आफ्नो मनपरि शासन चलाउन थाले । राजा र संसद्बीच द्वन्द्व बढ्यो । सेना राजाको हातमा रहने कि संसद्को मातहतमा रहने भन्ने विवादको विषय बन्यो । संसद्ले राजाको निरङ्कुशताको विरोधमा जनताको हक-अधिकारका लागि कानुन बनाउन थाल्यो, राजाले मानेनन् ।

संसद्ले अब राजाको स्वीकृतिबिना पनि कानुन लागू हुन्छ भन्यो । राजा आफैँ आफ्नो सैन्यबलसहित संसद्मा गई निरङ्कुशताको विरोध गर्ने प्रमुख सांसदहरूलाई पक्रन खोजे । राजाले आफ्नो अलग्गै संसद् चलाउन खोजे । संसद् र राजाबीचको द्वन्द्व निकै चर्कियो । सङ्घर्षमा अन्ततः राजा हारे । राजाको टाउको काटियो । लङ संसद्ले राजाका धेरै अधिकार कटौती गऱ्यो । त्यो लङ संसद् झण्डै २० वर्षसम्म कायम नै रह्यो । लङ संसद्को सङ्घर्षबाट बेलायतमा जनताको सार्वभौमिकता, संसद्को सार्वभौमसत्ता स्थापित भएको छ । बेलायतको 'लङ पार्लियामेन्ट' र नेपालको पुनःस्थापित प्रतिनिधिसभाको बीचमा के समानता छ भने दुवैले राजाका अधिकारहरू खोसेका छन् । जनतालाई वास्तविक सार्वभौम बनाएका छन् । संसद्ले जनताको अधिकार स्थापित गर्न निरङ्कुश राजतन्त्रको खिलापमा सङ्घर्ष गरेका गाथाहरू विश्व इतिहासमा पाइन्छन् ।

झट्ट हेर्दा ०५६ सालको निर्वाचनबाट गठन भएको तेस्रो प्रतिनिधिसभा संविधानको प्रावधानबमोजिम निर्वाचित प्रधानमन्त्रीको सिफारिसमा विघटन भएको देखिन्छ । संवैधानिक भाषामा भन्ने हो भने यो विघटनलाई असंवैधानिक भन्न मिल्दैन । तर, गहिराइमा हेर्दा यथार्थ कुरा भने भिन्नै छ । कहालीलाग्दो दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भएपछि राजगद्दी उत्तराधिकारी ऐनमा कुनै रोलक्रम नभएका ज्ञानेन्द्र अपुताली परी नयाँ राजा बने । राजा बनेपछि उनमा महत्त्वाकाङ्क्षा जाग्यो । बाबु महेन्द्रजस्तो हुन खोजे । देशमा आफ्नो हुकुमी शासन चलाउन उनले षड्यन्त्रका तानाबाना बुन्न थाले । उनको चाल २०४६ सालको जनआन्दोलनमा जनताले सङ्घर्ष गरी प्राप्त गरेका जनअधिकार खोस्ने र आफ्ना बाबु महेन्द्रको निरङ्कुश पञ्चायती व्यवस्थालाई, नयाँ संस्करणको पञ्चायत व्यवस्थाका रूपमा पुनःस्थापित गर्नु थियो । जनताका हक-अधिकार खोस्दै निरङ्कुश स्वेच्छाचारी शासन चलाउने थियो । षड्यन्त्रका तिनै तानाबाना बुन्ने क्रममा उनले प्रतिनिधिसभाको विघटनलाई आफ्नो षड्यन्त्रको प्रस्थानविन्दु बनाएका हुन् । त्यसबेला नेपाली काङ्ग्रेसभित्र आन्तरिक द्वन्द्वले चरम रूप लिएको थियो ।

०५६ सालको आमनिर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरेको थियो। हाम्रो पार्टी नेकपा (एमाले) प्रमुख विपक्षी दल भएको थियो। नेपाली काङ्ग्रेसको बहुमतको प्रधानमन्त्रीका रूपमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने। नेपाली काङ्ग्रेसभित्रको गिरिजा गुटले कृष्णप्रसाद भट्टराईलाई एक वर्षभरि पनि सत्तामा टिक्न दिएन। प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई राजीनामा गर्न बाध्य भए। त्यसपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने। उनी प्रधानमन्त्री भएपछि जुन प्रकारले उनको गुटले कृष्णप्रसाद भट्टराईलाई हटाउने हत्कण्डा सुरु गरेको थियो, त्यस्तै हत्कण्डा उनको विरोधी गुटले पनि सुरु गऱ्यो। गिरिजाप्रसादले पनि राजीनामा गरे। त्यसपछि नेपाली काङ्ग्रेसको संसदीय दलको नेताका लागि निर्वाचन भयो। त्यस निर्वाचनमा सुशील कोइरालालाई पराजित गरी शेरबहादुर देउवा संसदीय दलको नेता भए, प्रधानमन्त्री बने। शेरबहादुर प्रधानमन्त्री भएपछि काङ्ग्रेसभित्रको बिग्रह झन् बढ्दै गयो। त्यसै बिग्रहको परिणाम मुलुकमा सङ्कटकालको अवधि लम्ब्याउने कि नलम्ब्याउने भन्ने विषमा पार्टीमा विवाद उठेपछि शेरबहादुर देउवाले रातको समयमा कसैलाई थाहा नदिई प्रतिनिधिसभा विघटन गर्ने सिफारिस राजाकहाँ पेस गरे। यस्तो सिफारिस गर्ने कुरा न मन्त्रिपरिषद्का सदस्यसँग सल्लाह गरिएको थियो, न उनकै पार्टी नेपाली काङ्ग्रेसलाई थाहा थियो, न संसद्लाई थाहा थियो, न कुनै राजनीतिक पार्टीसँग सल्लाह गरिएको थियो, रातको १० बजे राजाकहाँ गएर प्रतिनिधिसभा विघटनको सिफारिस गरे। राजा रेडियो-टेलिभिजनका मानिस बोलाएर शेरबहादुरले कतिबेला सिफारिस लिई आउँछ र विघटन गरौँला भनेर कुरेर बसेका थिए। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनको सिफारिस गरेको एक घण्टा पनि बित्न पाएको थिएन, ज्ञानेन्द्रले ११ बजे राती प्रतिनिधिसभा विघटनको घोषणा गरे। यो घटनाक्रमले नै प्रतिनिधिसभा विघटन गर्ने योजनामा राजा ज्ञानेन्द्र संलग्न थिए भन्ने कुरालाई छर्लङ्ग पार्दछ। यसरी सुनियोजित षड्यन्त्रबाट प्रतिनिधिसभाको विघटन भएको थियो। संवैधानिक रूपमा सबै प्रक्रिया पूरा गरी विघटन भएको भए पनि भित्री रूपमा प्रतिगमन ल्याउने उद्देश्यले प्रतिनिधिसभा विघटन गरिएको थियो। ज्ञानेन्द्रको ०५९ असोज १८ को घोषणाले त्यही कुरा पुष्टि गऱ्यो। यो नै राजनीतिक यथार्थता हो।

राजाले ०४७ सालको संविधानको ठाडो उल्लङ्घन गरेर आफ्नो निरङ्कुश शासन सुरु गरेपछि नेपाली जनता राजा ज्ञानेन्द्रको प्रतिगमनका विरुद्ध सडक सङ्घर्षमा ओर्ले। राजनीतिक पार्टीहरू कहिले चार पार्टी, पाँच पार्टी, छ पार्टी आखिरमा सात पार्टीको मोर्चा निर्माण गर्दै राजाको हुकुमी शासनको विरोधमा आन्दोलनमा उत्रे। ०६१ माघ १९ पछि प्रतिगमनलाई पराकाष्ठामा पुऱ्याइयो। प्रतिगमनको वास्तविक रूप प्रस्ट देखियो। अब राजा निरङ्कुश, स्वेच्छाचारी र हुकुमी शासकका रूपमा आए। प्रधानमन्त्री र मन्त्रीहरूलाई बर्खास्त गरी थुनामा राखे। राजनीतिक दलका नेता-कार्यकर्ताहरूलाई थुन्ने काम गरे। मुलुकभर सङ्कटकालको घोषणा गरे। आफैँ मन्त्रिपरिषद्को अध्यक्ष बने। मौलिक अधिकार निलम्बन गरे। प्रेसमाथि हस्तक्षेप गरी कडा सेन्सरसिप लगाए। राजा ज्ञानेन्द्र आफ्ना बाबुको ठाउँमा पुगे भन्ने सबैले प्रस्ट बुझे। मुलुकमा राजा ज्ञानेन्द्रको स्वेच्छाचारी निरङ्कुश शासनको विरोधमा बेगका साथ देशभर जनआन्दोलन उठ्न थाल्यो। सात राजनीतिक पार्टीहरूले निरङ्कुश राजतन्त्रको अन्त्य गरी देशमा समावेशी लोकतन्त्र स्थापना गर्न, राज्यको पुनःसंरचना गरी नयाँ नेपाल बनाउनका लागि प्रस्थानविन्दुका रूपमा प्रतिनिधिसभाको पुनःस्थापनालाई प्रमुख मुद्दा बनाए। पुनःस्थापित प्रतिनिधिसभाप्रति उत्तरदायी सर्वदलीय सरकार बनाउने, त्यस सरकारले माओवादीसँग वार्ता गर्ने र माओवादीसहितको अन्तरिम सरकार गठन गरी नेपाली जनताले आफ्ना निम्ति आफैँ संविधान बनाउन संविधानसभाको चुनाव गर्ने राष्ट्रिय सङ्कल्प भयो। सात पार्टीको वैशाख १५ गतेको ऐतिहासिक घोषणाले निरङ्कुशताको विरोधमा सारा राष्ट्रलाई आन्दोलित गऱ्यो। सत्ताबाट मात लागेका राजा ज्ञानेन्द्र विवेकशून्य भएका थिए। बन्दुक र गोलीबाट जनतालाई दबाउन सकिन्छ भन्ने अहम् लिई राजा अझै क्रुर बने। शान्तिपूर्ण आन्दोलनमाथि निर्ममतापूर्वक दमन गरियो। दर्जनौँले शहादत प्राप्त गरे। हजारौँ घाइते भए, दशौँ हजार गिरफ्तार भए। यसले त झन् आन्दोलनमा आगोमा घ्यू थपेजस्तो भयो। लाखौँलाख जनता राजतन्त्र अन्त्यको माग गर्दै सडकमा उत्रे। त्यसै आन्दोलनको परिणामस्वरूप प्रतिनिधिसभा पुनःस्थापना भएको हो। यो पुनःस्थापित प्रतिनिधिसभा जनआन्दोलनको निर्देशन बोकेर आएको छ। राजाको षड्यन्त्रको सिकारबाट विघटन भएको, जनताको सङ्घर्ष र कैयौँ सहिदको बलिदानबाट पुनःस्थापित भई निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने, देशको सार्वभौमसत्तामा नेपाली जनताको हक स्थापित गर्ने र राष्ट्रलाई संविधानसभामा पुऱ्याउने बाटो सुगम गर्ने जिम्मेवारी लिएर आएको छ। यस अर्थमा पुनःस्थापित प्रतिनिधिसभाको ऐतिहासिक महत्त्व छ।

निरङ्कुशताको अन्त्य र नयाँ नेपाल निर्माण गर्ने बाटो सुगम गर्ने आफ्नो जिम्मेवारी अनुरूप पुनःस्थापित प्रतिनिधिसभाले आफ्नो स्थापनालगत्तै सात पार्टीले जनआन्दोलनमा प्रस्तुत गरेको मार्गचित्र र सात दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीसमेतका आधारमा जनआन्दोलनमा स्थापित राज्य शक्तिको स्रोत जनता भएको र राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको यथार्थतालाई संस्थागत गर्न संविधानसभाको निर्वाचनमा जाने संकल्प गऱ्यो र त्यसका निम्ति नेकपा (माओवादी) सँग अविलम्ब वार्ता गर्ने, युद्धविरामको घोषणा गर्ने, भय, त्रास र हिंसामुक्त वातावरण सुनिश्चित गर्दै प्रतिबद्धता व्यक्त गर्ने सार्वजनिक महत्त्वको प्रस्ताव वैशाख १७ गते प्रतिनिधिसभाले पारित गऱ्यो। सात पार्टीहरूको मार्गचित्रमा अघि बढ्न, सात दल-माओवादीबीच विभिन्न चरणमा भएका समझदारी पूरा गर्ने र संविधानसभाको निर्वाचनमा जाने घोषणा भयो।

०६३ जेठ ४ गते पुनःस्थापित प्रतिनिधिसभाको १२ औँ बैठकले ऐतिहासिक घोषणा गऱ्यो, जुन जेठ ४ को घोषणाको नामले नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ । प्रतिनिधिसभाको यस घोषणाले ००७ सालदेखिको राजनीतिक स्वरूपमा नै परिवर्तन गरिदियो । संविधानसभाद्वारा नयाँ संविधान निर्माण गरी राज्यको पुनःसंरचना गरी नयाँ राज्यव्यवस्था कायम गर्ने, शान्ति र लोकतन्त्रलाई सुदृढ गरी नयाँ नेपाल बनाउने राष्ट्रिय अठोटलाई आफ्नो मञ्चबाट पुनः उद्घोष गऱ्यो । नयाँ बन्ने संविधानद्वारा व्यवस्था नभएसम्मका लागि व्यवस्थापिका, कार्यकारिणीलगायतका विषयहरूमा महत्त्वपूर्ण निर्णय गऱ्यो । नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभामा राखी कानुन बनाउनेलगायत सम्पूर्ण व्यवस्थापकीय अधिकारमा राजालाई कहीँ राखिएन, कुनै भूमिका दिइएन । कानुनको प्रमाणीकरण गर्ने अधिकारसमेत राजाबाट खोसी सभामुखमा राखिएको छ । प्रधानमन्त्रीले प्रतिनिधिसभाको अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन हुने व्यवस्था भयो । नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा ल्याइयो । राजाका अधिकारहरू सबै खोसियो । सम्पूर्ण कार्यकारी अधिकार पाएको मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहने घोषणा भयो । श्री ५ को सरकारको नाम फेरि नेपाल सरकार राखियो । शाही सेनाको नाम परिवर्तन गरी नेपाली सेना बनाई सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ भनियो । सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् रहने भयो । सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गरी सेनाको परमाधिपति राजा हुने व्यवस्था खारेज गरियो । राजा-युवराजको सैनिक पोसाक खोसियो । सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिबाट अनुमोदन हुनुपर्ने व्यवस्था भयो । जनआन्दोलनको विरोधमा उत्रने, जनअधिकार लुट्न राजाको मतियार बन्ने र जनताका विरुद्ध षड्यन्त्र गर्दै आएको राजपरिषद् खारेज गरियो । राजाको खर्च र सुविधासम्बन्धी निर्णय प्रतिनिधिसभाले गर्ने राजाको निजी सम्पत्ति तथा आयमाथि कानुनबमोजिम कर लाग्ने भयो । राजाले गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन पाइने भयो । अब कानुनको उल्लङ्घन गर्दा राजालाई मुद्दा लाग्ने भयो । राजप्रासाद सेवा खारेज गरियो र यसलाई निजामती सेवामा गाभियो । राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गर्ने भयो । मुलुकमा रहेको नागरिकता समस्या शीघ्र समाधान गरिने प्रतिबद्धता व्यक्त गरियो । राष्ट्रिय गान परिवर्तन गर्ने निर्णय गरियो । नेपाललाई धर्म निरपेक्ष राज्यका रूपमा घोषणा गरियो । जेठ ४ गतेको प्रतिनिधिसभाको घोषणाले जनताका अधिकार खोसी निरङ्कुश शासन चलाउने राजाका सबै अधिकारहरू खोस्यो । राजा नारायणहिटीमा अधिकारविहीन अवस्थामा थन्किए । नेपालको इतिहासमा पहिलोपटक राज्य सञ्चालनमा राजा कहीँ भएनन् । राजाको भूमिकाबिना पनि देश सञ्चालन हुन थाल्यो । नारायणहिटीमा राजा छन् भन्ने मात्र रह्यो । राजा अधिकारविहिन भई जनताको कठघरामा आफ्नाबारे संविधानसभाद्वारा जनताले गर्ने फैसला पर्खेर बसेका छन् । यसरी पुनःस्थापित प्रतिनिधिसभाले सम्पूर्ण अधिकार प्रतिनिधिसभा, मन्त्रिपरिषद् र अन्ततः जनतामा ल्याएको छ । यसले नेपालमा नयाँ राजनीतिक अवस्थाको सिर्जना गरेको छ ।

यो प्रतिनिधिसभा घोषणाको पनि आफ्नै कथा रहेको छ । यो घोषणा एक्कासि आएको होइन । प्रतिनिधिसभाको पुनःस्थापनापछि संसद्मा भएका पार्टीहरू खासगरी नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) लगायत सात पार्टीका साथीहरू द्विपक्षीय, त्रिपक्षीय, चारपक्षीय हुँदै अन्त्यमा सबै पक्षबीच कुरा भई छलफल-बहसबाट यसको निर्माण भएको हो । जेठ ४ गतेको अवधारणा तयार गर्न संविधानविद्, कानुनविद् र नागरिक समाजका व्यक्तिहरूको पनि योगदान छ । नेपाली काङ्ग्रेस त वैशाख ११ को घोषणामा प्रतिनिधिसभाको पुनःस्थापना भएको र गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा सर्वदलीय सरकार बनेपछि संविधानमा संशोधन गरेर अघि बढ्न चाहेको प्रतीत हुन्थ्यो । राजनीतिक गतिविधि र काङ्ग्रेसले सार्वजनिक गरेका अभिव्यक्तिबाट यो कुरा बुझ्न सकिन्छ, नेपाली काङ्ग्रेस जेठ ४ को घोषणाको पक्षमा थिएन । विगतको संसदीय व्यवस्थामा संविधान संशोधन प्रस्तावको कुरा उठ्दा नेपाली काङ्ग्रेसले ठाडै विरोध गर्थ्यो । त्यसबेला नेपाली काङ्ग्रेसका नेताहरू खुला रूपमा संविधान संशोधनको कुरा किन गर्ने, अहिले संविधान संशोधन त के कुरा यसमा कमा र पूर्णविराम पनि फेर्नुपर्दैन भन्थे । नेपाली काङ्ग्रेसलाई नजिकबाट अवलोकन गर्नेले देख्न सक्छ, आन्दोलनपछि नेपाली काङ्ग्रेस यथास्थितिवादी भएको छ । कहिले ०४७ को संविधान संशोधन गरे पुग्छ, कहिले अन्तरिम संविधान चाहिँदैन भन्छ, कहिले राजालाई 'स्पेस' दिनुपर्छ, कहिले 'सेरेमोनियल किङ' भन्छ । यी अभिव्यक्तिहरूले नै काङ्ग्रेसको मनस्थितिलाई बताउँछ । ऊ अघि बढ्न चाहँदैन, यथास्थितिमा रहन चाहन्छ । तर, जनआन्दोलनले नेपाली जनताको चेतनास्तर निकै माथि पुगेको छ र यसले सबै राजनीतिक पार्टीहरूलाई सही बाटोमा हिँडाउन दबाब दिइरहेको छ । यही जनआन्दोलनको दबाबले नेपाली काङ्ग्रेस अघि बढ्न बाध्य पारिरहेको छ । यही कुरा जेठ ४ को घोषणामा पनि भएको हो । यो घोषणा जेठ १ गते नै हुने कुरा थियो । नेपाली काङ्ग्रेसले गर्दा यो केही दिन पछि सरेर जेठ ४ को घोषणा भएको हो ।

०६३ वैशाख १५ गतेदेखि सुरु भएको पुनःस्थापित प्रतिनिधिसभाले ०६३ पुस २३ सम्म २ सय ५६ दिन पूरा गरिसकेको छ । वैशाख १५ देखि सुरु भई जारी रहेको प्रतिनिधिसभाको बैठक सङ्ख्या एक सय पुगेका छन् । उक्त बैठकहरूमा संविधानसभा निर्वाचनको घोषणा, प्रतिनिधिसभाको घोषणालगायत चारवटा सङ्कल्प प्रस्ताव, १८ वटा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, ३७ वाट विधेयकहरू, चारवटा विभिन्न समिति गठन गरियोस् भन्ने प्रस्ताव एक स्थथगन प्रस्ताव, एक

सभामुखको निर्वाचन प्रस्तावजस्ता २८ वटा महत्त्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिबाट पारित भएका छन् । मुलुक गणतन्त्रमय भएको छ । राजाबिनाको लोकतन्त्र राख्नुपर्छ भन्ने जनताको माग प्रतिनिधिसभाको परिसरमा पूरा भएको देखिन्छ । पुनःस्थापित प्रतिनिधिसभाले आफ्नो नयाँ नियमावली तर्जुमा गरेको छ । यस नियमावलीमा राजाको कुनै भूमिका राखिएको छैन । संवैधानिक पदमा नियुक्त हुने र विदेशमा पठाइने राजदूतहरूको नियुक्तिमा संसदीय सुनुवाइको व्यवस्था गरिएको छ । सांसदहरूले लगाउने लोगो नयाँ बनेको छ । सांसदहरूको लोगोबाट श्रीपेच हटाइएको छ । नेपाल र नेपाली जनताको एकता देखाउने नयाँ लोगो बनेको छ । प्रतिनिधिसभा कक्षमा रहेको राजाको सिंहासन हटाइएको छ । राजदण्ड पनि हटाइएको छ । राजा, रानीका तस्वीरहरू निकालिएका छन् । राजा, राजतन्त्र झल्काउने कुनै कुरा अब प्रतिनिधिसभाको परिसरमा देख्न पाइँदैन ।

**प्रतिनिधिसभाले पारित गरेका महत्त्वपूर्ण प्रस्तावहरू**

क. प्रजातन्त्र पुनःस्थापनाका लागि सात राजनीतिक दलहरूबाट सञ्चालित जनआन्दोलनमा राजा ज्ञानेन्द्रको सरकारको हिंसा, आतङ्क र दमनबाट हजारौँको सङ्ख्यामा सर्वसाधारण नागरिकहरू, राजनीतिक दलका नेता-कार्यकर्ताहरू घाइते भए । दुई दर्जनभन्दा बढी सहिद भए । जनआन्दोलनका क्रममा सहिद हुने नेपाली आमाका सपुतहरूका आश्रित परिवारहरू र घाइते, अपाङ्गहरूको उपचार र राहतको व्यवस्थाका लागि नेपाल सरकारले सहयोग गरोस् भनी सार्वजनिक महत्त्वको प्रस्ताव पारित गऱ्यो ।

ख. ०६२ वैशाख २५ गते घोषणा भएको सात पार्टीको साझा सहमति र प्रतिबद्धताको घोषणालगायत त्यसपछि भएका विभिन्न निर्णयहरू, सात पार्टी र नेकपा (माओवादी) बीच भएका समझदारी र निरङ्कुश शाही सत्ताविरुद्धको जनआन्दोलनमा अभिव्यक्त जनभावनालाई पूरा गर्न राज्यको पुनःसंरचना गरी समावेशी लोकतन्त्र र दिगो शान्ति स्थापना गरी मुलुकलाई अग्रगमनतर्फ लैजाने प्रतिबद्धतालाई इमानदारीपूर्वक कार्यान्वयन गर्न जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित भयो ।

ग. राजा ज्ञानेन्द्रले संविधानमाथि कुल्चदै आफैँ मन्त्रिपरिषद्को अध्यक्ष बनेर कहीँ नभएको जात्रा हाडी गाउँमा भनेजस्तो दुईवटा उपाध्यक्ष नियुक्त गरे । क्षेत्रीय प्रशासक, अञ्चल प्रशासक नियुक्त गरे । राष्ट्रिय ढुकुटीमा ब्रह्मलुट मच्चाएका थिए । शान्तिपूर्ण जनआन्दोलनका क्रममा निरङ्कुश शाही सत्ताद्वारा आन्दोलनकारी एवम् सर्वसाधारणमाथि भएको ज्यादती, मानव अधिकारको उल्लङ्घन एवम् हत्या-यातनालगायत क्रूर दमनका घटनाहरूमाथि छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गरी दोषीमाथि कारबाही गर्न प्रतिनिधिसभाले सरकारलाई निर्देश गऱ्यो । सरकारले रायमाझी आयोग गठन गऱ्यो । त्यस आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाइसकेको छ । तर, प्रतिवेदन सरकारले अहिलेसम्म सार्वजनिक गरेको छैन । रायमाझी आयोगको प्रतिवेदनलाई तुरुन्त सार्वजनिक गरियोस् र दोषीमाथि कारबाही गरियोस् भनी प्रतिनिधिसभामा बारम्बार आवाज उठिरहेको छ ।

घ. जन्म, वंश, जातजाति, धर्म, कामका आधारमा कुनै पनि रूपमा कुनै पनि किसिमका छुवाछूत र भेदभाव, बन्देज, निषेध तथा बहिष्कार गर्न नपाइने भनी छुवाछूत र भेदभावमुक्त राष्ट्र नेपाल घोषणा गरियोस् भन्ने सार्वजनिक महत्त्वको प्रस्ताव पारित भयो ।

ङ. आमाका नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने, राज्यका सबै संरचनामा एकतिहाइ महिला सहभागिताको ग्यारेन्टी गर्ने सार्वजनिक महत्त्वको प्रस्ताव प्रतिनिधिसभाबाट पारित भयो । यो प्रस्तावबाट महिला मुक्ति आन्दोलनको ठूलो जित भएको छ । यसले देशभरि नयाँ जागरण ल्याएको छ । महिलाहरूको हौसला बढाएको छ । राज्यका सबै अङ्गमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्छ भन्ने राष्ट्रिय सङ्कल्प नै बनाएको छ । यही प्रस्तावका कारण अन्तरिम संविधानले अब संविधानसभाको चार सय नौ सिटमा एकतिहाइ महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ ।

**प्रतिनिधिसभाले पारित गरेका केही महत्त्वपूर्ण सङ्कल्पहरू**

क. मुलुकमा दण्डहीनताको अन्त्य होस् । अपराधी र दोषीले कहीँकतै उन्मुक्ति पाउन नसकोस्, न्याय प्राप्तिको प्रक्रियामा अन्तर्राष्ट्रिय पहुँच प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई नेपाल सरकारले अनुमोदन गरोस् भन्ने निर्देशन दिने सङ्कल्प प्रस्ताव पारित भयो । यस्तो कानुनको अभावमा यहाँका तानाशाह र अपराधीहरूले मुक्ति पाइरहेका थिए । सरकारले यो विधान अनुमोदन गर्ने हो भने मानवताविरोधी अपराध गर्ने कुनै पनि अपराधी संसारको कुनै कुनामा लुकेर बस्न सक्दैन । अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दायर गर्न सकिन्छ ।

ख. आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान एवम् हक-अधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ अनुमोदन गर्न सरकारलाई निर्देशनको सङ्कल्प प्रस्ताव पारित भयो । यसले मुलुकको कुल जनसङ्ख्याका करिब ४० प्रतिशतको हाराहारीमा रहेका आदिवासी जनजातिहरूका सवाललाई सम्बोधन गर्नेछ ।

ग. भ्रष्टाचारले सबै समाज र अर्थव्यवस्थामा नराम्रो प्रभाव पार्दछ । शाही शासनकालमा भ्रष्टाचार बढेको कुरा ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले सार्वजनिक गरेको थियो । भ्रटाचारविरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई

अनुमोदन गर्नेतर्फ ठोस पहल गरी सन्धिमा तोकिएका जिम्मेवारी र कर्तव्य निर्वाह गर्नका लागि अनुकूल वातावरण निर्माण गर्नुपर्ने सङ्कल्प गर्दै सन्धि अनुमोदन गर्न सरकारलाई निर्देशन दिइयो ।

घ. मुलुकमा सूर्तीजन्य पदार्थको नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठनले प्रस्ताव गरेको महासन्धि अनुमोदन गर्नैपर्छ भन्ने सङ्कल्प पारित गरी उक्त महासन्धि अनुमोदन गर्न नेपाल सरकारलाई निर्देशन दियो ।

### प्रतिनिधिसभाले पारित गरेका केही महत्त्वपूर्ण विधयेकहरू

पुन:स्थापित प्रतिनिधिसभाले हालसम्म ३७ वटा विधयेकहरू पारित गरिसकेको छ । त्यसमध्ये राष्ट्रिय महिला आयोग विधयेक, पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी विधेयक, प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण विधेयकजस्ता नयाँ विधेयकलगायत नागरिकता ऐन, शिक्षा ऐन, सैनिक ऐन आदि महत्त्वपूर्ण विधेयक रहेका छन् । नेपालको इतिहासमा पहिलोपटक जनताका प्रतिनिधिले सैनिक ऐन निर्माण गरेका छन् । ०१५ सालको निर्वाचन भई नयाँ संसद् आएपछि राजा महेन्द्रले सेनामाथि नियन्त्रण राख्न संसद्लाई छलेर शाही सैनिक ऐन बनाएका थिए । त्यसपछि सैनिक ऐन, नियम आदि निर्माणमा जनप्रतिनिधिहरूको कुनै भूमिका रहेको थिएन । सैन्य भर्ना, सरुवा, बढुवा, सेवा, सुविधा प्रदान गर्ने कार्यमा प्रजातान्त्रिक विधि स्थापित गरिने भएको छ । सैनिक अधिकृत नियुक्ति गर्न लोकसेवा आयोगको संलग्नता हुने भएको छ । हत्या र बलात्कारलाई सैनिक अपराध नमान्ने, भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको कसुरलाई अलग अनुसन्धानको व्यवस्था गरी पुनरावेदन अदालतका न्यायाधीशको अध्यक्षतामा विशेष अदालत गठन हुने व्यवस्था गरिएको छ । सैनिक विशेष अदालतले सुरु गरेका कारबाहीउपर विशेष अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । यो व्यवस्था दक्षिण एसियामा नै नयाँ छ । विश्वमा पनि यस्तो व्यवस्था विरलै छन् । सैनिकले गरेका हत्या र बलात्कारलगायतका मुद्दा गैरसैनिक अदालतमा दायर गर्न सक्ने व्यवस्था गरिएको छ । राष्ट्रिय महिला आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले आयोगको सदस्यमा जनजाति, दलित र मधेसी समुदायका एकएक जना गरी तीन जना सदस्य अनिवार्य संलग्न हुनुपर्ने व्यवस्था गरेको छ । महिलाको हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्न सरकारसमक्ष पेस गर्ने, लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन-अनुसन्धान, महिला हकहित र सरोकारको विषयमा सार्वजनिक सुनुवाइ गर्नेलगायतका काम, कर्तव्य र अधिकार राष्ट्रिय महिला आयोगलाई दिइएको छ । शिक्षा ऐनमा पहिलोपटक कर्मचारीको व्यवस्था गरिएको छ । शिक्षा आयोगले नियमित रूपमा काम नगरेकाले वर्षौंसम्म अस्थायी रूपमा शिक्षण गरिरहनुपर्ने परम्पराले अस्थायी शिक्षकको समस्या देखिएको छ । हाल रिक्त रहेका दरबन्दीहरूमा अस्थायी शिक्षकलाई परीक्षा लिई स्थायी गर्ने तथा खुला प्रतिस्पर्धा गर्न पाउने व्यवस्था कायम राखिएको छ । शिक्षा आयोगले हरेक वर्ष परीक्षा सञ्चालन गर्ने र पदपूर्ति गर्ने व्यवस्था राखिएको छ । वर्षौंदेखि थाति रहेको नागरिकता समस्या हल गर्न नागरिकता विधेयक निर्माण गरिएको छ । वास्तविक नागरिकले नागरिकताको प्रमाणपत्र पाउन र गैरनागरिकले लिन नसक्ने व्यवस्था गरिएको छ । वंशजको नाताले र जन्मसिद्ध नागरिकता लिने अलग-अलग र स्पष्ट कार्यविधि तय गरिएको छ । नागरिकता वितरण गर्दा सर्वदलीय समिति निर्माण गर्ने, सरजिमिन गरी तीन जनाको सनाखत गर्ने व्यवस्थाको साथै गलत तवरले सनाखत गर्नेलाई कडा सजाय तोकिएको छ ।

### प्रतिनिधिसभाले गठन गरेका केही समितिहरू

नेपाल सरकार र नेकपा (माओवादी) दुवै पक्षबाट भएको युद्धविरामको घोषणा, आचारसंहिता लागूलगायत वार्ता प्रक्रियाको अनुगमन गर्न देशमा निर्धारित समयमा संविधानसभाको निर्वाचन होस् भन्ने प्रतिनिधिसभाको दायित्व भएकाले सभामुखको अध्यक्षतामा संसदीय अनुगमन समिति गठन भयो । त्यस समितिले आफ्नो काम अघि बढाइरहेको छ । तेस्रो प्रतिनिधिसभाका सदस्य, हाम्रो पार्टी नेकपा (एमाले) को सिराह क्षेत्र नं. ४ बाट प्रतिनिधित्व गर्नुभएका हेमनारायण यादवलाई ०६० माघ १९ गते षड्यन्त्रपूर्ण ढङ्गले हत्या गरियो । उहाँ कर्मठ, इमानदार र लगनशील व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई षड्यन्त्रकारीहरूले हत्या गरे । त्यस हत्याको छानबिन गर्न संसदीय समिति बन्यो । उक्त समितिले दोषी किटानी गरी कारबाही गर्न सिफारिस गरी आफ्नो प्रतिवेदन बुझाइसकेको छ । सरकारले दोषीलाई कारबाही गरिरहेको छैन । त्यस्तै नगरकोट र बेलवारी हत्याकाण्ड संसदीय छानबिन समितिले आफ्नो काम गरिरहेको छ । प्रतिनिधिसभाको संसदीय सुनुवाइ समितिले आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । त्यस समितिको म पनि एक सदस्य हुँ । संवैधानिक परिषद्, न्याय परिषद्को सिफारिसमा नियुक्त हुने पद र कूटनीतिक नियोगका प्रमुखको पदमा नियुक्तिका लागि प्रस्तावित उम्मेदवार त्यसको निम्ति उपयुक्त छ कि छैन, उनीहरूको नियुक्ति सम्बन्धमा जनताको के धारणा छ भन्ने सम्बन्धमा सार्वजनिक सूचना जारी गरी जनताको अभिमत बुझ्ने र त्यस सम्बन्धमा सुनुवाइ गर्ने काम यस समितिले गरिरहेको छ । यस्तो कार्यलाई जनताले मन पराइरहेको देखिएको छ ।

सरकारले असान्दर्भिक, अनुपयुक्त एवम् जनभावनाविपरीत इन्धन तथा पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गर्‍यो । यसलाई पुन:विचार गरियोस् भनी प्रतिनिधिसभामा स्थगन प्रस्ताव सर्वसम्मतिले पारित भयो । सरकारले उक्त निर्णय तुरुन्तै फिर्ता लिएको घोषणा गर्‍यो । त्यस्तै सरकारले राजगद्दी उत्तराधिकारीसम्बन्धी ऐन प्रतिनिधिसभामा ल्यायो । तर,

यसलाई प्रतिनिधिसभामा छलफलमा ल्याउन दिएनौँ । राजतन्त्र राख्ने या नराख्ने सम्बन्धमा प्रश्न उठिरहेका बखत राजगद्दी उत्तराधिकारी ऐन निर्माण गर्नुको कुनै औचित्य हुँदैन ।

पुनःस्थापित प्रनितिधिसभाले यतिविघ्न राम्रा काम गरेको छ, आफ्नो छुट्टै इतिहास निर्माण गरेको छ। यसका जाज्वल्यमान पक्षले कमजोर पक्षहरूलाई ढाकेको छ। भविष्यमा हुने लोकतान्त्रिक आन्दोलनमा, जनताको अधिकार स्थापित गर्ने लडाइँमा यसले गरेका कामहरू जहिले पनि सम्झिरहनेछन् । जनआन्दोलनमा अभिव्यक्त भावना अनुरूप जनताका अधिकार दृढ रूपमा स्थापित गर्न संविधानसभाको यात्रामा अघि बढेको यो प्रतिनिधिसभा अन्तरिम संविधान जारी गर्ने अवस्थामा पुगेको छ । यसले लोकतान्त्रिक आन्दोलनमा आफूसँग सहभागी भएको राष्ट्रियसभाका सदस्यहरू, नेकपा ( माओवादी) का ७३ सदस्यहरू, आन्दोलनमा सहभागी विभिन्न क्षेत्रका ४८ जना विभिन्न प्रतिनिधिहरू समावेश भएको तीन सय ३० जनाको अन्तरिम व्यवस्थापिका बन्नेछ। अन्तरिम व्यवस्थापिक-संसद्ले अनुमोदन गरेपछि मुलुकमा अन्तरिम संविधान लागू हुनेछ । पुनःस्थापित प्रतिनिधिसभाले आफ्नो ऐतिहासिक जिम्मेवारी पूरा गरी नयाँ अन्तरिम व्यवस्थापिकामा रूपान्तरित हुनेछ । यो प्रतिनिधिसभाले संविधानसभाको यात्रामा दृढताका साथ जुन महत्त्वपूर्ण कदम चालेको छ, त्यही परम्परा अन्तरिम व्यवस्थापिकाले कायम राख्नेछ। यसले संविधानसभाको यात्रालाई सजिलो बनाउनेछ, समयमै संविधान सभाको निर्वाचन गराउने वातावरण निर्माण गर्नु त्यसको दायित्व हो ।

पुनःस्थापित प्रतिनिधिसभामा रहेका कमजोरी अब बन्ने अन्तरिम व्यवस्थापिकामा नदोहोरिउन् भन्ने उद्देश्यले केही पक्षहरू उल्लेख गर्दछु । सरकारले काम नदिएसम्म व्यवस्थापिकाले काम गर्न सक्दैन । यस अवधिमा सरकारले पुनःस्थापित प्रतिनिधिसभालाई जति महत्त्वपूर्ण काम दिनुपर्थ्यो, त्यो दिन सकेन । यसले गर्दा प्रतिनिधिसभाका बैठकहरूको निरन्तरता भएन । आन्दोलनबाट स्थापित भएको, मुलुक संविधानसभाको यात्रामा अघि बढ्न अठोट गरेको, जनप्रतिनिधित्व गर्ने एक मात्र संस्था पुनःस्थापित प्रतिनिधिसभामा जुन प्रकारको क्रियाशीलता हुनुपर्थ्यो, त्यो हुन सकेन । अधिकांश प्रतिनिधिसभाका बैठकहरूमा प्रधानमन्त्रीलगायतका मन्त्रीहरूको अनुपस्थिति रह्यो । प्रधानमन्त्री त स्वास्थ्यका कारण आउन सक्नुभएन भनेर मान्यौँ भने पनि मन्त्रीहरूको पनि करिब करिब पूर्णतः अनुपस्थिति रह्यो । कुनै समय त एकजना मन्त्री बैठकमा फेला पार्न डेढ-दुई घण्टासम्म सदन रोकिन्थ्यो ।

पहिलो- मन्त्रिपरिषद्का सदस्यहरू सदनमा उपस्थित नै नहुने र दोस्रो- सांसदले उठाएका कुराहरूलाई गम्भीरतापूर्वक लिने र त्यसतर्फ सोच्ने एवम् सरकारको दृष्टिकोण प्रस्तुत गर्नेतर्फ सरकार गम्भीर भएन । त्यसैगरी सांसदहरूले उठाएका कुराहरूलाई सरकारी सञ्चारमाध्यमहरूले प्रचार गरी जनतालाई जागरुक गराउन सकेनन् । पुनःस्थापित प्रतिनिधिसभा जनताको आशाको केन्द्र हो । देशभरिका समस्याहरू उजागर गर्ने र ती समस्या समाधान गर्ने थलो हो । सरकार यस कुरामा जति सचेत हुनुपर्थ्यो, त्यो नभएकाले यसको जति आकर्षण हुनुपर्ने हो, त्यो कायम रहन सकेन । आउने अन्तरिम व्यवस्थापिकाले यी कमी-कमजोरीहरूलाई सञ्चालन पद्दति र नियमहरूमा विशेष व्यवस्था गरी सुधार गर्नुपर्छ । मुलुक संविधानसभाको यात्रामा अघि बढेको यो सङ्क्रमणकालीन अवस्थामा अन्तरिम व्यवस्थापिका जनताको आशाको केन्द्र बनेको छ । यसबखत राष्ट्रका जल्दाबल्दा समस्याहरूको गहन छलफल हुने र ती समस्या समाधान हुने थलोका रूपमा लिइयोस् र जनताको आशा मात्र होइन, भरोसाको केन्द्रका रूपमा स्थापित होस् ।

# परिवर्तित परिस्थिति र पार्टी एकताको सवाल

## ' युवराज कार्की

सन् २००६ को अप्रिल क्रान्तिले मुलुकमा व्यापक परिवर्तन ल्याएको छ । परिवर्तनको यो प्रक्रिया अहिले पनि जारी छ र सामन्तवादको अवशेषका रूपमा रहेको राजतन्त्रलाई समाप्त नगरेसम्म त्यो जारी रहनेछ । शाही राजतन्त्रलाई अन्त्य गरेर मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरेपछि चालू जनक्रान्तिले एउटा चरण पूरा गर्नेछ । राजनीतिक क्रान्तिको यो चरण पूरा भएपछि बल्ल सामाजिक-आर्थिक रूपान्तरणको अर्को प्रक्रिया सुरु हुन्छ ।

मुलुकमा आएको राजनीतिक परिवर्तनसँगै यसमा अग्रणी भूमिका खेल्दै आएका वामपन्थी शक्तिहरूको बीचमा एकता हुनुपर्छ भन्ने आवाज पनि उठ्न थालेको छ । वास्तवमा अप्रिल क्रान्तिको माध्यमबाट नेपाली जनताले खोजेको शान्ति, लोकतन्त्र र अग्रगामी परिवर्तन वामपन्थी शक्तिहरूको एकताबिना सम्भव छैन । त्यसो त राजतन्त्रको अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि मुलुकका सम्पूर्ण गणतान्त्रिक शक्तिहरू नै एकजुट हुनु जरुरी छ । तर, गणतान्त्रिक शक्तिहरूको एकताको चुरो भनेको वामपन्थी शक्तिहरूबीचको एकता नै हो । तसर्थ, अहिलेसम्म विभिन्न समूहमा विभाजित भएर रहेका कम्युनिस्टहरूलाई एकताबद्ध गरी एउटा एकीकृत, सुदृढ र क्रान्तिकारी पार्टी निर्माण गर्नु आजको अनिवार्य आवश्यकता भइसकेको छ ।

यही आवश्यकतालाई दृष्टिगत गर्दै गएको मङ्सिर ७-८ गते बसेको नेकपा (एमाले) केन्द्रीय कमिटीको बाह्रौँ बैठकले विभिन्न समूहमा विभाजित भएर रहेका कम्युनिस्ट समूहहरूको बीचमा सिद्धान्तनिष्ठ एकताका लागि पहल गर्ने निर्णय गरेको छ । उक्त निर्णयबमोजिम एकताका लागि पहल गर्न बैठकले स्थायी कमिटी सदस्य वामदेव गौतमको संयोजकत्वमा तीन

सदस्यीय कार्यदल पनि गठन गरेको छ । त्यसैगरी सशस्त्र विद्रोहको राजनीति परित्याग गरी शान्तिपूर्ण राजीतिक प्रक्रियामा सामेल हुन आएको नेकपा (माओवादी) ले पनि विभाजित कम्युनिस्ट समूहहरूबीचको एकतामा जोड दिन थालेको छ । नेपाल कम्युनिस्ट पार्टी विभाजित भई निर्माण भएका सानाठूला सबै समूहहरूले आ-आफ्नै ढङ्गले पार्टी एकताको कुरा उठाउन थालेका छन् ।

वास्तवमा नेपाल कम्युनिस्ट पार्टी एउटा एकीकृत पार्टीकै रूपमा जन्मेको थियो । त्यसले एकीकृत पार्टीको हैसियतले निकै लामो कालखण्डसम्म लोकतन्त्र र सामाजिक न्यायका लागि नेपाली जनताले चलाएको सङ्घर्षमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । मुलुकको कम्युनिस्ट आन्दोलन एकताबद्ध भएर अघि बढेका बेला जनता र राष्ट्रले ठूलठूला उपलब्धिहरू हासिल गरेको र यसमा फुट एवम् विभाजन आउँदा जनता र राष्ट्रले नोक्सानी बेहोर्नुपरेको यथार्थ अनुभव हामीले सँगाल्दै आएका छौं ।

अवसरवादविरुद्ध वैचारिक सङ्घर्ष सञ्चालन गर्न र पार्टीभित्र उत्पन्न भएको अन्तरविरोधलाई सही ढङ्गले हल गर्न नसक्दा ०१८ सालपछि नेपालको कम्युनिस्ट आन्दोलन एकीकृत रूपले अघि बढ्न सकेन । नेपाल कम्युनिस्ट पार्टीमा विभाजन आयो र सानाठूला अनेक समूहहरू निर्माण हुनथाले । यसरी निर्माण भएका विभिन्न समूहहरूका बीचमा निकै लामो समयसम्म अस्वस्थ प्रतिस्पर्धा र आरोप-प्रत्यारोपको शृङ्खला चल्यो । मुलुकको लोकतान्त्रिक आन्दोलनलाई अघि बढाउन कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्नु जरुरी थियो । यही ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै नेपालको विभाजित कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट एकताबद्ध गर्ने प्रयास सुरु भयो। ०२८ सालको झापा विद्रोहपछि सुरु भएको यो अभियानले ०४६ सालको जनआन्दोलनपश्चात् नयाँ उँचाइ प्राप्त गर्‍यो । आन्दोलनका सहकर्मीमध्येको एक वाममोर्चाका दुई प्रमुख घटक तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीचको एकताले कम्युनिस्ट आन्दोलनको एकतामा गुणात्मक परिवर्तन ल्याइदियो । नेकपा (माले) र नेकपा (मार्क्सवादी) को एकताबाट नेकपा (एमाले) जन्मियो । यसरी एकताको नयाँ धाराबाट जन्मिएको नेकपा ( एमाले) अहिले पनि नेपालको कम्युनिस्ट आन्दोलनमा राजनीतिक, विचारधारात्मक र सङ्गठनात्मक सबै हिसाबले मूलधारको हैसियत राख्दछ ।

सोभियत सङ्घको विघटनपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सामु नयाँ चुनौती खडा भयो । परम्परागत ढङ्गले कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन नसकिने स्थिति देखिएपछि नयाँ उपायको खोजी गर्नु जरुरी थियो । यस्तो बेलामा नेकपा (एमाले) ले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अनुभवहरू र आफ्नै अनुभवहरूको सिंहावलोकन गर्दै कम्युनिस्ट आन्दोलनलाई नयाँ सोचका साथ अघि बढाउनुपर्ने निष्कर्ष निकाल्यो । पार्टीका तत्कालीन महासचिव मदन भण्डारीको अगुवाइमा नेकपा ( एमाले) ले निकालेको उपरोक्त निष्कर्षलाई जनताको बहुदलीय जनवादका रूपमा सूत्रबद्ध गरियो । जनतालाई केन्द्रविन्दु बनाएर अघि बढ्नुपर्ने मान्यता राख्ने उक्त विचारले आफ्नो लक्ष्य प्राप्तिका निम्ति शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धामा जोड दिएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलन नेकपा (एमाले) द्वारा अघि सारिएको जनताको बहुदलीय जनवादको मार्गदर्शनमा ठूलठूला उपलब्धिहरू हासिल गर्दै अघि बढिरहेका बेला ०५२ सालदेखि सशस्त्र विद्रोहको राजनीति लिएर नेकपा (माओवादी) अघि आयो । एक दशकको सशस्त्र विद्रोहले मुलुकमा कति ठूलो मानवीय र भौतिक क्षति पुर्‍यायो, त्यो सबैको सामु छर्लङ्ग नै छ । एक दशकको रक्तरञ्जित यात्रापछि नेकपा (माओवादी) स्वयम् अहिले विगतमा आफूले रोजेको सशस्त्र विद्रोहको बाटो गलत रहेछ भन्ने निष्कर्षमा आइपुगेको छ । यद्यपि, उसलाई यो तथ्य सोझै स्वीकार गर्न गाह्रो भइरहेको छ र ऊ अहिले पनि विगतमा आफूले लिएको सशस्त्र विद्रोहको राजनीतिक औचित्य पुष्टि गर्न कोसिस गर्दैछ । यो उसको बाध्यता पनि हो । तर, समयक्रममा उसले नेकपा (एमाले) द्वारा अघि सारिएको शान्तिपूर्ण प्रतिस्पर्धाको बाटो स्वीकार गर्नैपर्छ । त्यसको सुरुवात भई पनि सकेको छ ।

वास्तवमा हाम्रो देशको विशिष्ट राजनीतिक परिस्थितिका कारणले गर्दा नै उग्रवामपन्थी कार्यदिशा बोकेर पनि नेकपा (माओवादी) ले देशव्यापी रूपमा आफ्नो प्रभाव विस्तार गर्ने सफलता पायो । यदि हाम्रो देशमा त्रिपक्षीय द्वन्द्वको विशिष्ट स्थिति नहुँदो हो त नेकपा (माओवादी) ले कुनै पनि हालतमा यसरी आफ्नो प्रभाव विस्तार गर्नसक्ने थिएन । नेकपा (माओवादी) ले अहिले जुन राजनीतिक शक्ति आर्जन गरेको छ, त्यसलाई उग्रवामपन्थी कार्यदिशाकै आधारमा लामो समय जोगाएर राख्न सम्भव थिएन र अहिले पनि छैन । त्यसलाई जोगाउन नेकपा (माओवादी) ले आफ्नो कार्यदिशामा परिवर्तन ल्याउनु अत्यन्त जरुरी भइसकेको थियो । उग्रवामपन्थीहरूको इतिहास हेर्दा के देखिन्छ भने उनीहरू या त गलत बाटोमा हिँड्दा हिँड्दै समाप्त हुन्छन्, या रूपान्तरित भएर सही बाटोमा आउँछन् र प्रगति गर्छन् । ०२८ सालको झापा विद्रोहका सहभागीहरूले सुधार, परिमार्जन र रूपान्तरणको बाटो नपक्रिएको भए आज त्यो शक्ति नेकपा (एमाले) को हैसियतमा कहिल्यै पनि आइपुग्ने थिएन । माओवादी मित्रहरूले पनि वैचारिक रूपान्तरणको बाटो पक्रिएर ठूलो शक्तिलाई नष्ट हुनबाट जोगाएका छन् । यो दूरदर्शिताका लागि नेकपा (माओवादी) का नेताहरूलाई धन्यवाद दिनैपर्छ । तर, आगामी दिनमा नेकपा (माओवादी) ले दक्षिणपन्थी दिशा पक्रनसक्ने सम्भावनाप्रति पनि त्यत्तिकै होसियार रहनुपर्छ । किनभने, एउटा खास समयको उग्रवामपन्थी अवसरवाद अर्को समयमा गएर दक्षिणपन्थी अवसरवादमा परिणत भएका धेरै उदाहरणहरू छन् ।

अप्रिल क्रान्तिको परिणामस्वरूप अहिले हाम्रो मुलुक युगान्तकारी परिवर्तनको सँघारमा उभिएको छ । नेपाली जनताले आफ्नो आधा शताब्दीभन्दा लामो सङ्घर्षबाट इतिहासमा पहिलोपटक आफ्नो संविधान आफैंले बनाउने सार्वभौम अधिकार पाएका छन् । अहिले नेपाली जनताका सामु संविधानसभाको माध्यमबाट आफूमाथि २ सय ३७ वर्षदेखि शोषण, दमन र उत्पीडन चलाउँदै आएको सामन्ती राजतन्त्रको अन्त्य गरी मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको नयाँ युगतर्फ अघि बढाउने ऐतिहासिक अवसर उपस्थित भएको छ । जनताका सामु यस्ता अवसरहरू इतिहासको खासखास कालखण्डमा मात्र प्राप्त

हुन्छन् । जनताले यस्तो सुन्दर अवसरलाई आफ्नो हातबाट कुनै पनि हालतमा गुम्न दिनुहुँदैन । नेपाली जनता अब हुने संविधानसभाको निर्वाचनबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरी नयाँ युगको आरम्भ गर्न प्रतिबद्ध छन् ।

अहिले नेपालको कम्युनिस्ट आन्दोलनका सामु अर्को ऐतिहासिक सम्भावना उपस्थित भएको छ । त्यो हो शान्तिपूर्ण रूपले संविधानसभाको माध्यमबाट सामन्ती राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु । मुलुकका सामु उपस्थित यो ऐतिहासिक कार्यभार पूरा गर्न सबभन्दा पहिले नेपालका कम्युनिस्टहरू एकताबद्ध हुनु जरुरी छ । त्यसका लागि नेपाल कम्युनिस्ट पार्टीका विभाजित विभिन्न समूहहरूबीच एकीकरण हुनुपर्छ । तर, त्यस्तो एकीकरण त्यति सहजै पूरा हुनेवाला छैन । त्यसका लागि सबभन्दा पहिले सैद्धान्तिक, वैचारिक र व्यावहारिक आधारहरू निर्माण गर्न धेरै प्रयास गर्नुपर्छ ।

नेकपा (एमाले) र नेकपा (माओवादी) दुवै एकीकृत नेपाल कम्युनिस्ट पार्टीको विभाजनबाट निर्माण भएका दुई अलग-अलग समूह भए पनि यिनीहरूको विकासको पृष्ठभूमि नितान्त फरक छ । अहिले यी दुवै पार्टीबीच सैद्धान्तिक-वैचारिक आधार, कार्यक्रम, रणनीति, कार्यनीति, कार्यशैली, पद्धति र अन्य विविध सवालहरूमा मतभिन्नताका ठूल्ठूला खाडलहरू छन् । ती खाडलहरू पुर्नका लागि वैचारिक सङ्घर्ष र अन्तरक्रियाको एउटा लामो प्रक्रियाबाट नगुज्रीकन सहजै एकताको कुरा गर्नु कोरा कल्पना मात्र हुन जान्छ । निकै लामो समयसम्म नेकपा (माओवादी) को चिन्तन प्रणाली जडसूत्रवादबाट प्रभावित हुँदै आएको छ । उनीहरूले नेपाली समाजको क्रान्तिकारी रूपान्तरणको सवालमा अन्य मुलुकका अनुभवहरूको यान्त्रिक नक्कल गर्दै आएका छन् । उनीहरू मार्क्सवादलाई आफ्नो मुलुकको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक रूपले लागू गर्न अस्वीकार गर्दै आएका छन् र त्यसो गर्न प्रत्यन गर्नेहरूलाई उनीहरूले दक्षिणपन्थी अवसरवादको कोटीमा राख्दै आएका छन् । उनीहरूले अझै पनि सामाजिक रूपान्तरणका लागि शान्तिपूर्ण जनआन्दोलनको कार्यदिशालाई पूर्ण रूपले स्वीकार गरिसकेका छैनन् । उनीहरूले अझै पनि अन्य लोकतान्त्रिक शक्तिहरूसँगको सहकार्यलाई सहज ढङ्गले स्वीकार गरेका छैनन्। उनीहरू अझै पनि आफ्ना मान्यताहरू जबर्जस्ती अरूमाथि थोपर्न चाहन्छन् । उनीहरूले अझै पनि सात राजनीतिक दल र सरकारसँग गरिएका सहमति, समझदारी र सम्झौताहरूलाई इमानदारीपूर्वक लागू गर्ने काम गरेका छैनन् ।

यति धेरै मतभिन्नताहरू रहँदारहँदै यी दुई पार्टीका बीच तत्कालै पार्टी एकता सम्भव छैन तर भविष्यमा त्यस्तो एकता गर्ने उद्देश्य राखेर अहिलेदेखि नै एकता-सङ्घर्ष र अझ उन्नतस्तरको एकताको प्रक्रियाद्वारा अघि बढ्न भने तयार रहनुपर्छ ।

# संविधानसभाको निर्वाचन र माओवादीसँगको सम्बन्ध

## ' रघु पन्त

### वर्तमान अवस्थामा नेकपा (माओवादी)

समयले सिकाएको पाठ, आफूले खाएको राजनीतिक हण्डर र आफ्ना उग्रवामपन्थी नीतिहरूको असफलताले आक्रान्त भइरहेको नेकपा (माओवादी) लाई जनआन्दोलन-२ ले सम्मानजनक रूपले रूपान्तरित हुने मौका उपलब्ध गरायो। त्यही अवसर र सात दलको उदार व्यवहारलाई प्रयोग गर्दै नेकपा (माओवादी) हिंसात्मक र अराजक व्यवहारहरूलाई त्यागदै शान्तिपूर्ण राजनीतिको मूलधारमा यतिबेला समाहित भएको छ । सात दलको सरकार र नेकपा (माओवादी) बीच भएको पटक-पटकको सम्झौतापछि नेकपा (माओवादी) अहिले आठौँ दलका रूपमा सात दलीय गठबन्धनमा सामेल भएको छ। अन्तरिम संविधान जारी भएर अन्तरिम संसद् बनेको वर्तमान अवस्थामा नेकपा (माओवादी) पनि असंवैधानिक शक्तिबाट अब संवैधानिक शक्तिमा परिणत भएको छ ।

संवैधानिक शक्तिका रूपमा फेरिइसक्दा पनि नेकपा (माओवादी) ले आफ्नो भूमिकालाई भने राम्ररी बुझ्नसकेको छैन । नेकपा (माओवादी) अहिले पनि उद्दण्ड, अराजक, गैरराजनीतिक र गैरजिम्मेवार रूपमा ठाउँठाउँमा प्रस्तुत भइरहेको छ । नेकपा ( माओवादी) का नेता प्रचण्ड, बाबुराम भट्टराई, कृष्णबहादुर महरा र देव गुरुङलगायतका केन्द्रीय नेताहरूसमेत धम्की र घुर्कीको गैरजिम्मेवार भाषा बोलेर स्थितिलाई जटिल बनाउने काम गर्छन् बेलाबेलामा । जलविद्युत् योजनामा हस्तक्षेप, बलजफ्ती चन्दा असुली, विकास र राजमार्ग निर्माणका कामहरूमा समेत जथाभावी अवरोध खडा गर्नु नेकपा (माओवादी) का कार्यकर्ताहरूको आमगतिविधि भएको छ । सहमतिहरूमा हस्ताक्षर गर्दै जाने तर त्यसलाई व्यवहारमा भने पालना नगर्ने नेकपा (माओवादी) का नेता-कार्यकर्ताहरूको अविश्वसनीय चरित्रले गर्दा नेपाली समाजमा नेकपा (माओवादी) एउटा विश्वसनीय राजनीतिक शक्तिका रूपमा स्थापित हुनसकेको छैन । शान्ति भङ्ग गर्ने धम्की दिएर सरकारलाई अनावश्यक दबाब दिने तर आफ्नो पक्षबाट पालना गर्नुपर्ने कुनै पनि महत्त्वपूर्ण कुराहरू पालना नगर्ने माओवादीको द्वैध चरित्रले नेपाली समाज पीडित छ ।

माओवादी गतिविधि र अराजक हस्तक्षेपहरूले उद्योगहरू आक्रान्त भएका छन्, व्यापार-व्यवसायहरूमा धक्का पुगेको छ र मुलुकमा लगानीको वातावरण बिग्रेको छ । मुलुकको हर क्षेत्रमा व्याप्त अस्थिरता र अन्योललाई नेकपा (माओवादी) का नेताहरूका अस्पष्ट विचार र कार्यकर्ताहरूको उदण्ड व्यवहारले झन् बढाएको छ । जनतालाई धम्काएर र तर्साएर

बलजफ्ती चन्दा असुल्न पल्केका माओवादीहरू जनतासामु विनम्र र आत्मालोचित राजनीतिक कार्यकर्ताका रूपमा प्रस्तुत हुन सकिरहेका छैनन् । आफूलाई जनताको सेवकको सट्टा जनताको हाकिमका रूपमा ठान्ने आत्मरतिले भरिएको चिन्तनका कारणले माओवादीहरू स्वयम्ले आफूलाई रूपान्तरण गर्न सकिरहेका छैनन् ।

वर्तमान अवस्थामा नेकपा (माओवादी) स्वयम् पनि एउटा सङ्क्रमणकालीन अवस्थामा छ । फेरिएको परिस्थिति अनुसार नेकपा (माओवादी) ले आफ्नो सङ्गठनात्मक संरचनाहरूमा परिवर्तन गर्ने निर्णय त गर्‍यो तर आफ्ना विगतका नीति र व्यवहारहरूमा रहेको खोट, कमी-कमजोरीहरूलाई पर्गेल्ने र तिनबाट शिक्षा लिएर आफूलाई सुधार गर्ने ठोस प्रयास भने गरेको छैन । शान्तिपूर्ण राजनीतिको मूलधारमा प्रवेश गरेपछि अब आफूमा के, कसरी र कस्ता परिवर्तनहरू गर्ने भन्ने विषयमा नेकपा (माओवादी) को नेतृत्व अहिले अस्पष्ट र अन्योलग्रस्त देखिएको छ । शान्तिपूर्ण राजनीतिमा आइसकेपछि त्यसै अनुरूप आफूलाई रूपान्तरित गर्ने कुरामा नेकपा (माओवादी) द्विविधाग्रस्त देखिएको छ । यस्तो अवस्थाले सबैभन्दा बढी राजनीतिक नोक्सान नेकपा (माओवादी) लाई नै पुर्‍याइरहेको छ यतिबेला । तर, यस पक्षलाई नेकपा (माओवादी) ले राम्ररी देख्न सकिरहेको छैन ।

बल प्रदर्शनका आधारमा त्रस्त बनाएर गराएका निर्णय र लाभहरूले तत्काल फाइदा पुर्‍याएजस्तो देखिए पनि दीर्घकालीन रूपमा अन्ततः हानि नै पुर्‍याउँछन् । यो तथ्यलाई पनि माओवादीले बुझ्न चाहेको देखिँदैन । अहिले नेकपा ( माओवादी) हतियार पूर्ण रूपले छोडी नसकेको तर छोड्ने प्रक्रियामा रहेको र क्रमशः संसदीय प्रक्रियामा सामेल भइरहेको अवस्थामा छ । अझै पनि माओवादी नेता-कार्यकर्तामा हतियारप्रतिको मोह र शान्तिपूर्ण राजनीतिप्रतिको हिच्किचाहट एवम् आशङ्का प्रचुर मात्रामा रहेको छ । आफ्नो हतियार र सेनाको अस्तित्वलाई देखाएर मात्रात्मक रूपमा यसबीचमा माओवादी पार्टीले आर्थिक, भौतिक र तात्कालिक राजनीतिक फाइदा निकै लिए पनि त्यसलाई टिकाउने वैचारिक, सैद्धान्तिक र सङ्गठनात्मक आधार तयार गर्न सकेको छैन । अहङ्कार, उद्दण्डता, उच्छृङ्खलता र हठले गर्दा समाजका सबैजसो तहका जनतालाई माओवादीले चिढ्याएको छ ।

नेकपा (माओवादी) को आर्थिक लोलुपता र पार्टीका कार्यकर्ताहरूमा रहेको कमजोर राजनीतिक स्तरका कारणले त्यस पार्टीभित्र अनेकौं विकृति र विसङ्गति देखापरेका छन् । जसरी र जुन रूपमा पनि पार्टीका नाममा पैसा लिने प्रवृत्तिले अन्ततः पार्टीलाई नै भ्रष्टाचारमा डुबाउन सक्छ भन्ने खतराप्रति माओवादी नेतृत्व सचेत देखिएको छैन ।

अनेकौं जातीय नाममा खडा गरेका मोर्चाहरूले पनि माओवादी पार्टीभित्र विविध प्रकारका अन्तरविरोधहरू उत्पन्न गरिरहेका छन् । मार्क्सवादी चिन्तन, राजनीतिक-सैद्धान्तिक विचार एवम् वर्गीय आधारमा कार्यकर्ताहरूको निर्माण गर्नुको सट्टा जातीय नारा र आधारमा मोर्चा तथा कार्यकर्ताहरूको निर्माण गर्ने प्रक्रियाले विचार र वर्गलाई भन्दा ज्यादा जातीय कुरालाई जोड दिने प्रवृत्ति बलवान हुन्छ । यस्तो प्रवृत्तिले राजनीतिक आन्दोलनको सैद्धान्तिक-वैचारिक पक्षलाई भुत्ते बनाइदिन्छ र आन्दोलनलाई वैचारिक विचलनको दिशातर्फ पुर्‍याउन सक्छ । अहिले माओवादीमा यो खतरा देखापरेको छ ।

नेकपा (माओवादी) मा माथि रहेका कमजोरीहरूका साथै केही सकारात्मक पक्षहरू पनि रहेका छन् । ती सकारात्मक पक्षहरूको मूल पक्ष भनेको नेकपा (माओवादी) गत जनआन्दोलनमा सामेल राजनीतिक दलहरूमध्येको एउटा दल हो । नेकपा
(माओवादी) मा अनेकौं उग्रवामपन्थी भड्काउ र अराजक तथा हिंसात्मक प्रवृत्ति विद्यमान भए पनि त्यो नेपाली कम्युनिस्ट आन्दोलनभित्रको एउटा समूह हो । नेकपा (माओवादी) ले आफ्ना विचारहरूलाई कार्यान्वयन गर्ने क्रममा विभिन्न पार्टीका थुप्रै निर्दोष राजनीतिक कार्यकर्ताहरू र आमजनसमुदायको ज्यान लिएका थिए भने स्वयम् नेकपा (माओवादी) का पनि थुप्रै नेता र कार्यकर्ताहरूले पनि सङ्घर्षका क्रममा जीवन गुमाउनुपरेको थियो । नेकपा (माओवादी) भित्र देखापरेको बलिदानी भावना र स्पिरिट त्यस पार्टीको एउटा महत्त्वपूर्ण सकारात्मक पक्ष हो, जसको सन्तुलित र उचित मूल्याङ्कन गर्नुपर्दछ । नेकपा (माओवादी) ले संविधानसभा र गणतन्त्रप्रति देखाएको प्रतिबद्धताका कारणले पनि यतिबेला ऊ आन्दोलनभित्रको एउटा सहयोगी शक्ति हो ।

यी उल्लिखित सकारात्मक पक्षहरू भए पनि नेकपा (माओवादी) ले नेकपा (एमाले) प्रति लिएका नीति र व्यवहारहरूका कारणले दुई पार्टीबीचको सम्बन्ध सुमधुर हुन सकेको छैन । नेकपा (माओवादी) ले नेकपा (एमाले) लाई कमजोर नपारेसम्म आफू बलियो र प्रमुख दलका रूपमा स्थापित हुन सकिँदैन भन्ने ठानेको छ । त्यसैले उसले कम्युनिस्ट पार्टी नै भए पनि नेकपा (एमाले) माथि प्रहार तीव्र पारेको छ र नेकपा (एमाले) विरुद्ध लागेर बेलाबेलामा नेपाली काङ्ग्रेससँग नजिकिन पुग्छ ।

के गर्दा नेकपा (एमाले) लाई कमजोर बनाउन सकिन्छ, त्यही गर्दै हिँड्ने प्रवृत्ति नेकपा (माओवादी) मा रहेको छ । नेकपा (एमाले) लाई पछि पारेर एमालेको ठाउँमा आफू पुग्न पाए हुन्थ्यो भन्ने आकाङ्क्षाले नेकपा (माओवादी) ग्रस्त छ । अगाडि भेट्दा ठिक्क पार्ने तर व्यवहारमा भने कैंची मार्ने माओवादी प्रवृत्ति कम्युनिस्ट समूहहरूबीच विश्वासको वातावरण बन्न नदिने कारक तत्त्वका रूपमा देखिएको छ । नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि भएको आक्रमण र अपहरणका घटनाहरूले पनि नेकपा (एमाले) प्रति माओवादी इर्ष्यालु भएको देखाउँछ ।

नेकपा (माओवादी) को अवस्था राजनीतिक रूपले यतिबेला अत्यन्त तरल देखिन्छ। अन्योल, द्विविधा र अनिश्चितता यतिबेला माओवादी पङ्क्तिमा व्यापक रूपमा देखिए पनि ढिलोचाँडो उनीहरूले लोकतन्त्र र त्यसका प्रक्रियागत कुराहरूप्रति प्रतिबद्धता जनाउनैपर्छ। परिस्थितिले माओवादीलाई क्रमशः रूपान्तरित गर्दै लैजानेछ। नेकपा (माओवादी) यतिबेला आफैँभित्र एउटा परिवर्तनको प्रक्रियाबाट गुज्रिरहेको छ। उनीहरूमा भइरहेको लोकतान्त्रिक रूपान्तरण स्वयम् उनीहरूका लागि मात्र नभएर मुलुकको शान्ति, स्थिरता र विकासका लागि पनि हितकारी एवम् उपयोगी छ।

**नेकपा (माओवादी) लाई एमालेले कसरी हेर्ने ?**

नेकपा (माओवादी) यतिबेला आठ दल र अन्तरिम संसद्भित्रको पनि एउटा महत्त्वपूर्ण दल हो। जनआन्दोलन-२ देखियता नेकपा (माओवादी) राजनीतिक सहयात्री पनि हो। अब बन्ने अन्तरिम सरकारको पनि नेकपा (माओवादी) एउटा महत्त्वपूर्ण घटक हो। यसरी नेकपा (माओवादी) अहिलेको अवस्थामा महत्त्वपूर्ण राजनीतिक मित्रशक्ति हो, साथी हो तर सँगसँगै नेकपा (माओवादी) वैचारिक प्रतिद्वन्द्वी पनि हो।

विगत डेढ दशकदेखि नेपालको राजनीतिमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेस दुई फरक धारका निकटतम प्रतिद्वन्द्वी र प्रतिस्पर्धी राजनीतिक शक्तिका रूपमा रहँदै आएका छन्। गएको तीनवटा आमनिर्वाचनमा यी दुई राजनीतिक दलबीच नै मुख्य रूपले प्रतिस्पर्धा रहेको थियो। राजाको प्रतिगमनविरुद्ध मोर्चा कस्न र गठबन्धन बनाउनमा पनि यी दुवै दलको निर्णायक भूमिका थियो। संविधानसभाको निर्वाचनमा फेरि पनि निर्णायक रूपले मुख्य प्रतिद्वन्द्विता नेकपा (एमाले) र नेपाली काङ्ग्रेसबीच नै हुनेछ र तेस्रो शक्तिको रूपमा मात्र नेकपा (माओवादी) देखापर्ने सम्भावना छ। नेकपा (माओवादी) आफूलाई नेपालको राजनीतिमा दोस्रो शक्तिका रूपमा चुनावमार्फत स्थापित गर्न चाहन्छ। त्यसैले ऊ अहिले नेकपा (एमाले) ले लिइरहेको स्थानमा आफूलाई राख्न चाहन्छ र नेकपा (एमाले) लाई वर्तमान स्थानबाट विस्थापित गर्न चाहन्छ।

यही त्यो मुख्य विन्दु हो, जुन विन्दुबाट माओवादी अगाडि प्रस्थान गर्न चाहन्छ। त्यसैले नेकपा (एमाले) लाई राजनीतिक र सङ्गठनात्मक रूपबाट कमजोर पार्न चाहन्छ। कम्युनिस्ट आन्दोलनभित्रको एउटा सहयोगी शक्तिका रूपमा भन्दा आफूले कमजोर पार्नुपर्ने र हटाएर ठाउँ लिनुपर्ने प्रतिद्वन्द्वीका रूपमा नेकपा (एमाले) लाई माओवादीले हेर्ने गर्छ। यो नै एउटा त्यस्तो महत्त्वपूर्ण कारण हो, जसले गर्दा नेकपा (माओवादी) सहयोगी र मित्रशक्ति हुँदाहुँदै पनि मूलतः प्रतिस्पर्धी र प्रतिद्वन्द्वी शक्तिका रूपमा एउटा निश्चित अवधिसम्म देखापर्नेछ। यो प्रतिस्पर्धा र प्रतिद्वन्द्विता वर्तमान अन्तरिम अवधिदेखि संविधानसभाको निर्वाचनसम्म निर्णायक रूपले रहनेछ। त्यसपछिको स्थितिलाई संविधानसभाको निर्वाचनमा पाएका मत र सिट सङ्ख्याले निर्धारित गर्नेछ।

संविधानसभाको निर्वाचनमा नेकपा (एमाले) वा नेपाली काङ्ग्रेसमध्ये एउटा पार्टी ठूलो पार्टीका रूपमा देखापर्‍यो र नेकपा (माओवादी) तेस्रो शक्तिका रूपमा मात्र आउन सक्यो भने नेकपा (एमाले) सँग प्रतिस्पर्धा र प्रतिद्वन्द्विता गर्ने उसको क्षमता स्वतः कम रहेको सावित हुन्छ। तेस्रो शक्तिका रूपमा आए पनि नेकपा (माओवादी) को मत प्रतिशत नेकपा (एमाले) कै हाराहारी वा थोरै मात्र कम रह्यो भने पनि प्रतिद्वन्द्विता र प्रतिस्पर्धा झन् बढेर जान्छ। थोरै मत प्रतिशत र सिट ल्याएर तेस्रो स्थानमा नेकपा (माओवादी) रह्यो भने तिखो प्रतिद्वन्द्विता कम भएर सहकार्यको प्रक्रिया देखापर्न पनि सक्छ।

०५६ सालपछि कुनै निर्वाचन नभएको सन्दर्भमा संविधानसभाको आगामी निर्वाचन नै राजनीतिक दलहरूको लोकप्रियता र शक्तिको मापन गर्ने एक मात्र महत्त्वपूर्ण आधार हुनेछ। संविधानसभाको निर्वाचनमा जनताले दिएको लोकप्रिय मत नै अब नेपालका राजनीतिक दलहरूको शक्ति मापनको मुख्य मापदण्ड र नयाँ शक्ति सन्तुलनको आधार बन्नेछ। त्यसैले संविधानसभाको आगामी निर्वाचनबाट बढीभन्दा बढी मत प्राप्त गरेर एउटा निर्णायक र लोकप्रिय राजनीतिक शक्तिका रूपमा नेकपा (माओवादी) आफूलाई स्थापित गर्न चाहन्छ।

नेकपा (माओवादी) लाई नेकपा (एमाले) कै बराबर अन्तरिम संसद्मा स्थान दिएर उसको महत्त्वाकाङ्क्षा बढाउने काम भएको छ। चुनाव नलडी बन्दुकको दबाब, धम्की र घुर्कीको बलमा पाएको ७३ स्थानलाई लोकप्रिय मतको आधारमा कायम राख्ने सम्भावना हालसम्म देखिँदैन। यस्तो सम्भावना हाल नदेखिए पनि ७३ स्थान भन्दा बढी लोकप्रिय मतका आधारमा जितेर ल्याउने प्रयत्न त माओवादीले गर्नैपर्‍यो।

माओवादीले पाउने मत भनेको दक्षिणपन्थी पार्टीहरूतिर झुकाउ भएका मतदाताहरूको मत होइन। वामपन्थी र मूलतः नेकपा (एमाले) ले पाइरहेको मतलाई नै आफ्नो पक्षमा ल्याउने प्रयत्न नेकपा (माओवादी) ले गर्ने देखिन्छ। नेकपा (माओवादी) को यस्तो प्रयत्नले उसलाई निर्णायक शक्ति त बनाउँदैन तर नेकपा (एमाले) को पक्षमा रहेका केही भोट बाँडिएर नेपाली काङ्ग्रेसलाई राजनीतिक र चुनावी फाइदा पुग्नसक्ने खतरा भने छ। यो वास्तविकता बुझेर नै चुनावी फाइदाका लागि नेपाली काङ्ग्रेसले माओवादीलाई नेकपा (एमाले) बराबरको स्थान अन्तरिम संसद्मा दिएको हो। सहमति नबिग्रोस् भनेर नेकपा (एमाले) ले पनि यसलाई स्वीकार गरेको हो।

संविधानसभामा गणतन्त्रवादीहरूको बहुमत ल्याउने हो भने नेकपा (एमाले) को नेतृत्वमा एउटा बृहत् संयुक्त मोर्चा बन्नुपर्ने आवश्यकता छ। तर, यस्तो मोर्चाको निर्माणमा माओवादीहरूको एकाङ्गी चिन्तन, हठवादी कार्यशैली र गैरजिम्मेवार व्यवहार मुख्य बाधाका रूपमा देखापर्नेछ। त्यसैले नेकपा (एमाले) ले संयुक्त मोर्चा निर्माणको प्रयत्न त गर्नुपर्छ तर आफ्नो हातखुट्टा बाँधेर वा आफूलाई कमजोर बनाउनका लागि होइन। नेकपा (एमाले) मात्रै त्यस्तो वामपन्थी पार्टी हो, जसले दुई सय पाँच वटै निर्वाचन क्षेत्रमा चुनाव लड्न सक्छ। जहाँ उसले या त जित्छ नभए पनि निकटतम प्रतिद्वन्द्वी बन्छ। यो हैसियत अहिले नेकपा (माओवादी) को बनेको छैन। तर, यो कुरा नेकपा (माओवादी) ले मान्दैन र आफ्नो वास्तविक हैसियतलाई स्वीकार्न तयार हुँदैन।

वामपन्थी संयुक्त मोर्चा निर्माणको प्रसङ्ग आउँदा हामीले नेकपा (माओवादी) लगायत मुलुकका अन्य वामपन्थी राजनीतिक दलहरूलाई ठीक ढङ्गले हेर्नुपर्छ। नेकपा (माओवादी) लाई हेर्ने, बुझ्ने र तिनका बारेमा बोल्ने, विश्लेषण गर्ने कुरामा नेकपा (एमाले) कै वरिष्ठ नेताहरूमा समेत भिन्नता रहेको देखिन्छ। कोही माओवादीप्रति चाहिनेभन्दा बढी लहसिएको जस्तो र कोही चाहिनेभन्दा बढी तर्सिएको जस्तो नेताहरूको अभिव्यक्तिले देखाउने गर्छ। नेकपा (एमाले) कै वरिष्ठ नेताबाट माओवादीको प्रशंसा हुने कुराले एकातिर एमालेका कार्यकर्ताहरूको मन कुँडिएको छ भने अर्कोतिर निरन्तर माओवादीहरूको एकोहोरो खोइरो खन्ने प्रवृत्ति पनि देखिएको छ। यी दुवै प्रवृत्ति ठीक होइन। शान्तिपूर्ण राजनीतिको मूलधारमा प्रवेश गरेका माओवादीहरूलाई भड्काएर जङ्गलतिरै फेरि जाउन् भन्ने जस्तो प्रवृत्ति देखाउनु र अभिव्यक्ति दिनु आवश्यक छैन भने नेकपा (एमाले) को नेता भएर माओवादीलाई फाइदा पुग्ने कुरा बोल्दै हिँड्नुको पनि कुनै अर्थ र औचित्य छैन। माओवादीहरूले मौखिक प्रशंसा त गरिदेलान् तर आफ्नै पार्टीका कार्यकर्ताहरू चिढ्याएर, मुलुकको स्थितिमा नमिल्ने कुरा गरेर र आफ्नै पार्टीले लिएको राजनीतिलाई कमजोर पारेर कुनै पनि नेता बलियो र लोकप्रिय बन्न सक्दैन। वस्तुनिष्ठ विश्लेषण, तथ्य र तर्कमा आधारित अभिव्यक्ति र मुलुक तथा जनताको हितप्रति प्रतिबद्ध विचारले मात्र अब मानिसहरूलाई चित्त बुझाउन सकिन्छ र पार्टीको पनि हित गर्न सकिन्छ।

हामीले नेकपा (माओवादी) का पनि सकारात्मक पक्षहरूलाई देख्न, बुझ्न र स्वीकार गर्न कञ्जुस्याइँ गर्नु हुँदैन। त्यस्तै उनीहरूका उग्रवामपन्थी, जडसूत्रवादी, हठी, गैरजिम्मेवार, अमर्यादित, अव्यावहारिक र अराजक विचार र कामहरूको निरन्तर आलोचना गर्नबाट पछि हट्नु पनि हुँदैन।

दीर्घकालीन जनयुद्धको नारा दिँदै हतियार बोकेर हिँडेका माओवादीहरू हतियारबाट लडाइँ जित्न सकिँदैन र सत्ता कब्जा गर्न सकिँदैन भन्ने यथार्थबोध भएपछि नै फेरि शान्तिपूर्ण राजनीतिमा सामेल भएका हुन्। १५ हजारभन्दा बढी नेपालीको मृत्यु, अरबौंको राष्ट्रिय सम्पत्तिको नोक्सन, ध्वंस, हिंसा र एक तहको गृहयुद्धपछि संसद् छोडेर हिँडेका माओवादीहरू फेरि संसदीय राजनीतिमा नै फर्केर आएका छन्। समय र परिस्थितिले उनीहरूका उग्रवामपन्थी विचारहरूलाई पराजित गरिदिएकोछ र महान् शान्तिपूर्ण जनआन्दोलन-२ ले माओवादीहरूको बन्दुकको औचित्यलाई समाप्त पारिदिएको छ। तर, अझै पनि उनीहरू बन्दुकवादी हिंसात्मक राजनीतिको धङधडीबाट मुक्त हुनसकेका छैनन्। देश र दुनियाँलाई हेर्ने र बुझ्ने उग्रवामपन्थी जडसूत्रवादी चिन्तन शैलीबाट मुक्त हुनसकेका छैनन्। उनीहरूलाई निरन्तर राजनीतिक आलोचनारूपी उपचारको खाँचो छ र त्यस्तो उपचारको विधि नेकपा (माओवादी) लाई सिकाउने क्षमता नेकपा (एमाले) मा छ।

अब नेकपा (माओवादी) ले पछ्याउने पदचिन्ह भनेको नेकपा (एमाले) कै पदचिन्ह हो। कामरेड प्रचण्ड र उहाँका अनुयायीहरूले नेकपा (एमाले) ले हिँडेका गल्ली र बाटाहरूबाट हिँड्नुबाहेक अब कुनै अर्को विकल्प छैन। त्यसैले नेकपा (एमाले) का नेता-कार्यकर्ताहरू आफ्नो पार्टीले लिएका सही नीति र विचारहरूका पक्षमा यतिबेला गौरवसाथ अड्न सक्छन् र नेकपा (माओवादी) को रूपान्तरणका लागि सहयोगी बन्न सक्छन्।

नेकपा (माओवादी) यतिबेला हाम्रो असजिलो सहयात्री हो। ऊसँगको राजनीतिक सहयात्रा सजिलो छैन तर मुलुकको उज्ज्वल भविष्यका लागि यो सहयात्रा नगरी पनि भएको छैन। नेकपा (माओवादी) सँगको सहयात्रा कहाँसम्म जान्छ भन्न सकिँदैन तर हामीले गन्तव्यमा नपुगीकन ऊसँगको सहयात्रा तोड्नु हुँदैन। बन्दुक बोकेर जङ्गल पसेको राजनीतिक दललाई सबैले मिलेर फेरि संसद्मा ल्याएका छौँ र मिलेर देश निर्माण गरौँ, शान्ति स्थापना गरौँ भनेर आफैँ बराबर मान्न तयार भएका छौँ। सहकार्यको संस्कृतिलाई अघि बढाएका छौँ। यसका लागि नेकपा (एमाले) आफ्नो ठाउँमा धेरै लचिलो र उदार बनेको छ।

नेकपा (माओवादी) यतिबेला आठ दलको गठबन्धनभित्रको एउटा सहयोगी हो तर आठ दल मिलेर संविधानसभाको निर्वाचनमा जाँदा सबैले जनतासँग मत माग्ने भनेको आफ्नो विचार, कार्यक्रम र पार्टीका लागि हो। संविधानसभाको निर्वाचन सम्पन्न गर्न नेकपा (माओवादी) र नेपाली काङ्ग्रेस दुवै मित्रशक्ति हुन् तर निर्वाचनमा दुवै प्रतिद्वन्द्वी पनि हुन्, प्रतिस्पर्धी पनि हुन्। नेकपा (

माओवादी) ले नेकपा (एमाले) लाई पछि पार्न चाहनु स्वाभाविक हो । त्यसैले हामीले नेकपा (माओवादी) लाई पनि हराएर, काङ्ग्रेसलाई पनि हराएर निर्वाचनका क्रममा सबैभन्दा ठूलो पार्टीका रूपमा आफूलाई स्थापित गर्न खोज्नु झन् स्वाभाविक हो ।

संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो दलका रूपमा देखापर्ने र गणतन्त्रवादीहरूको बहुमत ल्याउने एमालेको उद्देश्यमा नेकपा (माओवादी) सहयोगी भयो भने ऊसँगको नेकपा (एमाले) को सम्बन्ध अझ सुध्रदै जानेछ। नेपाली काङ्ग्रेससँग नजिक बनेर नेकपा (एमाले) लाई पन्छाएर आफू अघि आउने प्रयत्न नेकपा (माओवादी) ले गऱ्यो भने उसले लिएकै नीति अनुरूप नेकपा (एमाले) ले आफ्नो नीति निर्धारण गरेर अघि बढ्नेछ। अहिलेलाई आठै दल मिलेर अन्तरिम सरकार बनाएर संविधानसभाको निर्वाचनलाई घोषित समयभित्रै सम्पन्न गर्न लाग्नुपर्दछ । यो नै अहिलेको मुख्य काम हो ।

# गणतान्त्रिक आन्दोलन र युवा

**’ कोमल भट्टराई**

जनआन्दोलन-२ पश्चात् चलिरहेको लोकतान्त्रिक गणतन्त्रको आन्दोलन नेपाली प्रजातान्त्रिक आन्दोलनको इतिहासमा नयाँ होइन, यो इतिहासको क्रमबद्धता मात्र हो । खासगरी २००७ सालपछिका दिनमा वशंज-आधारित राजतन्त्रविरुद्धको आन्दोलनले अनगिन्ती शृङ्खलाहरू पार गरेको छ। यी शृङ्खलाहरूमा युवाहरूले गणतन्त्रको मागलाई जोड दिँदै आएका छन्। आन्दोलनले सफलता हासिल गर्न सकेको छैन। तर, हरेक शृङ्खलाका विशेषताहरूमा परिवर्तन र निखार भने आएका छन्। कुनै समय गणतन्त्रको नारा कम्युनिस्ट मात्रको थियो भने अहिले गैरकम्युनिस्टको पनि आन्दोलनको प्रत्यक्ष कारबाही (कार्यात्मक) र प्रचारात्मक दुवै खाले नारा बन्न पुगेको छ। तर, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दलाल पुँजीवादको दबाबमा नेपालमा आफूलाई प्रजातन्त्रवादी भनेर चिनाउने दलहरू भने जहिले पनि राजासामु समर्पण गर्ने गरेका छन्। हालै पनि यी दलहरू गणतन्त्रको नारामा अडिग रहँदैनन् भन्ने स्पष्ट भइसकेको छ। यस परिवेशमा गैरवामपन्थी युवाहरूको भूमिका कस्तो हुने र उनीहरूको गणतान्त्रिक अभियान स्थगन हुनसक्ने सम्भावना बढेको छ ।

### नेपालमा गणतान्त्रिक आन्दोलन

नेपालमा गणतान्त्रिक आन्दोलन २००६ सालमा कम्युनिस्ट पार्टीको गठन भएयता सुरु भएको थियो । त्यसपछिको ५६ वर्षको अवधिमा वामपन्थी भनेर चिनिने कम्युनिस्टहरू नै गणतन्त्रका संवाहक बन्दै आएका छन्। यस अवधिमा ‘वस्तुगत अवस्थाको वस्तुगत विश्लेषण’ गर्दै मुलुकमा रहेका विभाजित कम्युनिस्ट पार्टीहरूले गणतन्त्रको नारालाई कहिले (कुनैले) प्रचारात्मक मात्र र कहिले (कुनैले) कार्यात्मक नारा बनाउँदै आएका छन्। ०४७ सालको जनआन्दोलनपछि भने केही कम्युनिस्ट पार्टीहरूले राजालाई शक्ति सन्तुलनका कारण संवैधानिक रूपमा स्वीकार गरेका पनि थिए। आफूलाई क्रान्तिकारी भन्नेले त ‘अघोषित कार्यगत एकता’ नै गर्नसमेत पुगेका थिए। यद्यपि, कम्युनिस्ट पार्टीहरूको गतिविधिको सार तथा निष्कर्षमा कम्युनिस्ट पार्टीहरू गणतन्त्रवादीकै पर्यायवाची नै रहेका थिए। यी कम्युनिस्ट पार्टीहरूभित्रको रक्तसञ्चार, प्रचार र व्यवहारका कारण नै नेपालमा गणतन्त्रको नारा कुनै न कुनै रूपमा रहिरह्यो ।

अर्कोतिर, नेपाली काङ्ग्रेसले आफ्नो स्थापनादेखि नै राजासँग सहकार्य गर्नुपर्ने सिद्धान्तलाई कायम राखिरह्यो। खासगरी ००७ को क्रान्तिमा प्रत्यक्ष देखियो भने ०४६ सालको आन्दोलनमा अप्रत्यक्ष सहकार्य गऱ्यो। राजाले शक्ति आर्जन गर्दै नेपाली काङ्ग्रेसलाई सत्ताच्यूत गर्दा पनि यसका नेताहरूले कम्युनिस्टको हाउगुजी देखाउँदै राजालाई सहकार्य गर्न आह्वान गर्ने गरेका थिए तर यस दलका युवाहरूले राजाबाट पटकपटक लात खानु हुँदैन भनेर गणतन्त्रको नारा प्रचारात्मक मात्र होइन, कार्यात्मकसमेत बनाउने गरेका थिए। यसै सिलसिलामा महोत्तरी र विराटनगरमा क्रमशः राजा महेन्द्र र वीरेन्द्रलाई बमसमेत प्रहार गरेका थिए। काङ्ग्रेसका युवाहरूले यस्तो प्रयत्न गरिरहेका बेलामा पनि काङ्ग्रेसका तत्कालीन नेता क्रमशः सुवर्णशमशेर र बीपी कोइरालाहरूले ‘राष्ट्रियता’ र ‘कम्युनिस्ट’ को खतरा देखाएर राजालाई कार्यगत एकताका लागि अनुरोध गरेका थिए। काङ्ग्रेसको इतिहासको यस्तो प्रवृत्तिलाई राम्ररी बुझ्नेले जनआन्दोलनपछि काङ्ग्रेसको संस्थापन पक्ष गणतन्त्रका लागि या राष्ट्रपति बनिदेलान् भन्ने आशा गर्नु बेकार थियो। तर, माओवादीहरूले मुख ताकिरहेको थियो। आखिर काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाका दिनहुँका वक्तव्यवाजीले यस्तो आशा बेकार बनेको छ र माओवादीहरू संविधानसभापछिको पहिलो बैठकको प्रतीक्षामा छन्।

नेपाली काङ्ग्रेस गणतन्त्रको पक्षमा नजाने कुरामा त्यस दलमा रहेका गणतन्त्रवादीहरू निश्चित भइसकेका छन्। त्यसैकारण उनीहरू नेपाली काङ्ग्रेसले ‘गणतन्त्रको नारा नदिएमा कम्युनिस्ट शक्तिशाली बन्ने’ त्रासले आत्तिएका पनि छन्। काङ्ग्रेसभित्रका गणतन्त्रवादी भन्न रुचाउने रामचन्द्र पौडेल र नरहरि आचार्य प्रवृत्तिका यस्तो अभिव्यक्तिले उनीहरू वाम गणतन्त्रवादीसँग सहकार्य या तालमेल गर्न इच्छुक नभएको स्पष्ट हुन्छ। यस्तै उनीहरूलाई गणतन्त्रको अभियानमा दलको नेतृत्वको साथ हुने छैन। यसकारण गणतान्त्रिक अभियानमा लागेका नेपाली काङ्ग्रेसलगायतका गैरवामपन्थी

तरुणहरू रानो हराएको मौरीजस्तो भड्केर जङ्गलका जङ्गलीहरूका बीचमा भुनभुनाउन थालेका छन् । यस्तो भड्काइले 'कम्युनिस्ट' बाट उम्केको माछो उग्रपन्थको भुङ्ग्रोमा परेर नष्ट हुने स्थिति पैदा भएको छ ।

## गणतन्त्रका लागि युवा अभियान

हालको आन्दोलनपछि पार्टीगत रूपमा लोकतान्त्रिक गणतन्त्रका लागि आन्दोलनमा उत्रने दलमध्ये हाम्रो पार्टी मात्र देखिएको छ । हाम्रो पार्टीका सबै जनवर्गीय सङ्गठनहरू र यूवा सम्मिलित भूपू विद्यार्थी काउन्सिल, अनेरास्ववियुले अग्रणी भूमिका निर्वाह गरिरहेका छन् । हाल हाम्रो पार्टीले हाम्रो पार्टीमा आवद्ध नभएका समूह, जनजाति र समूहले गठन गरेका लोकतान्त्रिक गणतान्त्रिक मोर्चामा पनि आवद्ध भई कार्य गर्न हरेक नेता तथा कार्यकर्ताहरूलाई निर्देशनसमेत गरेको छ । हुन त माओवादीले पनि यस्तै प्रकृतिको गणतान्त्रिक मोर्चा गठन गरिराखेका छन् । तर, गणतान्त्रिक आन्दोलनको निन्तरताका लागि माओवादीको भरोसा छैन । किनभने, माओवादी हरेक झुकाइलाई कमजोरी नठान भन्दै आए पनि 'हदैसम्म लचिलो' हुने गरेको छ । यसैकारण पनि माओवादी गणतन्त्रको मुद्दामा 'हदैसम्म लचिलो' हुँदैन भन्ने आधार छैन । आश्चर्य यो छ कि माओवादीले काङ्ग्रेस सभापति गिरिजाप्रसादको हरेक चेतावनीपूर्ण वक्तव्यलाई शिरोधार्य गरिरहेको छ र एमालेलाई एक्ल्याउने नाममा समानुपातिक निर्वाचन प्रणालीको अडान त्यागेर अर्थात् 'हदैसम्म लचिलो' बनेर काङ्ग्रेसको एजेण्डा बोकेको पनि ताजै छ । माओवादीको 'हदैसम्म लचिलो' भनेको काङ्ग्रेसको प्रत्येक हप्काइलाई शिरोधार्य गर्नु हो । थाहा पाइएको छैन, काङ्ग्रेसको हरेक हप्काइलाई माओवादीले किन शिरोधार्य गर्दछ ? माओवादीले शान्तिका लागि हदैसम्म लचकता अपनाएको भन्दै आए पनि माओवादीको भनाइलाई कथित 'जनयुद्ध' र हिंसा तथा हत्याको पश्चात्ताप नगरी जनता र विश्वले पत्याउने अवस्था छैन । अहिले माओवादीले उसको सिद्धान्त हाम्रो पार्टीको जबजसँग, उसको राजनीति नेपाली काङ्ग्रेसका सभापतिसँग र उसको हतियार संयुक्त राष्ट्रसङ्घको कन्टेनरमा समर्पण गरिरहेको छ । यसकारण माओवादीसँग हिजोको आतङ्क र हिंसाको इतिहासबाहेक केही छैन । माओवादी अहिले काङ्ग्रेससँग मिलेर एमालेको गतिविधिलाई निस्तेज पार्ने कामका लागि स्वदेशी तथा विदेशी वामविरोधीका लागि भरपर्दो हतियारका रूपमा मात्र अवस्थित छ । यसकारण गणतान्त्रिक आन्दोलनमा उसको भूमिका सन्देहास्पद बन्दै गइरहेको छ ।

सबैलाई थाहा नै छ, प्रजातान्त्रिक काङ्ग्रेस र पुराना पञ्चहरूको पार्टी गणतन्त्रका लागि अघि आउने छैनन् ।

तैपनि, यस्तो राजनीतिक परिस्थितिमा गैरएमाले तथा गैरवामपन्थी युवा तथा तरुणको अभियान अहिलेसम्म त जारी छ । यसलाई सुखद नै मान्नुपर्दछ । नेपाली काङ्ग्रेसका चन्द्र भण्डारी, मधु आचार्य, गुरु घिमिरेजस्ता केही युवाहरूले लोकतान्त्रिक गणतन्त्रका लागि देशव्यापी दौडाहा पनि गरेका छन् । यसमा काङ्ग्रेसका रामचन्द्र पौडेल, नरहरि आचार्य, महन्थ ठाकुरजस्ता केही प्रमुख नेताहरू पनि सामेल छन् । यसैगरी, दुवै काङ्ग्रेसका केही तरुणहरू र वाम युवाहरू मिलेर 'युवा संसद्' को निर्माण गरेका छन् । यसलाई सर्वपक्षीय युवा संसद् बनाउने पहल पनि भइरहेको छ । यद्यपि, दुई काङ्ग्रेसका युवाहरू विभाजित छन् र यस युवा संसद्मा काङ्ग्रेसको प्रतिनिधित्व एकाङ्गी हुने भय पनि छ । यसैगरी यो युवा संसद् गैरसरकारी सङ्घ हुने पनि त्यत्तिकै सम्भावना छ । काङ्ग्रेसका तरुणहरूद्वारा निर्मित तर आफैँमा विभाजित दुवै फोरमबाट भइरहेका लोकतान्त्रिक गणतन्त्रको अभियानले आन्दोलनको रूप लिनसक्ने सम्भावना देखिएको छैन । यसकारण तरुण काङ्ग्रेसले आन्दोलन स्थापित प्रणालीका विरुद्ध योजनाबद्ध र सङ्गठित अभियान हो, यो लहडीहरूको यात्रा र गोष्ठी होइन भन्ने कुरा बेलैमा बुझेर कार्य गर्नु आवश्यक भएको छ ।

गैरवामपन्थी युवाहरूले नागरिक समाजको माओवादीको मागलाई बढी जोड दिने सिंहदरबार र प्रधानमन्त्री निवास घेराउलाई पनि लोकतान्त्रिक गणतन्त्रको अभियानका रूपमा बुझ्ने गरेका छन् । नागरिक समाजको घेराउको अहिलेसम्म लोकतान्त्रिक गणतन्त्रका लागि भन्दा काङ्ग्रेसले गरेको गल्तीहरूलाई सात दलले गरेको भन्ने भ्रम पार्न र माओवादीले गरेको १० वर्षे हिंसा र हत्या लुकाइदिन मात्र सफल भएको छ । यस नागरिक समाजभित्र गैससका कार्यकर्ताहरू मात्र होइन, स्याडिस्टहरूको ठूलो जमात पनि देखिएको छ । यस जमातका अगुवाहरूको नकारात्मक प्रचारले सात दलको प्रयत्नलाई सुधार गर्नमा होइन, सात दलप्रति जनतामा वितृष्णा जगाउने कार्यलाई जोड पुगेको छ । यसैको प्रचारमा लट्ठिएर गैरवाम युवाहरू बिनायोजना घेराउमा देखिँदैमा लोकतान्त्रिक गणतन्त्रको अभियानमा लागेको पुष्टि हुन सक्दैन । गैरवाम युवाहरू मात्रै होइन, वाम युवाहरू पनि यस भ्रमबाट मुक्त हुनु जरुरी छ ।

## गैरवाम युवाको दायित्व

नेपाली काङ्ग्रेसका तरुणहरू प्रस्ट हुनुपर्ने कुराहरू धेरै छन् तर लोकतान्त्रिक गणतन्त्रको आदोलनको परिप्रेक्ष्यमा प्रस्ट हुनुपर्ने कुरा के हो भने काङ्ग्रेसको पुरानो नेतृत्व र स्वदेशी-विदेशी दलाल पुँजीपतिहरूबीचको गठबन्धन कसिलो हुँदैछ । स्वदेशी-विदेशी दलाल पुँजीपतिहरूले नेपाली काङ्ग्रेसलाई नेपालको दलाल पुँजीवादको एउटा मजबुत गढ राजतन्त्रका विरुद्ध कारबाही गर्न छुट नदिने स्पष्ट भइसकेको छ । उनीहरूले काङ्ग्रेसलाई राजाको स्पेस बनाइदिन र थोरबहुत सत्ता साझेदारीका लागि पहल गरिरहेका छन् । यसैको परिणाम हो, काङ्ग्रेस सभापति गिरिजाप्रसादको हालैको वक्तव्य । यस्तो परिस्थितिमा के गर्ने तरुणहरूले ? योजना बनाउनुपर्दछ ।

नेपाली काङ्ग्रेसका तरुणहरूले के हेक्का राख्नुपर्ने जरुरी छ भने नागरिक समाजको राजनीतिक सीमा सीमित छ । उनीहरूले भन्दै आएको कुरालाई नै मान्ने हो भने पनि उनीहरूको घेराउ कार्यहरू राजनीतिक दलहरूलाई सचेत गराउने मात्र हो । लोकतन्त्रका लागि गणतन्त्र अपरिहार्य भएकोमा तरुण काङ्ग्रेस सचेत भइसकेका कारणले आफ्नो अभियानलाई आन्दोलन र कारबाहीयोग्य बनाउन के गर्ने

भन्ने सोच्नु जरुरी छ। नागरिक समाजको घेराउबाट होइन, आफ्नै योजनाबद्ध आन्दोलनको अपरिहार्यताबारे तरुण काङ्ग्रेसलाई नागरिक समाजले सचेत गराउन सके केही सकारात्मक कार्य हुने थियो ।

तरुण काङ्ग्रेसले काङ्ग्रेसको पुरानो पुस्ताको कम्युनिस्ट फोबियाबाट र उहिलेको सामन्तवादको प्रतिनिधि र हालको दलाल पुँजीवादको गढ बनेको राजतन्त्रको मोहबाट मुक्त हुनुपर्दछ। तरुण काङ्ग्रेस परिवर्तनकारी नै नभए पनि जण्ड सुधारवादी भएर वामपन्थीहरूसँग सहकार्य गर्ने अवस्थामा आइपुग्नुपर्दछ। यस्तो सहकार्य लोकतान्त्रिक गणतन्त्रका लागि मात्र होइन, देशको स्थिरता र विकासका लागिसमेत आवश्यक छ।

# पर्वतमा जिल्ला अधिवेशन

कुस्मा। नेकपा (एमाले) पर्वतको पाँचौं अधिवेशनले विकास लम्साललाई सचिव चयन गरेको छ। अधिवेशनको उद्घाटन पुस २२ गते पार्टी स्थायी समिति सदस्य तथा सचिवालयका सचिव अमृतकुमार बोहराले गर्नुभएको थियो ।

सदरमुकाम कुस्मामा आयोजित उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता बोहराले आफ्नो पार्टी राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न क्रियाशील रहेको उल्लेख गर्दै त्यसका लागि सक्रिय हुन जनसमुदायलाई आग्रह गर्नुभएको थियो। कार्यक्रममा केन्द्रीय सदस्य तथा धौलागिरि अञ्चल इन्चार्ज किरण गुरुङ र सहइञ्चार्ज रामजी शर्मा तथा केन्द्रीय अनुशासन निरीक्षण कमिटीका सदस्य ऋषिराम शर्माले बोल्नुभएको थियो । अधिवेशनबाट मेघनाथ सुवेदी उपसचिव निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा शान्त पौडेल, भक्त कुँवर, मित्रलाल बस्याल, तुङ्गनाथ सुवेदी, रामप्रसाद रिजाल, प्रेमकुमार लामिछाने, ज्ञानेन्द्र पहाडी, यम गुरुङ, पदमपाणि पौडेल, पीताम्बर घिमिरे, भवानीप्रसाद शर्मा, भक्तराज सुवेदी, महेन्द्र श्रेष्ठ, खोवनाथ ज्ञवाली, वीरबहादुर गुरुङ, गङ्गाकुमारी रिमाल, हीराकुमारी शर्मा, मनोहर पौडेल, राजुप्रसाद पौडेल, उदय सुवेदी, शान्तिकुमारी नेपाली, देवेन्द्रराज पाण्डे, प्रेम गुरुङ र रामबहादुर नेपाली रहनुभएको छ।

# समाजवादको पक्षमा ल्याटिन अमेरिका

**' राजन भट्टराई**

ल्याटिन अमेरिकी राजनीति फेरि एकपटक विश्व राजनीतिमा चर्चाको विषय बन्न पुगेको छ। सन् १९५९ को क्युबाली क्रान्तिदेखि चर्चामा रहेको दक्षिणी ध्रुवमा रहेको यो क्षेत्र सन् १९७० र '८० को दशकमा सैनिक तानाशाही व्यवस्था र त्यसका विरुद्ध हतियारबद्ध वाम राजनीतिका कारण चर्चामा थियो भने अहिले यी दुवैभन्दा नितान्त फरक र विपरीत प्रकृतिको राजनीतिका कारण चर्चामा आएको छ। अर्थात्, निर्वाचनमा वामपन्थी राजनीतिको वर्चस्वले यो महादेशको राजनीति फेरि एकपटक चर्चामा आएको छ। सन् २००६ को विभिन्न महिनामा सम्पन्न आमनिर्वाचनहरूमा यस महादेशका अधिकांश मुलुकहरूमा अमेरिकी साम्राज्यवादविरोधी समाजवादी विचार बोकेका वामपन्थी उम्मेदवारहरू विजयी भएका छन्। समाजवादी पक्षधरहरूको यस किसिमको विजयले एकातर्फ समाजवाद पक्षधरहरूमा खुसीको समाचार भएको छ र यी घटना अन्य महादेशका समाजवादीहरूका लागि पनि अध्ययनको विषय बनेका छन् भने अर्कोतर्फ यसका विरोधीहरू जो विगतमा पूर्व सोभियत सङ्घ र पूर्वी युरोपबाट सोभियत मोडेलको समाजवादी सत्ताको पतन हुँदा इतिहासको नै अन्त्य भएको भनेर घोषणा गर्नेहरूका लागि दक्षिण र मध्य अमेरिकी महादेशका करिब एक दर्जन मुलुकहरूमा एकपछि अर्को गरी समाजवादी पक्षधरहरूको विजयले निदहराम पारिदिएको छ।

एटलान्टिक र प्रशान्त महासागरको बीचमा अवस्थित मध्य र दक्षिण अमेरिकाका ब्राजिलबाहेकका सबै मुलुकहरू विगतमा लामो समयसम्म स्पेनिस साम्राज्यको उपनिवेशबाट ग्रस्त थिए। यस महादेशको सबैभन्दा ठूलो राष्ट्र ब्राजिलमा भने पोर्चुगिजहरूको उपनिवेश रहिआएको थियो। १९ औं र २० औं शताब्दीका उपनिवेशवादविरोधी आन्दोलनकै क्रममा यो महादेशका मुलुकहरू पनि शताब्दीऔंसम्मको औपनिवेशिक शासनबाट मुक्त भए र आ-आफ्ना देशहरूमा स्वतन्त्र शासन स्थापना गर्न सफल भए। सिमोन बोलिभारजस्ता १९ औं शताब्दीका लोकप्रिय र ख्यातिप्राप्त स्वतन्त्रता सङ्ग्रामी नेताहरूको अगुवाइमा भएका स्वतन्त्रता आन्दोलनहरूले गर्दा नै यो क्षेत्र तुलनात्मक रूपमा अन्य महादेशका औपनिवेशिक मुलुकहरू भन्दा पहिले नै स्वतन्त्र हुन सफल भएका थिए। तर, पुराना र पतनोन्मुख स्पेनिस र पोर्चुगिज औपनिवेशिक शासकहरूबाट आफूलाई मुक्ति दिलाए पनि यी देशहरूले पनि बीसौं शताब्दीको साम्राज्य शक्तिका रूपमा उदाएको अमेरिकाको दबदबाबाट भने मुक्ति पाउन सकेनन्। दोस्रो विश्वयुद्धपछि उदाएको अमेरिकी साम्राज्यवादले यस क्षेत्रलाई आफ्नो प्रभाव क्षेत्र भन्दै त्यहाँ आफ्नो राजनीतिक, आर्थिक र सामाजिक प्रभुत्व स्थापित गराउँदै आएको छ। अमेरिकी दबाबका विरुद्ध यस महादेशका राष्ट्रहरूमा उठेका आन्दोलनहरू र अझ खासगरी वामपन्थी आन्दोलन दबाउनका लागि र आफ्नो हैकम बढाउन सैनिक 'कू' गराउने, राजनेताहरूको हत्या गराउने, आर्थिक नाकाबन्दी लगाउने, सैनिक हस्तक्षेप गर्ने, आफ्ना स्थायी सैनिक क्याम्प खडा गर्नेजस्ता मानव अधिकार र अन्तर्राष्ट्रिय मूल्य, मान्यता र कानुनविरोधी कार्यहरू

गर्दै आएको छ । सामरिक र राजनीतिक कारणले मात्र नभई प्राकृतिक साधन र स्रोतले धनी मानिएको यस क्षेत्रमा आफ्नो प्रभुत्व कायम गर्न र सिङ्गो महादेशलाई नै आफ्नो एकलौटी बजारका रूपमा स्थापना गर्ने उद्देश्य अमेरिकाले लिँदै आएको छ । यसैका लागि उसले विगतका दशकहरूदेखि आफ्ना क्रियाकलापहरूलाई केन्द्रित पनि गराउँदै आएको छ ।

यो एक वर्षको बीचमा सिङ्गो ल्याटिन अमेरिकाका एघारवटा देशहरूमा भएको निर्वाचनमा नौवटा मुलुकहरूमा वामपन्थीहरूको विजय भएको छ भने बाँकी दुईमा पनि वामपन्थी उम्मेदवारहरू नै प्रमुख प्रतिस्पर्धीका रूपमा स्थापित भएका छन् । भेनेजुएला र ब्राजिलमा क्रमशः ह्युगो चाभेज, लुइज इनासियो लुला दा सिल्भा र निकारागुवाका डानियल ओर्टेगा दोस्रोपटक विजयी बनेका छन् भने बोलिभिया, अर्जेन्टिना, चिली, एल साल्भाडोर, उरुग्वे, र इक्वेडोरमा पहिलोपटक वामपन्थी उम्मेदवारहरूले जितेका छन् । मेक्सिकोको निर्वाचनमा साह्रै झिनो मतले वामपन्थी उम्मेदवारलाई हराइएको विषयलाई लिएर त्यहाँको राजनीति अहिलेसम्म पनि विभाजित बनेको छ र पराजित उम्मेदवारले आफ्नो पराजय जनताको मतबाट नभई सत्तासीन दक्षिणपन्थी गठबन्धन र उसको सहयोगी अमेरिकालाई दोषी ठहऱ्याउँदै आएका छन् । त्यसैगरी अर्को मुलुक कोलम्बियाको निर्वाचनमा पनि वामपन्थी उम्मेदवार केही मतको अन्तरका कारण पराजित भएका हुन् । यसरी समग्रमा सिङ्गो दक्षिण अमेरिका आज वामपन्थीमय बनेको छ ।

सन् १९५९ मा क्युबाली क्रान्तिबाट वाम राजनीतिको सुरुवात भएको यस महादेशमा वामपन्थी राजनीतिको प्रभाव जनस्तरमा रहेको छ । शीतयुद्धका समयमा अन्य क्षेत्रमा जस्तै यो महादेशको राजनीति पनि दुई ध्रुवमा विभाजित बन्न पुगेको थियो । क्युबाका अतिरिक्त चिलीमा सन् १९७० र निकारागुवामा सन् १९८५ को निर्वाचनमा वामपन्थीहरूले विजय हासिल गरेका थिए । क्युबाका विरुद्ध अमेरिकी साम्राज्यवादले पटकपटक आक्रमणको कोसिस गरेको थियो भने त्यहाँको समाजवादी सरकारका विरुद्ध विगत ४६ वर्षदेखि अहिलेसम्म पनि आर्थिक नाकाबन्दी लगाइराखेको छ । त्यसैगरी, सन् १९७३ मा सीआईएको प्रत्यक्ष सहयोगमा सैनिक 'कू' गराई चिलीको वामपन्थी सरकारलाई अपदस्थ गराइएको थियो भने निकारागुवाको डानियल ओर्टेगाको सरकारका विरुद्ध विद्रोही कोन्ट्रालाई उक्साइएको थियो । यसका अतिरिक्त विगतका दशकहरूमा एल साल्भाडोर, पेरु, ब्राजिल, अर्जेन्टिना, ग्वाटेमाला, मेक्सिको, कोलम्बिया, हैटीलगायतका मुलुकहरूमा वामपन्थी पार्टीहरूको नेतृत्वमा अमेरिकी साम्राज्यवादविरोधी शान्तिपूर्ण र हतियारबद्ध आन्दोलनका विरुद्धमा अमेरिकाले प्रत्यक्ष रूपमा ती मुलुकका सैनिक र निरङ्कुश शासकहरूलाई सहयोग गर्दै आएको थियो । त्यस्तै ती आन्दोलन दबाउनका लागि प्रत्यक्ष रूपमा आर्थिक र सैन्य सहयोग पनि गर्दै आएको छ । यसका बाबजुद यी देशहरूमा जसरी आज वामपन्थी पार्टीहरू र तिनका उम्मेदवारहरूले शान्तिपूर्ण रूपमा आयोजना गरिएका निर्वाचनमा विजय हासिल गरेका छन्, यो ती देशका दक्षिपन्थी शासकहरूको मात्र हार नभई स्वयम् वासिङ्टनको पनि हारका रूपमा लिइएको छ ।

यसबाट दक्षिण र मध्य अमेरिकालाई आफ्नो करेसाबारी सम्झने एक मात्र महाशक्ति अमेरिकाको निद्रा गायब भएको छ । सिङ्गो विश्वमा आफ्नो प्रभुत्व स्थापित गर्न उद्यत अमेरिका जसले आफ्नो साम्राज्य विस्तारका लागि इराक र अफगानिस्तानजस्ता मुलुकहरूमा आक्रमण गरिरहेको छ, अहिले आफ्नै नाकमुनि रहेका मुलुकहरूमा एकपछि अर्को गर्दै अमेरिकाविरोधी राजनीति बोकेका उम्मेदवारहरू प्रजातान्त्रिक प्रक्रियाबाट सत्तामा पुग्नाले उसले आफ्नो महत्त्वाकाङ्क्षामाथि ठूलो चोट लागेको ठानेको छ । हुन पनि हिजो सन् '६० र '७० को दशकमा बोलिभिया, उरुग्वे, चिली, अर्जेन्टिना, ब्राजिललगायत अन्य देशहरूमा एकपछि अर्को सैनिक 'कू' गराएर आफ्नो कठपुतली सरकार स्थापना गरेको अमेरिकाका लागि अहिले त्यहाँ फैलँदो समाजवादी पक्षधरहरू र अमेरिकाविरोधी राजनीतिको लहर चुनौती मात्र होइन, राष्ट्रपति बुस र उनको रिपब्लिकन पार्टीको राजनीति विस्तारका लागि ठूलो धक्का पनि हो ।

**दुई प्रकारका वामपन्थी विजयी**

ल्याटिन अमेरिकी देशहरूका निर्वाचन परिणाम र त्यहाँ विजयी वामपन्थी उम्मेदवारहरूलाई मूलतः दुई प्रकारमा राखेर हेर्ने गरिन्छ । क्युबाका फिडेल क्यास्ट्रो, भेनेजुएलाका ह्युगो चाभेज र बोलिभियाका इभो मोरालेसलाई ऱ्याडिकल समाजवादीका रूपमा लिइन्छ भने ब्राजिलका लुला, चिलीकी माइकल बेच्लेत, निकारागुवाका डानियल ओर्टेगा, इक्वेडरका राफेल कोर्रेयालगायत हैटी र अर्जेन्टिनाका विजयी वामपन्थी उम्मेदवारहरूलाई 'मोडरेट लेफ्ट' का रूपमा बुझिन्छ । ह्युगो चाभेजलाई त फिडेल क्यास्ट्रोले आफ्नो विचारको उत्तराधिकारी भनी केही समय अगाडि भेट्न जानेहरूलाई भनेको कुरा बाहिर आएको छ । आफ्नो ४० वर्षभन्दा लामो राजनीतिक यात्रामा भेनेजुएला मात्र एउटा देश, जसलाई आफूले क्युबापछिको समाजवादी मोडेल पछ्याइरहेको पाएको भनेर उनले भनेका थिए । चाभेज र मोरालेसले राजनीतिक रूपमा बहुलवादलाई अँगाले पनि आर्थिक र सामाजिक रूपमा क्युबाको मोडेललाई पछ्याउने कुरा यसअघि नै बताइसकेका छन् । चाभेजले घोषणा गरेका छन् कि उनी भेनेजुएलालाई २१ औं शताब्दीको समाजवादी मोडेलका रूपमा विकास गराउन चाहन्छन् । यस क्रममा उनले विगत छ वर्षका दौरानमा आर्थिक क्षेत्रमा थुप्रै कार्यक्रमहरू अगाडि बढाइसकेका छन् र उल्लिखित तीन राष्ट्रहरूमध्ये भेनेजुएला मात्र एउटा देश हो, जोसँग ऱ्याडिकल कार्यक्रम छ र त्यसलाई लागू गर्न सक्ने साधन र स्रोत पनि छ ।

संसारको पाँचौं तेलको भण्डार रहेको यस मुलुकको प्रमुख आयश्रोत पनि तेल निर्यात नै हो । यसका लागि अभाव भनेको राष्ट्रिय रूपमा सङ्गठनात्मक जालो र साङ्गठनिक कुशलता । तर क्युबा र बोलिभियाको स्थिति भने भेनेजुएलाको

जस्तो छैन । क्युबाले प्राकृतिक साधन र श्रोतको अभावमा नै विगत ४६ वर्षदेखि समाजवादी कार्यक्रम अगाडि बढाइरहेको छ भने हालै पहिलोपटक निर्वाचित बोलिभियाका राष्ट्रपति मोरालेस पनि आफ्नो मुलुकलाई समाजवादको बाटोमा हिँडाउने घोषणा गरेका छन् । ह्युगो चाभेजले ल्याटिन अमेरिकाका यी तीन मुलुकलाई राम्राहरूको थुप्रो (Axis of Good) संज्ञा दिएका छन् र भनेका छन् कि २१ औँ शताब्दीको समाजवादको मोडेल यी तीन ल्याटिन अमेरिकी मुलुकहरूबाट हुनेछ । विगत छ वर्षको आफ्नो कार्यकालमा आफ्नो मुलुकलाई यस दिशामा अगाडि बढाउनका लागि थुप्रै आर्थिक र सामाजिक क्षेत्रका कार्यक्रमहरू अगाडि बढाइसकेका छन् ।

खासगरी, तेलको अपार भण्डार रहेको त्यस मुलुकमा विगतमा उक्त तेल खानीहरू अमेरिका समर्थक मुठीभरका केही पुँजीपतिहरूको हातमा थियो भने चाभेजले आफ्नो कार्यकालमा त्यसलाई राष्ट्रियकरण गरेर त्यसको बिक्रीबाट आएको बचतलाई उनले गरिबीको रेखामुनि रहेका जनताको शिक्षा, स्वास्थ्य, आवासजस्ता क्षेत्रमा लगाएका छन् । त्यसैगरी, गरिबहरूका लागि सहुलियत पसलहरूको स्थापना गरिदिएका छन् भने मुलुकभर भूमिसुधारको कार्यक्रम अगाडि बढाएर विगतमा ७० प्रतिशतभन्दा बढी रहेको भेनेजुएलाको गरिबीलाई उल्लेख्य रूपमा घटाउने कार्य गरेका छन् । त्यसैगरी, अन्तर्राष्ट्रिय रूपमा पनि चाभेजले अमेरिकी साम्राज्यवादको विरोध गर्दै भेनेजुएलालाई क्युबाको पक्षमा खुला रूपमा उभ्याएका छन् । त्यसैगरी, उनले संयुक्त राज्य अमेरिकाको पहलमा यस क्षेत्रलाई खुला बजारका अगाडि बढाउन गरिएको उत्तर अमेरिकी स्वतन्त्र व्यापार क्षेत्र (North America Free Trade Area) प्रस्तावलाई चुनौती दिँदै आफ्नो मुलुक त्यस प्रक्रियामा सामेल नहुने घोषणा गरे भने अन्य ल्याटिन अमेरिकी राष्ट्रहरूलाई पनि त्यसका विरुद्धमा उभिनका लागि आह्वान गरेका छन् । यसको विकल्पका रूपमा उनले मर्कोसुर नामको अमेरिकाबाहेकको ल्याटिन अमेरिकी मुलुकहरूको छुट्टै क्षेत्रीय अवधारणालाई अगाडि बढाएका छन् ।

यसरी सिङ्गो ल्याटिन अमेरिकी जनमत अहिले दुई ध्रुवमा विभाजित बनेको छ र त्यसको एक ध्रुवको नेतृत्व चाभेजले गर्दैछन् भने अर्कोतर्फ अमेरिका आफ्ना केही बचेखुचेका देशको सहयोगमा प्रभाव विस्तारमा लागिपरेको छ । उनको अमेरिकाविरोधी अडानकै कारण चाभेज अहिले सिङ्गो ल्याटिन अमेरिकामा लोकप्रिय बनेका छन् र अधिकांश मुलुकको निर्वाचनमा उनको समर्थन र विरोध कता र कसलाई छ भन्ने कुराले अर्थ पार्न थालेको छ । आगामी छ वर्षका लागि अत्यधिक मत ल्याएर पुनः निर्वाचित भएका चाभेजका लागि यस किसिमका कार्यक्रमहरू सहज बनेका छन् र उनले यसलाई आफ्नो आगामी कार्यकालमा पनि निरन्तरता पनि दिने घोषणा गरेका छन् । तर, पहिलोपटक निर्वाचित बनेका बोलिभियाका मोरालेसका लागि भने चाभेजकै बाटोमा हिँड्न त्यति सहज नहने कुरा विश्लेषकहरूले बताउँदै आएका छन् ।

दोस्रो कार्यकालका लागि निर्वाचित ब्राजिलका लुला र उनीजस्तै विचार बोकेका चिली, निकारागुवा, इक्वेडर, अर्जेन्टिना र हैटीमा हालै निर्वाचित वाम समर्थक उम्मेदवारहरूलाई भने 'मोडरेट लेफ्ट' का रूपमा लिइन्छ । माथि उल्लेखित 'र्‍याडिकल लेफ्ट' को जस्तो त्यहाँको अर्थनीतिलाई राष्ट्रियकरण गरी समाजवादतर्फ उन्मुख नगरे पनि विगतका शासकहरूको जस्तो विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका नवउदारवादी आर्थिक नीतिहरू (New Liberal Economic Policies) लाई पनि जस्ताको तस्तै नपछ्याउने कुरा 'मोडरेट लेफ्ट' भनिनेहरूमा मतैक्यता देखिएको छ । यसका अलावा राष्ट्रिय रूपमा पनि तल्लो वर्गको आर्थिक अवस्था सुधार्नका लागि विभिन्न आर्थिक र सामाजिक सुधारका कार्यक्रमहरू लागू गर्ने घोषणा गरेका छन् । त्यसैगरी, 'मोडरेट लेफ्ट' हरूले अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरूद्वार निर्देशित अन्धाधुन्ध निजीकरणको विरोध, बहुराष्ट्रिय निगमहरूलाई बिनारोकटोकको लगानी गर्न नदिने, विगतका सरकारहरूले राज्यलाई क्रमशः शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खानेपानी, विद्युत्जस्ता आधारभूत कुराहरूका दायित्वबाट पन्छाउँदै लगेको कुराको विरोध पनि उनीहरूबीचको सामूहिक प्रतिबद्धताभित्र पारेका छन् । त्यस्तै सबै 'मोडरेट लेफ्ट' भनेर चिनिएका निर्वाचित राष्ट्रपतिहरूले अमेरिकी ती मुलुकहरूमाथिको अमेरिकी थिचोमिचो र हस्तक्षेपको विरोध गरेका छन् ।

राष्ट्रपति लुलाको कार्यकालमा ब्राजिलका केही भागमा लागू गरिएको बालिकालाई अनिवार्य स्कुल पठाउने कार्यक्रम, जसअन्तर्गत बालिका स्कुल पठाउने परिवारलाई सरकारका तर्फबाट निश्चित आर्थिक सहयोग दिइन्छ, साह्रै लोकप्रिय बन्न पुग्यो भने सरकारका तर्फबाट अगाडि बढाइएको गरिबी घटाउने र रोजगारी बढाउने कार्यक्रमहरू पनि धेरै नै लोकप्रिय बन्न पुगे, जसका कारण माध्यमिक शिक्षासम्म पनि पूरा नगरेका पूर्वमजदुर लुलालाई दोस्रोपटक निर्वाचित गराउनका लागि लागि प्रमुख कारक बन्नपुगे । करिब २० वर्षको सैनिक शासनको अन्त्यपश्चात् सन् १९८५ मा मात्र प्रजातान्त्रिक प्रक्रियामा आएको ब्राजिलमा विगतका निर्वाचित शासकहरूले भन्दा पृथक् लुलाको लेबोर पार्टीले सामाजिक सुधारका क्षेत्रमा, करको दायरा बढाउने कुरामा, न्याय सम्पादन क्षेत्रमा पनि उल्लेख्य सुधारका कार्यक्रमहरूलाई अगाडि बढाएको थियो र आगामी कार्यकालमा पनि ती कार्यक्रमहरूलाई निरन्तरता दिने र त्यसका अलावा आफ्नो कार्यकालमा ब्राजिललाई गरिबीशून्य मुलुक बनाउने घोषणा गरेका छन् ।

आफ्नो विगतको कार्यकाल अमेरिकी साम्राज्यवादको ठाडो हस्तक्षेपका कारण जनताको अपेक्षा अनुसार आर्थिक, सामाजिक र राजनीतिक सुधारका कार्यक्रम लागू गर्न नसकेको र ती जनपक्षीय कार्यक्रमहरू लागू गराउन पुनः निर्वाचित हुनुपर्ने अपिलका साथ १५ वर्षपछि निकारागुवाका डानियल ओर्टेगा विजयी बनेका हुन्। विगतको जस्तो 'र्‍याडिकल लेफ्टिस्ट कार्यक्रम अहिलेको सन्दर्भमा व्यावहारिक हुन नसक्ने धारणा व्यक्त गरेबापत केहीले आलोचना गरे पनि निकारागुवाली जनतालाई अमेरिकी थिचोमिचोबाट मुक्त गराई व्यापक आर्थिक सुधारका कार्यक्रमहरू लागू गर्ने वचन उनले आफू दोस्रो कार्यकालका लागि विजयी भएपश्चात् दिएका छन्। त्यस्तै चिलीको हालैको निर्वाचनमा पहिलोपटक विजयी बनेकी महिला राष्ट्रपति माइकलेत बेच्लेतले पनि समाजवादी पार्टीको उम्मेदारका रूपमा जितेकी हुन्।

सैनिक शासक अगस्तो पिनोचेटका विरुद्धमा आन्दोलनरत रहँदा विगतमा उनी पनि गिरफ्तार भएकी थिइन् र पछि उनको आमासँगै उनलाई अस्ट्रेलियामा निर्वासनका लागि पठाइएको थियो। स्मरण रहोस्, उनका बाबुलाई सन् १९७३ को सैनिक 'कू' हुँदा गिरफ्तार गरी चरम यातना दिइएको थियो, जसको कारण उनको सन् १९७४ मा मृत्यु भएको थियो। अमेरिकी साम्राज्यवादविरोधी धारणा राख्ने यी महिला राष्ट्रपतिले पनि चिलीका खासगरी पिछडिएका जनसमुदायको हितमा आफ्ना क्रियाकलापहरू रहने कुरा बताउँदै आएकी छन्। त्यस्तै दक्षिण अमेरिकाको एक मात्र देश जहाँ अमेरिकी सेना तैनाथ छन्, त्यसलाई आफ्नो देशबाट सदाका लागि हटाउने प्रतीज्ञा गरेर निर्वाचित भएका इक्वेडरका राष्ट्रपति पनि आफ्नो कार्यकालमा आधारभूत जनताको अवस्था उकास्ने र राष्ट्रिय हितका कार्यक्रमहरू लागू गर्ने घोषणा गरेका छन्। यसका अलावा हैटी, उरुग्वे, एल साल्भाडोर र अर्जेन्टिनामा निर्वाचित उम्मेदवारहरूले पनि आफूलाई अमेरिकी नीतिको विपक्षमा उभ्याए र राज्यका तर्फबाट व्यापक जनहितमा खासगरी स्वास्थ्य, शिक्षा, आवास, खानेपानी, रोजगारी आदिजस्ता विषयहरूमा कार्यक्रमहरू अगाडि बढाउने नीतिहरूलाई आफ्नो कार्यकालमा प्राथमिकता दिइने बताएका छन्।

यसरी अन्तर्राष्ट्रिय रूपमा अमेरिकी थिचोमिचो र अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरूका नवउदारवादी आर्थिक नीतिहरूको विरोध र राष्ट्रिय रूपमा जनताका आधारभूत क्षेत्रहरूमा राज्यको भूमिका बढाउने र लोककल्याणकारी नीतिहरू लगू गर्दै समाजवादी अर्थतन्त्रको विकास गर्ने प्रतिबद्धता ल्याटिन अमेरिकाका हालैका निर्वाचित उम्मेदवारहरूको साझा प्रतिबद्धता देखिएको छ। त्यस्तै अनियन्त्रित निजीकरणको विरोध र बहुराष्ट्रिय निगमले राखेका सर्तहरूलाई पनि सामूहिक हिसाबले प्रतिवाद गरिने घोषणा गरेका छन्। अर्थात्, सन् १९८० को दशकमा सैनिक शासनको अन्त्य गरी उदार प्रजातान्त्रिक व्यवस्था स्थापना गरेका यी मुलुकहरूमा विगतका दुई दशकमा त्यसयता निर्वाचित सरकारहरूले सैनिक शासनकालमा भन्दा आर्थिक र सामाजिक क्षेत्रमा परिवर्तनको अनुभूति दिन नसकेपछि वामपन्थी उम्मेदवारहरूले ती क्षेत्रमा आधारभूत रूपमा आफ्नो कार्यकालमा फरक ल्याउने बचनबद्धताका साथ निर्वाचित भएका हुन्। यसबाट उदारीकरण र बजार अर्थतन्त्र नै एक मात्र मोडेल भन्दै समाजवादी युगको अन्त्य भएको घोषणा गर्ने पुँजीवादीहरूका लागि अहिलेको ल्याटिन अमेरिकी मुलुकहरूमा भएको निर्वाचन परिणामले नराम्रो बज्रप्रहार गरिदिएको छ भने लोककल्याणकारी र समाजवादी अर्थतन्त्रका पक्षधरहरूका लागि नयाँ चुनौती पनि खडा गरिदिएको छ। जनताको मन जितेर शान्तिपूर्ण आन्दोलनको माध्यमबाट समाजवादको लक्ष्यमा पुग्ने अठोट बोकेको हाम्रोजस्तो पार्टीका लागि यी निर्वाचन परिणाम सूक्ष्म ढङ्गले अध्ययन गर्नुपर्ने र यिनबाट उचित शिक्षा लिनैपर्ने विषय बनेको छ भन्दा अत्युक्ति नहोला।

# कुशल सङ्गठकको सधैं आवश्यकता हुन्छ

**' हर्कमान तामाङ**

नेपालको सबैभन्दा सुसङ्गठित, बृहत् र शक्तिशाली मार्क्सवादी-लेनिनवादी पार्टी हो नेकपा (एमाले)। वर्तमान नेपालको राजनीतिक इतिहासमा झण्डै डेढ दशकअघि नै स्थापित सत्य हो यो। सङ्गठन निर्माण, सञ्चालन र जनपरिचालनमा अत्यन्त सफल र कुशल, सबैखाले प्रतिभाहरूले सम्पन्न र सुयोग्य जनशक्तिको धनी। देशको शासन सञ्चालन गर्ने काममा समेत आजसम्मको नेपालको इतिहासमा श्रेष्ठता प्रमाणित गरिसकेको। सामन्तवाद, साम्राज्यवादको शोषणबाट मुक्त, समतामूलक र समृद्ध नेपाली समाजको निर्माणका लागि राष्ट्रिय विशिष्टता अनुरूप मौलिक कार्यक्रमसाथ अग्रगति लिँदैछ निरन्तर। समाजवादतर्फ उन्मुख जनताको बहुदलीय जनवादी समाज निर्माणका लागि निरन्तर कार्यशील। मार्क्सवाद-लेनिनवादको सार्वभौम सच्चाइको मार्गदर्शनमा समाजको विशिष्ट परिस्थितिसँग मिल्दो सिद्धान्त, कार्यक्रम र नीतिहरूका सुसङ्गत शृङ्खलाहरू छन्। ठोस र सुस्पष्ट कार्यदिशा छ। विभिन्न रूप, क्षेत्र र मोर्चाहरूका अहिलेसम्मका सङ्घर्षहरूमा माझिएर परिपक्वताका अनुभवहरू पर्याप्त छन्।

यस्तो गतिशील, प्रभावशाली र जनउत्तरदायी पार्टीका रूपमा नेकपा (एमाले) को द्रुततर विकास हुन कसरी सम्भव भयो ? यसका उत्तरहरू धेरै हुन सक्छन्। अनेकौँका बीचमा यो पनि सत्य हो : सिद्धान्तप्रतिको गहिरो निष्ठा, विचारमा सुस्पष्टता र सिर्जनशीलताले सम्पन्न, क्रान्तिकारी लक्ष्यमा अटल, प्रतिस्पर्धामा श्रेष्ठ, कर्मठ, त्यागी, इमानदार र खारिएका, माझिएका धेरै नेता तथा कार्यकर्ताहरूको अथक परिश्रम र निरन्तरको योगदानहरू पार्टीको निर्माणमा महत्त्वपूर्ण छन्।

कमरेडहरू रत्नकुमार वान्तवा, ऋषि देवकोटा आजाद, चन्द्रबहादुर पुरी, हरि नेपाललगायतका धेरै योद्धाहरूको उत्सर्ग छ। कमरेडहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र वीरेन राजवंशीहरूजस्ता धेरै सहिदहरूको ठूलो प्रेरणा छ। छिन्ताङ र पिस्करको योगदान छ। देशभरिका धेरै बहादुरहरूको त्याग र बलिदानको जीवन्त शृङ्खला छ। कमरेड मदन भण्डारीको अतुलनीय राजनीतिक नेतृत्व र कमरेड जीवराज आश्रितको बेजोड सङ्गठन क्षमताबाट यो निर्मित छ।

झापा सङ्घर्षको जगमा उभिएर देशभरिका कम्युनिस्ट क्रान्तिकारीहरूको एकताका रूपमा गठित को-अर्डिनेसन केन्द्र र पछि नेकपा (माले) का नाममा क्रान्तिकारी कम्युनिस्ट पार्टी गठन भएपछि अत्यन्त सीमित व्यक्तिहरूको अदम्य साहस र अथक परिश्रमले सङ्गठन निर्माण, प्रचार, प्रशिक्षण र आन्दोलनका कामहरू एकसाथ अघि बढ्दै गयो। घोर तानाशाही, फासिस्ट चरित्रको पञ्चायतकालमा यसरी कम्युनिस्ट पार्टीको काम गर्नु असाध्य कष्टकर थियो। कठोर भूमिगत शैली अपनाउँदै जनतालाई गोलबन्द गर्नुपर्ने, पञ्चायतविरोधी सङ्घर्षका नयाँनयाँ रूपहरू निरूपण गर्नुपर्ने, विद्यार्थी, शिक्षक, किसान मजदुरहरूलगायत आमजनसमुदायलाई आन्दोलित गर्नुपर्ने, महँगीविरोधी आन्दोलनका साथै राष्ट्रिय हित रक्षाका लागि आन्दोलनहरू सङ्गठित गर्ने कामहरू सहज थिएनन्। पञ्चहरू, प्रहरीहरू र जासुसहरूबाट जोगिएर काम गर्दागर्दै पनि सयौँको सङ्ख्यामा कार्यकर्ताहरू जेलमा कोचिएकै हुन्थे। यस प्रकार पार्टी र क्रान्तिप्रति पूर्णरूपले समर्पित, बलिदानी भावना भएका धेरै सङ्गठकहरूका अथक प्रयासबाट मात्र यो काम सम्भव भएको हो।

अहिले सम्झिँदा यस्तो लाग्छ, त्यसबेला सिङ्गो पार्टी पङ्क्तिले सुयोग्य र कुशल सङ्गठक पाएको थियो। राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण, वर्तमान कार्यभारहरूजस्ता स्थायी राजनीतिक विषयहरू मात्र होइन, कार्यकर्ताहरूका नितान्त व्यक्तिगत दुःखसुखका कुराहरू, समस्याका समाधानहरूसमेत अनिवार्य कामका रूपमा हुन्थ्यो। कोही बिरामी भएमा सकेसम्म सरल र सहज उपचारका उपायहरूको खोजी हुन्थ्यो। पार्टी पङ्क्तिले राजनीतिक सङ्गठकको प्रतीक्षा उत्सुकतापूर्वक गरिरहेको हुन्थ्यो। एकएक सेल्टरदाताका परिवारभित्र उनको उच्च सम्मान, हेरविचार र सुरक्षाको व्यवस्था हुन्थ्यो। दिनभरि र रातभरि कुराकानी हुन्थे। इतिहास, मार्क्सवादी दर्शन, ज्ञानका कुराहरू, समसामयिक सन्दर्भहरू र रोचक प्रसङ्गहरूले कार्यकर्ताहरूको जानकारीका क्षेत्रहरू व्यापक र उन्नत हुन्थे भने दिनरात बितेको पनि पत्तो नहुने।

यस्तै बेलामा इलाममा थिएँ म। मेचीको जिम्मेवार कमरेड दिनेश हुनुहुन्थ्यो। हँसिलो, रसिलो, मिजासिलो, साथीहरूप्रति अगाध माया भएको, उत्साही र साहसी। बोलीवचन मीठो थियो भने सुरिलो मीठो स्वरमा अन्तर्राष्ट्रिय गीत गाउनुहुँदाका क्षणहरू बिर्सिनसक्नुका हुन्थे। झापा, इलाम, पाँचथर र ताप्लेजुङका पहाड-पर्वतहरू चहार्दै दुई-तीन महिनामा एकपटक इलाम आइपुग्नुहुन्थ्यो उहाँ। हेर्दा चुस्त देखिनुभए पनि कहिले खुट्टाहरू सुन्निएका हुन्थे। कहिले ज्वरो आइरहेको हुने। तर पनि फूर्तिलो र जोसिलो भएर पार्टीका कामहरू सम्पादन गर्नुहुन्थ्यो। पार्टी पङ्क्तिका साथीहरू व्याकुलजस्तै भएर उहाँको प्रतीक्षा गरिरहेका हुन्थे। दिनभरि र रातभरिका बैठक, प्रशिक्षणहरू अत्यन्त चर्को निगरानी र कठोर दमनको आतङ्कपूर्ण अवस्थामा पनि सफलतापूर्वक सम्पन्न हुन्थे। व्यवस्थापन र बैठकको वातावरण यति राम्रो हुन्थ्यो कि दुई-तीन दिनको कार्यक्रम सम्पन्न भइसक्दा पनि केही कठिनाइ र असजिलो नहुने। कठिन समस्याको समाधान पनि सहज ढङ्गमा हुन्थ्यो। सबैमा पार्टीप्रतिको निष्ठा अरू बलियो बनाउन मद्दत हुन्थ्यो। सबैमा पार्टीको काम गर्ने जाँगर बढेर आउँथ्यो।

मेरो एउटा छोरा छ। उसको नाम सुरेन्द्र हो। एकदम प्यारो र राम्रो। सुशील र आज्ञाकारी पनि। म मोरङ आएपछि पनि तीन-चार वर्षजति मसँगै थियो। अचेल इलाममै छ। तर, ऊ मलाई चिन्दैन होला। मैले त झन् कसरी चिन्ने ? सरासर पढ्दै गएको हो भने डिप्लोमा पनि पास गरिसक्यो होला। लाठे भयो होला। सायद बिहे पनि भइसक्यो कि ? केसम्म सुनेको छु भने कुनै बेला कमरेड अगम वान्तवाले सोध्नुभएको थियो रे :

'एई सुरेन्द्र, तेरो बाबु कहाँ छ, भन् त ?'

'मधेसमा'- ऊ छोटो उत्तर दिन्छ।

'मधेसमा कहाँ नि ? अनि, तैँले चिन्छस् त ?'

'थाहा छैन। चिन्दिनँ।'

साँच्चै मैले उसलाई नदेखेको पनि २० वर्षजति भयो होला। अहिले कस्तो भयो होला ? पढाइ कतिसम्म भयो होला ? मलाई केही थाहा छैन। कहिलेकाहीँ सम्झना आउँछ। हेर्न र भेट गर्न मन त लाग्छ। तर, यतिका वर्षसम्म कहिले मौका जुराउन सकिनँ। साँच्चै भनूँ भने कमरेड अगमकै छोरा हो सुरेन्द्र। पार्टीका एक ज्यादै निष्ठावान भूमिगत कार्यकर्ता वहाँ। महिला कमरेड पनि भूमिगत नै। झण्डै तीन महिनाको भएपछि कसैको संरक्षणमा राखिदिएर महिला कमरेडलाई राजनीतिक कामका लागि अनुकूल बनाउनु आवश्यक थियो। कमरेड दिनेशले मलाई त्यो जिम्मेवारी दिनुभएको थियो। मसँगै हुर्केकोले सुरेन्द्रले मलाई नै बाबु ठानेको थियो। मेरा लागि पनि त ऊ छोरै थियो नि ! तर, मान्छेहरूले सधैँ सुरेन्द्रको र मेरो अनुहार हेर्ने र धेरैखाले अनुमानहरू गर्ने गर्दथे। तर, कसैले पनि मुख फोरेर कहिल्यै पनि केही भनेनन्। पार्टी र क्रान्तिका लागि दुवै जना समर्पित, दुवै जना भूमिगत र पूर्णकालीन राजनीतिक कार्यकर्ताहरू। पार्टीको विकास र विस्तारका लागि त्यो कति आवश्यक थियो। धेरै खुसीको कुरा। मैले बीटी रणदिभे र विमला रणदिभेको सम्झना गर्दथेँ र निकै फरक भए पनि नेपाली क्रान्तिमा होमिएको यो जोडीसँग तुलना गर्दथेँ। प्रबुद्ध मार्क्सवादी अर्थशास्त्री रणदिभे भारतको मार्क्सवादी कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य थिए र विमला पनि भारतीय कम्युनिस्ट पार्टीकी केन्द्रीय नेतृ थिइन्। दुईचोटि मैले उहाँहरूसँग भेट्ने अवसर पाएको थिएँ। अहिले त उहाँहरू बितिसक्नुभयो, उच्च कम्युनिस्ट आदर्श

छाडेर । पूर्णकालीन पार्टी कार्यकर्ता, त्यसमा पनि महिला । उनको समस्याको समाधान खोजेर कामका लागि अनुकूलता सिर्जना गर्ने दायित्वबोध थियो कमरेड दिनेशमा । मातहतका कार्यकर्ताहरूप्रति कति संवेदनशील हुनुहुन्थ्यो ! सबै कार्यकर्ताहरूले उहाँलाई असली अभिभावकका रूपमा बुझेका थिए । गम्भीर गल्ती गर्ने कार्यकर्ताको रूपान्तरण पनि बढो सहजसाथ हुने गर्दथ्यो । धेरैले त धेरैपछि मात्र कुरा बुझ्दथे अनि आफनो कमजोरी सम्झेर लज्जित हुने गर्दथे ।

एक साँझ कमरेड दिनेश मकहाँ आइपुग्नुभयो र बस्दै नबसी भन्नुभयो :

'कमरेड, एउटा निकै ठूलो समस्या आइलागेको छ । भनूँ पनि कसरी भनूँ, नभनूँ भने यस्तो अप्ठ्यारो समस्या छ । तुरुन्तै समाधान गर्नुछ ।'

'कस्तो समस्या होला कमरेड ?' चासो लागेर प्रश्न गरेँ, 'म केही सहयोग गर्नसक्छु कि ?'

'हो, कमरेडले नै सहयोग गर्नुपर्लाजस्तो छ । एकजना भूमिगत महिला कमरेड हुनुहुन्छ । बच्चा जन्मिने अवस्था भएकाले उहाँलाई तल तराईतिर लैजाने योजना थियो ।'

'अनि ?'

'जाँदाजाँदै बाटोमै बच्चा जन्मिएछ । अब कहाँ लैजाने ? के गर्ने ? बडो फसाद पर्‍यो । अलि बिरामी पनि हुनुहुन्छ ।'

एकछिन सोचेर फेरि उहाँले भन्नुभयो, 'राम्रो सम्भार भएन भने अलि अप्ठ्यारो पनि पर्नसक्छ । जतिसक्दो छिटो उद्दार गर्नुपर्ने अवस्था छ ।'

उहाँ निकै चिन्तित हुनुहुन्थ्यो । धेरै अप्ठ्यारो अवस्थामा रहेकी एक क्रान्तिकारी महिलालाई तुरुन्तै सहयोगको आवश्यकता परेको थियो । ठूलो भरोसा र विश्वास लिएर उहाँ आउनुभएको थियो । मैले नकारात्मक बन्नु ठीक थिएन । उहाँलाई मैले सहयोग गर्ने आश्वासन दिएँ अनि तुरुन्तै एउटा जीप खोजेर महिला कमरेडलाई लिन गएँ । फिक्कलदेखि अलि परतिर आइतबारेनिर बाटोको छेउमा पर्खेर बस्नुभएको रहेछ । त्यस अवस्थाको एक महिलालाई घरमा ल्याएको देखेर छरछिमेकहरू पनि छक्क परे । आफन्त पर्ने हो । अलिक दिन औषधि गर्न आउनुभएको हो भन्ने गर्दथेँ । पत्याउथे कि पत्याउँदैनथे, थाहा छैन । थाहा हुनु जरुरी पनि थिएन । तीन महिनाजति आराम गरेपछि उहाँ राम्ररी स्वस्थ हुनुभयो र बिदा भएर जानुभयो । बिदा हुँदा उहाँको मुख जबरजस्त मुस्कुराइरहेको थियो भने आँखा आँसुले डबडब भएका थिए । पार्टी खुला भएको यतिका वर्षहरू बिते तर अझसम्म उहाँसँग भेट हुन पाएको छैन ।

'दाइ, आज एउटा विशेष कुरा गर्नुछ ।'

मेरा सामु मुसुमुसु हाँस्दै उभिएका थिए मोहनशङ्कर । उनको यस्तो हठात् उपस्थितिको मैले कल्पना गरेको थिइनँ ।

सोधेँ, 'भन्नोस्, कस्तो विशेष कुरा हो ?'

'रिसाउनु हुन्छ कि ? तर, रिसाएरै पो के हुन्छ र ?' यति भनेर उनी मज्जाले हाँसे ।

एक समयमा इलामका सक्रिय राजनीतिक कार्यकर्ता । नेकपा (माले) का सङ्गठित कार्यकर्ता । खूब सक्रिय । जनवादी कलाकार पनि ।

'दाइ, मलाई क्षमा गर्नुहोस् । अब त मैले तपाईंलाई सबै कुरा भन्नैपर्छ । भर्खरै मात्र म गुप्तचरको डीएसपीबाट रिटायर भएँ । तर, यो पनि सत्य हो कि मैले पार्टीलाई क्षति पुर्‍याउने काम कहिल्यै पनि गरिनँ । यदि मैले नियत खराब गरेको भए धेरै ठूलो क्षति पुर्‍याउन पनि सक्ने थिएँ ।'

म हेरेको हेर्‍यै भएँ । गर्वबोध गर्दै भए पनि निकै गम्भीर मुद्रामा थिए उनी । अनुहारमा पश्चात्ताप हो कि जस्तो पनि देखिन्थ्यो । उनी भन्दै गए, 'राती अखिलको पोस्टर टाँस्न गएको थिएँ । टुँडिखेल र मालापथमा गरी दुई ठाउँमा टाँस्यौँ । तर, मलाई राती के भयो के भयो ! डर लाग्यो । रातभरि निद्रा लागेन । भोलिपल्ट बिहानै उठेर सीधैँ अञ्चलाधीशकहाँ गएर सबैकुरा विस्तारसाथ बताएपछि मात्र मन हलुँगो भयो । त्यसैबेलादेखि म गुप्तचरको जागीरे भएँ । मलाई थाहा छ, मेरा बारेमा पार्टीलाई पनि थोरबहुत थाहा छ । तर, मैले पनि कुनैखाले जोखिम बेहोर्न परेन । यो मेरा लागि खुसीको कुरा हो । म वास्तवमा तपाईंलाई नै पछ्याउँदै आएको थिएँ ।'

मलाई सम्झना भयो, देवी ओझाहरूसँग एउटै घरमा मेरो डेरा थियो दमकमा । त्यसबेला पनि मकहाँ उनी आएका थिए । एकाध घण्टा इलामको गफ गरेर फर्केका थिए । म बेलबारी आएपछि पनि उनी आए । त्यसबेला उनी ज्यादै निरास र दुःखी देखिन्थे । इलाममा टिक्नै नसक्ने अवस्था भएको । प्रतिक्रियावादीहरूले साह्रै खेदो गरेको । सरसहयोग गर्ने कोही पनि नभएको । यस्तै यस्तै कुरा गरेर बेलबारीतिरै हातमुख जोर्नका लागि जसरी पनि कुनै न कुनै उपाय गर्न उनले अनुरोध गरेका थिए । त्यसपछि केराबारीको भलुवा निम्न माध्यमिक विद्यालयको शिक्षकका रूपमा उनलाई नियुक्ति दिलाइएको थियो । तर, उनी कतै स्थिर रहेनन् । विभिन्न ठाउँमा गएर विभिन्न खाले काम गर्न थालेको चर्चा हुन थाल्यो । पार्टीको शैलीलाई राम्ररी आत्मसात गरेका, मिलनसार र राम्रो कलाकार पनि हुनाले सबै ठाउँमा उनी राम्ररी घुलमिल भएका थिए । झापाली साथीहरूले बेलैमा उनीबाट सतर्क रहन, प्रमाण नभए पनि मान्छे शङ्कास्पद हो भनेर सचेत गराएकाले गोपनीयताहरू जोगाइएका थिए ।

अत्यन्त राम्रा सम्भावनाहरू र उज्ज्वल भविष्यतिर अघि बढिरहेको यस बेलाको नेकपा (एमाले) मा भूमिगत अवस्थामा हुँदाको जस्तो उत्साह र उत्सर्गको भावनाले ओतप्रोत भएका, मातहतका कार्यकर्ताहरूप्रति त्यस्तै असीम माया र स्नेह भएका, सहयोगका लागि सदा तत्पर, सङ्गठन कुशलता र दूरदर्शिताको कमी हुँदै गएको अनुभूत भइरहेछ । उसबेला थोरै मान्छेले गर्ने कामहरू अहिलेको व्यापक सङ्ख्याले पनि गर्न नसकेजस्तो लाग्छ । रामेश र मञ्जुलको अत्यन्त गहकिलो गीति कार्यक्रमहरू मनोरञ्जन र गतिला राजनीतिक प्रशिक्षणका रूपमा पनि सम्पन्न हुन्थे । खासखुसको भरमै

सयौँको जमघट हुन्थ्यो । अहिले त महत्त्वपूर्ण राजनीतिक आन्दोलनको कार्यक्रमसमेत सङ्गठित सदस्यहरूलाईसम्म थाहा हुन छाडेको छ । पुराना, समर्पित र निष्ठावान कार्यकर्ताहरू क्रमशः पछि पर्दै गइरहेका छन् । कठिन अवस्थामा ठूल्ठूला जोखिमहरू उठाउँदै पार्टीलाई बचाउने कार्यकर्ताहरूमा निराशा उत्पन्न नहोस् भनेर सधैँ सजग हुनु राम्रो हो ।

मात्रात्मक विकाससँगै गुणात्मक विकास आवश्यक छ । तर, यो कठिन काममा पर्याप्त ध्यान पुग्नसकेको छैन । बिनापूर्वाधार सदस्यता वितरण, नेतृत्व विकासका समस्याहरू र अनुशासनहीनता र उद्दण्डता बढ्दो छ । क्रान्तिकारी सिद्धान्तले सम्पन्न हुनुपर्नेमा अवसरहरूको खोजीको क्रम तीव्र छ । स्वार्थी, पदलोलुप र सुविधाभोगी प्रवृत्तिको विकास भएको छ । कार्यकर्ताको समुचित विकास र रक्षाको प्रश्न गौण बन्दै गएको छ । सर्वहारावर्गीय दृष्टिकोण, पक्षधरता, क्रान्तिकारी शैली र आदर्शहरू कमजोर भइरहेछन् । पार्टीका फैसलाहरू कार्यान्वयन गर्ने विषय ऐच्छिक बन्ने गरेको छ । सादा जीवन र उच्च विचारका भावनाहरू डगमगाएका छन् । उपभोक्तावादी संस्कृति मौलाउन खोजिरहेको छ । अनुशासन र पद्धतिका विषयहरूले कम महत्त्व पाउन थालेका छन् । पार्टीको विस्तारसँगै सुदृढीकरण हुनसकेको छैन । प्रवेश गराइएकाहरूलाई रूपान्तरण गर्ने कामले आवश्यक महत्त्व पाउन सकेको छैन । यसरी समाजको क्रान्तिकारी रूपान्तरणको रणनीतिक लक्ष्यहरूलाई कसरी अघि बढाउन सकिन्छ ?

व्यापक जाँचपडताल हुने गरेको कठिन भूमिगत अवस्थामा समेत पार्टीभित्र जासुसहरू प्रवेश गर्न सम्भव थियो भने अहिलेको खुला ढोकाबाट जस्तासुकै व्यक्ति पनि सहजैसँग पार्टीभित्र प्रवेश हुन सक्छन् । यसकारण रूपान्तरणको उचित प्रक्रियाहरूको प्रभावकारी अवलम्बन गर्नैपर्छ । नत्र भने डरलाग्दा दुर्घटना पनि हुन सक्छन् । दुर्घटनाहरू दासढुङ्गाकै रूपमा मात्र हुन सक्छन् भन्ने होइन । कल्पना नै नगरिएका घटनाहरू पनि हुन सक्छन् । पार्टीका निर्माताहरू सबैले चिन्ता लिनैपर्दछ ।

# विद्यार्थी जागरण अभियान आवश्यकता र औचित्य

## ' गोकुल घर्ती

अनेरास्ववियु केन्द्रीय कमिटीको प्रथम पूर्ण बैठक २०६३ कात्तिक १८ देखि २२ गतेसम्म काभ्रेको धुलिखेलमा सम्पन्न भयो । उक्त बैठकले तत्कालीन राष्ट्रिय परिस्थितिको गहिरो विश्लेषण गर्दै आन्तरिक साङ्गठनिक कामलाई व्यवस्थित गर्ने योजना बनाउनुका साथै लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि राष्ट्रिय विद्यार्थी जागरण सञ्चालन गर्ने महत्त्वपूर्ण निर्णय गऱ्यो । नेपालको राष्ट्रिय राजनीतिमा तीव्र रूपमा फेरबदलहरू आइरहेको र महत्त्वपूर्ण राजनीतिक घटनाहरू भइरहेको परिवेशमा आयोजित सो बैठकले लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितताका निम्ति तीनमहिने राष्ट्रिय विद्यार्थी जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

**अभियानको आवश्यकता र औचित्य**

सबैलाई ज्ञात भएको विषय हो कि नेपालको वर्तमान राष्ट्रिय राजनीति सङ्क्रमणकालीन अवस्थाबाट अघि बढिरहेको छ । जनक्रान्तिको स्वरूप ग्रहण गरेको जनआन्दोलन-०६२/६३ को सफलताले नेपालको राजनीतिलाई उपरोक्त चरणमा प्रवेश गराएको हो । ०५९ असोज १८ र ०६१ माघ १९ को शाही घोषणाद्वारा सत्ता हत्याउन पुगेका ज्ञानेन्द्र र उनको शाही निरङ्कुशतालाई समाप्त पार्न आन्दोलनको आँधीबेहरी सिर्जना गर्नुको विकल्प थिएन । र, आन्दोलनलाई आँधीबेहरीका रूपमा अघि बढाउनका निम्ति जनताको साथ र सहयोग अनिवार्य थियो । जनतामा उत्साहको नयाँ तरङ्ग सिर्जना गर्नका लागि ठोस राजनीतिक प्रतिबद्धता व्यक्त गर्न जरुरी थियो । ११ वर्षको सशस्त्र द्वन्द्वको समाधान र शान्ति स्थापना, राजतन्त्रको समूल अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई राजनीतिक प्रतिबद्धताका रूपमा आन्दोलनरत सात दलका तर्फबाट व्यक्त गरियो । यसले जनतामा उत्साहको रक्तसञ्चार गऱ्यो र राजनीतिक प्रतिबद्धतामा व्यक्त भएका लक्ष्यहरूलाई आधार बनाएर विभिन्न चरण र उपचरणहरू पार गर्दै आन्दोलनले १९ दिने आमहडतालमा छलाङ हान्न पुग्यो । परिणामतः निरङ्कुश राजतन्त्रको अन्त्य भयो र मुलुक सङ्क्रमणकालको ऐतिहासिक चरणमा प्रवेश गऱ्यो ।

निरङ्कुश राजतन्त्रको अन्त्य भएको भए पनि वस्तुतः अहिले पनि राजतन्त्र जीवित अवस्थामा छ । ११ वर्षे सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण ढङ्गले समाधान गर्ने सार्थक प्रयास जारी रहेको भए पनि जनचाहना अनुरूप शान्तिपूर्ण ढङ्गले जीवनयापन गर्न पाउने वातावरण बन्न सकिरहेको छैन । यसर्थ, जनआन्दोलनको लक्ष्य पूरा भएको छैन र त्यसलाई ठीक ढङ्गले सम्बोधन गर्नका लागि जनताको सचेत पहल र क्रान्तिकारी हस्तक्षेपको आवश्यकता छ । यो आमनेपाली विद्यार्थीहरूको चासो र चिन्ताको विषयसमेत हो । सोही पक्षलाई मध्यनजर गर्दै नेपाली विद्यार्थी आन्दोलनको मूल प्रवाह अनेरास्ववियुले लोकतान्त्रिक गणतन्त्रको स्थापना र सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानको सुनिश्चितताका लागि राष्ट्रिय विद्यार्थी जागरण अभियान राष्ट्रव्यापी रूपमा सञ्चालन गर्ने निर्णय गरेको हो । लोकतान्त्रिक गणतन्त्र वर्तमान सङ्क्रमणकालको उपयुक्त व्यवस्थापन, जनआन्दोलन-०६२/६३ को म्यान्डेट, जनताको वर्तमान आकाङ्क्षा र सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानको अनिवार्य सर्त हो ।

जनआन्दोलन-०६२/६३ को सफल अवतरणले ११ वर्षे सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान र अग्रगामी परिवर्तनको ढोका खोलेको छ । आज मुलुक जुन आधारमा टेकेर अग्रगामी परिवर्तनको चरणमा प्रवेश गरेको छ, त्यो आधार निर्माणमा नेपाली युवा विद्यार्थीहरूको उल्लेखनीय भूमिका छ । र, त्यसलाई वाञ्छित सफलतामा पुऱ्याउनका निम्ति पनि नेपालका युवा विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण हुने कुरामा सायदै दुईमत होला । तर, आन्दोलनको सफल अवतरणपछि मुलुकको राजनीतिक क्षेत्रमा जुन प्रकारका परिघटनाहरू देखापरिरहेका छन्, यसले नेपाली विद्यार्थीहरूलाई हर्षित बनाउन सकिरहेको छैन र नेपाली

जनताको अग्रगामी परिवर्तनको आकाङ्क्षा पूरा हुन्छ भन्ने कुरामा अनेरास्ववियुलाई शङ्का छ । राज्य र माओवादीको व्यवहारले उपरोक्त तथ्यलाई थप बल प्रदान गरिरहेको छ ।

०६३ कात्तिक २२ गते आठ दलका शीर्ष नेताहरूको संयुक्त बैठकले हतियार व्यवस्थापन, संविधानसभा, त्यसको विधि, राजतन्त्रको भविष्य फैसला गर्ने विधि आदि जस्ता महत्त्वपूर्ण निर्णय गऱ्यो । बैठकले गरेका निर्णयहरूलाई हेर्ने र बुझ्ने सन्दर्भमा सहमतिले शान्तिको सम्भावनालाई नजिक ल्याइदिएको छ तर यसले अग्रगामी परिवर्तनको एजेण्डालाई ठीक ढङ्गले सम्बोधन गर्न सकेन भन्ने निष्कर्षमा अनेरास्ववियु पुग्यो । यो केवल आफूलाई फरक देखाउने अनेरास्ववियुको भावावेशको अभिव्यक्ति मात्र थिएन, तथ्यहरूलाई विश्लेषण गर्ने हो भने जोकोही पनि यो निष्कर्षमा पुग्नैपर्छ । चाहे त्यो निर्वाचन प्रणालीको कुरा गरौँ या राजतन्त्रको भविष्य फैसला गर्ने विधिको कुरा गरौँ, त्यो सहमतिमा काङ्ग्रेसको संवैधानिक राजावादी, यथास्थितिवादी र सुधारवादी राजनीतिक दृष्टिकोणको प्रतिविम्ब देखिन्छ । र, त्यो काङ्ग्रेसको संवैधानिक राजावादी अडानको पक्षमा माओवादी जानेर वा नजानेर उभिन पुगेको छ । यो निश्चित रूपमा अग्रगामी परिवर्तनका संवाहकहरूका निम्ति चिन्ता र दुःखको विषय हो । निर्वाचन प्रणाली केवल प्रतिनिधित्वको सवालसँग मात्रै जोडिएको विषय होइन, यो त देश र जनताको भाग्य र भविष्यसँग प्रत्यक्ष रूपले जोडिएको सवाल हो र प्राविधिक विषय हो भनेर जिम्मेवारीबाट पन्छिन मिल्दैन । माओवादीले समानुपातिक निर्वाचन प्रणालीको पक्षमा प्रारम्भिक दिनहरूमा वकालत गर्दै आएको थियो तर अन्तिम र निर्णायक घडीमा गिरिजा मान्दैनन् भन्ने वहानामा आफ्नो पूर्वमान्यताबाट पछि हट्यो र मिश्रित प्रणालीमा सहमति जनायो । यसरी यो मिश्रित निर्वाचन प्रणालीबाट गठन भएको संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको भविष्य टुङ्गो लगाउने सहमति भएको छ । गिरिजाप्रसाद कोइरालाको रोडम्याप त प्रस्ट छ कि उनले आफूलाई संवैधानिक राजावादीका रूपमा उभ्याइसकेका छन् ।

पहिलो कुरा, संविधानसभाको पहिलो बैठकबाटै राजतन्त्रको भविष्य फैसला गर्ने भन्ने सहमति शङ्कास्पद र त्यत्तिकै अपत्यारिलो छ । यसलाई पुष्टि गर्न टाढाको इतिहास पढ्नैपर्दैन । अन्तरिम संविधान निर्माणका निम्ति गठन गरिएको संविधान निर्माण समितिलाई १५ दिनको म्याद दिइएको थियो । १५ दिन होइन, आधा वर्ष भइसकेको छ । मानव अधिकारवादी, कानुनविद्, काङ्ग्रेस-एमाले र माओवादीको प्रतिनिधिहरू रहेको उक्त समितिको हालत यो छ भने भोलि बन्ने संविधानसभामा त राजावादीहरू समेत हुनेछन् । त्यतिबेला संविधानसभालाई अनिर्णयको बन्दी र अकर्मण्यताको सिकार बनाइँदैन भन्ने कुराको आधार के ? अहिलेसम्म यी प्रश्नहरूको भरपर्दो जवाफ र विश्वसनीय आधार भेटाउन सकिएको छैन ।

दोस्रो, एमालेले फरक मत जाहेर गरेको जनमतसङ्ग्रहको प्रस्ताव र समानुपातिक निर्वाचन प्रणाली बेठीक हो भन्ने कुरा तर्क र तथ्यद्वारा पुष्टि गरेर माओवादी पछि हटेको होइन, प्रस्ताव त ठीकै हो तर गिरिजा मान्दैनन् भन्ने नाममा आफ्नो राजनीतिक मान्यताबाट पछि हटेको देखिन्छ । भोलि गिरिजाप्रसाद कोइराला आलङ्कारिक राजाको पक्षमा उभिने, नेकपा (एमाले) गणतन्त्रको पक्षमा उभिने, अनि त्यतिबेला माओवादी कसको पक्षमा उभिने ? गिरिजाको कि एमालेको पक्षमा ? अहिलेसम्मको माओवादी व्यवहारको कुरा गर्ने हो भने उनीहरूले गिरिजालाई नै रोज्छन् भन्ने कुरा निसङ्कोच भन्न सकिन्छ । यो एउटा अनेक जालोहरूमा जेलिएको राजनीतिक परिस्थितिको बीचबाट लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितताका निम्ति अनेरास्ववियुले राष्ट्रव्यापी विद्यार्थी जागरण सञ्चालन गर्ने निर्णय गरेको हो । यो नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा नेपाली विद्यार्थीहरूले खेलेको विशिष्ट भूमिकाको निरन्तरता र प्रत्येक सचेत नेपालीहरूको अग्रगामी परिवर्तनको निम्ति निर्वाह गर्नुपर्ने भूमिकासमेत हो ।

यो अभियान निम्नबमोजिमका उद्देश्यहरू प्राप्तिका लागि सञ्चालन गर्ने निर्णय गरिएको हो ।

**(१) राजनीतिक**

(क) जनआन्दोलन ०६२/६३ ले स्थापित गरेका मान्यताहरूको पक्षमा दृढतापूर्वक उभिँदै अग्रगामी राजनीतिक परिवर्तनका पक्षमा अझ ठोस रूपमा व्यक्त गर्ने हो भने लोकतान्त्रिक गणतन्त्रको पक्षमा व्यापक जनमत निर्माण गर्ने र प्रतिगामीहरूले संविधानसभाको निर्वाचन र प्राप्त उपलब्धिहरूका विरुद्धमा गर्न सक्ने षड्यन्त्रका विरुद्धमा जनतालाई सजग बनाउने तथा उनीहरूको प्रतिरोधका निम्ति जनतालाई मानसिक र भौतिक रूपले तयारी हालतमा रहन अपिल गर्ने ।

(ख) प्रजातान्त्रिक मोर्चाको नाममा प्रतिगामी पुनःरुत्थानवादी शक्तिहरू र यथास्थितिवादी सुधारवादी शक्तिहरूको बीचमा गठजोडको सम्भावना बढेको छ । यसनिम्ति उनीहरूले प्रजातान्त्रिक मोर्चाको नेतृत्व प्रधानमन्त्री कोइरालाले गर्नुपर्छ भनेर खुला रूपले आह्वान गरिरहेका छन् । वर्गीय पक्षधरताका हिसाबले पनि उनीहरूको बीचमा मोर्चा बन्नसक्ने सम्भावना प्रवल छ । यस्तो स्थितिमा हामीले सकभर काङ्ग्रेसलाई गणतन्त्रवादीहरूकै मोर्चामा सामेल गर्नुछ । त्यसो हुन सकेन भने प्रतिगामी तथा यथास्थितिवादी सुधारवादी प्रवृत्ति नेपाल र नेपाली जनताको समृद्धि र प्रगतिको बाधक हो । अघिल्लो प्रवृत्तिलाई भौतिक रूपले समाप्त र दोस्रो प्रवृत्तिलाई वैचारिक हिसाबले पराजित गर्न जनतालाई आह्वान गर्नुपर्छ ।

(ग) उग्रवामपन्थी विचार प्रवृत्ति पनि नेपाल र नेपालीको समृद्धि र प्रगतिको बाधक हो र यसलाई वैचारिक सैद्धान्तिक रूपले पराजित गर्दै सही वैचारिक, सैद्धान्तिक र राजनीतिक मान्यताको पक्षपोषण गर्नका निम्ति आह्वान गर्ने ।

(घ) नेकपा (एमाले) को सैद्धान्तिक, राजनीतिक मान्यता र अडानहरूले जनअनुमोदन प्राप्त गरेका छन् । चाहे त्यो जबजको सवाल होस् या ०४७ को संविधानमा दर्ज गरेको २७ बुँदे असहमतिको सवाल, ०६२/६३ को जनआन्दोलनको सफल अवतरणले नेकपा (एमाले) को वैचारिक, सैद्धान्तिक र राजनीतिक मान्यताहरू सही रहेछन् भन्ने कुरा व्यवहारले पुष्टि गरेको छ । यी तथ्यहरूलाई जनताको बीचमा व्यापक प्रचार-प्रसार गर्दै गणतन्त्रवादी शक्तिहरूलाई एक हुनुका निम्ति आह्वान गर्ने र एमालेको पक्षमा व्यापक जनसमर्थन निर्माण गर्ने ।

**२) साङ्गठनिक**

विगत तीन-चार वर्षदेखि हामीले चाहेर पनि राजनीतिक-साङ्गठनिक कामलाई घनिभूत बनाउन सकेका छैनौँ । सबै शक्ति र समय प्रतिगमनविरुद्ध लड्नका लागि खर्चिनुपर्ने एउटा बाध्यात्मक परिस्थितिको निर्माण भयो । उपरोक्त पक्षलाई ध्यान दिँदै

यो अभियानमा साङ्गठनिक राजनीतिक कामलाई व्यवस्थित गर्ने योजना बनाएका छौँ । यस अन्तर्गत 'सबै शैक्षिक संस्थाहरूमा अखिलको सङ्गठन, सबै विद्यार्थीहरू अनेरास्ववियुमा' व्यानरका साथ साङ्गठनिक कामलाई अघि बढाइनेछ र सदस्यता प्रदान गरिनेछ । हजारौँको सङ्ख्यामा नयाँ विद्यार्थीहरूलाई सङ्गठित गरिनेछ । यो अवधिमा विधानले व्यवस्था गरेको साङ्गठनिक सञ्जाल तयार गरिनेछ र सङ्गठनलाई महासङ्घीय ढाँचामा रूपानतरण गर्न आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

**३) शैक्षिक**

अनेरास्ववियुको १८ औं राष्ट्रिय सम्मेलनद्वारा अघि सारिएको शैक्षिक पुनःसंरचनाको प्रस्ताव आमविद्यार्थीहरूको बीचमा प्रस्तुत गरिनेछ । विज्ञहरूसँग छलफल गरेर यसलाई अझ समृद्ध बनाइनेछ । यसका अतिरिक्त विद्यार्थी समुदायसँग सरोकार राख्ने माग ३३ प्रतिशत सहुलियतलाई संस्थागत गर्दै ५० प्रतिशतका लागि विद्यार्थी आन्दोलनको तयारीसमेत यस अवधिमा गरिनेछ ।

अन्त्यमा हाम्रा सामु गम्भीर चुनौती र विराट सम्भावना देखापरेको छ। चुनौतीलाई ठीक ढङ्गले सामना गर्दै सम्भावनालाई यथार्थतामा परिणत गर्न यो अभियान सञ्चालन गर्ने निर्णय गरिएको हो । यसको मूल मर्मलाई समातेर अघि बढ्न सकेको खण्डमा मात्रै सम्भावना यथार्थतामा रूपान्तरण हुनेछ भन्ने सत्यलाई हामी सबैले बुझ्नैपर्छ । हामी सबैले त्यस्तै गरौँ, जनताको अग्रगामी परिवर्तनको चाहना, यसैसँग जोडिएको छ ।

# कम्युनिस्ट आन्दोलनका शालिग्राम

## ' कमला पराजुली

'म पटकपटक जेल परेँ । २०२७ सालमा आमा बित्दा पनि म जेलमै थिएँ । आमा-बुबाको एक मात्र छोरो । बुबा ००१ सालमै बितिसक्नुभएको थियो, ७५ वर्षको उमेरकी आमालाई अन्तिम अवस्थामा मैले भेट्न पाइनँ र बितिसक्दा पनि अन्तिम श्रद्धाञ्जली दिनसमेत पाइनँ ।'

राजनीतिक जीवन देखेजस्तै सरल र सहज अनि सोचेजस्तै रमाइलो हुँदैन । पलपलमा अप्ठ्यारा र दुःखद क्षणहरू हुन्छन् । तर, ती सबै कुरालाई सहज मानेर अगाडि बढ्ने क्रममा राजनीतिक यात्रा चलिरहन्छ भन्ने कुरा शालिग्राम भण्डारीको अनुभूतिले बताउँछ ।

६९ वर्षीय कमरेड भण्डारी पार्टीका केन्द्रीय सल्लाहकार सदस्य हुनुहुन्छ । १९९४ साल माघमा प्यूठान जिल्लाको विजुवार गाविस टारीमा जन्मनुभएका कमरेड भण्डारीको सात वर्षकै उमेरमा बुबाको निधन भयो । दुई दिदी र उहाँ एक छोरालाई आमाले जसोतसो एक्लै हुर्काउनुभयो । दुई छाक खान-लगाउन राम्ररी पुग्ने परिवार भए पनि पारिवारिक रेखदेख र अभिभावकत्वको समस्या अन्य आयश्रोतको बाटो नहुँदा आमालाई घर चलाउन गाह्रै भएको उहाँले महसुस गर्नुभयो ।

एकल अभिभावक आमाको प्रयासलाई सम्झँदै माध्यमिक शिक्षासम्मको सन्दर्भमा उहाँ भन्नुहुन्छ- 'जे-जसरी भए पनि पढ्नुपर्छ भन्ने मान्यता राखेर आमाले गाउँकै विद्यालयमा मलाई १० कक्षासम्म पढाउनुभयो । तर, त्यतिखेर त्यहाँबाट प्रवेशिका परीक्षा दिन पाउने व्यवस्था थिएन । त्यसैले हामी गाउँका अन्य साथीहरूसहित ०१२ सालमा प्रवेशिकाको फर्म भरेर परीक्षा दिन बनारस गयौँ ।'

तर, बनारस जानु अगावै उहाँ राजनीतिक प्रभावमा परिसक्नुभएको थियो । राजनीतिक सन्दर्भमा उहाँ भन्नुहुन्छ- '०१० सालसम्ममा गाउँमा निकै राजनीतिक चहल-पहल बढिसकेको थियो । मोहनविक्रम सिंहको जिल्ला भएर पनि विशेष कम्युनिस्ट पार्टीको राम्रो प्रभाव थियो । तर, राजनीतिक काम एकैपटक जनताको तहमा लैजाने अवस्था थिएन र विद्यार्थी तहमा धेरै प्रभाव परेको थियो । त्यतिखेरैदेखि म पनि पार्टी सम्पर्कमा पुगेँ । क्रमशः मार्क्सवादी साहित्य र दर्शनको अध्ययन गर्दै मेरो राजनीतिक चेतना बढ्दै गयो । बनारसमा भरतमोहन अधिकारी, कमल कोइराला विद्यार्थी नेता हुनुहुन्थ्यो । त्यहाँ पनि म उहाँहरूको सम्पर्कमा रहेँ । ०१४ सालमा प्यूठानबाटै कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गरेँ । सदस्यता प्राप्त गरेपछि पार्टीको प्रचार-प्रसारको काममा जुटेँ । पढाइका क्रममा बनारमा रहँदा पनि प्यूठान आउने-जाने क्रम भइरहन्थ्यो । यसैगरी, ०१६ सालमा बनारसबाट बीएको परीक्षा दिएँ । ०१७ सालमा बीए पूरा भएपछि दुई वर्ष (०१९ साल) सम्म बीएल एड्मिन गरेर कानुन पढ्दै सङ्गठनको काम गर्दै म कलकतामा बसेँ ।'

कमरेड भण्डारी ०१९ सालमा गाउँ फर्कनुभयो र गाउँकै मुक्ति माध्यमिक विद्यालयमा अध्यापन गराउन थाल्नुभयो । त्यसै वर्ष उहाँ पार्टी जिल्ला कमिटीमा सङ्गठित भएर काम गर्न थाल्नुभयो । ०२३ सालमा उहाँ जिल्ला कमिटीको सचिव हुनुभयो ।

परिवारको एउटा छोरो, बुबा सानैमा बित्नुभएकाले घरायसी समस्यालाई आँखा चिम्लन नमिल्ने हुनाले जागिर उहाँको बाध्यता थियो । पेसागत र पार्टीको जिम्मेवारी सँगसँगै अगाडि बढाउदा उहाँले अनेक अप्ठ्याराहरूको सामना गर्नुपर्‍यो । ०२३ जेठमा पञ्चायती भ्रष्टाचारको विरोध गरेबापत दर्जनौं व्यक्तिलाई गिरफ्तार गरेको थियो । त्यही क्रममा उहाँ पनि साढे तीन महिना प्यूठान जेलमा रहनुभयो । त्यसको अर्को वर्ष ०२४ फागुनमा फेरि उहाँ गिरफ्तार हुनुभयो । त्यतिखेर

उहाँलाई भैरहवा जेलमा राखियो। तीन महिनापछि छुट्नुभयो। यसरी पटकपटक गिरफ्तार हुने क्रममा उहाँलाई विद्यालयबाट पनि निष्कासन गरियो।

केही समयपश्चात् वातावरण अलि शान्त भएपछि फेरि ०२५ सालको अन्त्यमा उहाँलाई त्यही विद्यालयमा बोलाइयो। ०२६ को सुरुमा पुनः विद्यालयको आवश्यकता र भावना विपरीत प्रशासनले आफ्नो पक्षमा गुप्तचरी गर्ने प्रतिक्रियावादी हेडमास्टर पठाएको आरोपमा विद्यार्थीले आन्दोलन चर्काए। त्यो आन्दोलन निरन्तर चार-पाँच महिना चल्यो। त्यही सन्दर्भमा ०२६ मङ्सिरमा पुनः उहाँ गिरफ्तार हुनुभयो। त्यसपटक उहाँलाई सल्यान जेलमा राखियो। उहाँ जेलमै रहेको समयमा ०२७ साउनमा उहाँकी आमा बित्नुभयो।

आमा बितेको खबर आएपछि पनि प्रशासनले उहाँलाई छाडेन। 'सानैमा बाबु गुमाएको एक मात्र छोरो भएर पनि आमाको अन्त्येष्टिमा पनि जेलमै रह्यो, निर्दयी प्रहरी-प्रशासनले छाडेन भनेर मप्रति सहानभूति राख्ने र मलाई माया गर्ने धेरै जनता भए। त्यतिखेर आमाको अन्त्येष्टिलगायतका सबै काम छरछिमेककै सहयोगमा भएको थियो' भन्दै सम्झना गर्नुहुन्छ कमरेड भण्डारी।

'०२७ फागुनमा म जेलबाट छुटेँ। एक वर्षसम्म गाउँमै बसेर स्थानीय तहमा पार्टी काममा जुटेँ। त्यतिबेला पनि म जिल्ला कमिटीमै थिएँ। तर, म शिक्षकचाहिँ थिइनँ। एक वर्षपछि ०२८ सालदेखिचाहिँ म पुनः पहिलेकै विद्यालयमा पढाउन थालेँ र ०३४ असारसम्म शिक्षण पेसालाई निरन्तरता दिँदै जिल्ला कमिटीको काममा जुटिरहेँ। ०३४ असारमा नेकपा चौमको देशव्यापी पर्चा अभियान भयो। त्यो पर्चा अभियानलाई पर्चाकाण्ड पनि भनिन्छ। ०३४ भदौ ७ गते म पुनः त्यो पर्चा काण्डमा गिरफ्तार भएँ। त्यसपटक राजकाज मुद्दा अन्तर्गत मलाई १० महिना दाङ जेलमा राखियो। ०३४ असारमा म जेलबाट छुटेँ। त्यसपछिचाहिँ मलाई कुनै हालतमा विद्यालयमा रहन नदिने भए।'

एकपछि अर्को समस्या थपिँदै जान्छ। समाधान हुन्छ, समस्या बल्झन्छ, पुनः समाधान हुन्छ, पुनः समस्या बल्झन्छ। यसरी हरेकपटक उहाँले आफूलाई सम्हाल्दै अगाडि बढाइरहनुभयो। पटक-पटक जेल पर्दै छुट्दै गरेपछि तनावयुक्त राजनीतिक वातावरणमा उहाँ गाउँमा बस्न सक्नुभएन र ०३५ सालको अन्त्यमा नेपालगन्ज जानुभयो। नेपालगन्जमा पार्टीसँग समन्वय गरेर पार्टीको काम पनि गर्दै, टेक्सटाइल उद्योगमा आय आर्जनको काम पनि गर्दै उहाँले दुई वर्ष बिताउनु भयो।

तर, त्यसबाट उहाँको समस्या समाधान हुन सकेन। उहाँले परिवारलाई राहत र सहयोग पुऱ्याउन सक्नुभएन। विस्तारै उहाँ पारिवारिक समस्या र आर्थिक बोझले थिचिन थाल्नुभयो। त्यसको केही समयपश्चात् (०३८) सालदेखि उहाँ दाङको घोराहीमा गएर कपडा पसल खोलेर बस्नुभयो।

त्यसपछिको क्रियाशीलताको सन्दर्भमा उहाँ भन्नुहुन्छ- '०३८ देखि ०४६ सालसम्म आफ्नो पेसा-व्यवसायमै केन्द्रित भए। मेरा धेरै व्यावहारिक-पारिवारिक समस्याको अल्झनले म सङ्गठन र पार्टीको काममा क्रियाशील हुन सकिनँ। झण्डै आठ-नौ वर्ष पारिवारिक समस्यामै अलमलिएर पार्टी कामबाट टाढा भएँ। पुनः ०४७ देखि म एमालेमै आवद्ध भएर आफ्नो राजनीतिक जीवनलाई निरन्तरता दिन थालेँ। म दाङ जिल्लाको बुद्धिजीवी परिषद्को जिम्मेवारीमा रहेँ।'

पुनः उहाँ थप्नुहुन्छ- '०५४ सालमा पार्टी विभाजन भयो, म मालेमा गएँ। त्यहाँ म केन्द्रीय न्यायिक कमिटीको सदस्य थिएँ। पछि ०५८ सालमा पार्टी एकीकरण भएपछि अहिलेसम्म म केन्द्रीय सल्लाहकार सदस्य छु र आफूले सकेसम्मको जिम्मेवारी बहन गर्दै आएको छु।'

कमरेड भण्डारीलाई कठिन राजनीतिक परिस्थितिमा पनि विचलित नभई निरन्तर अघि बढिरहन साथ, सहयोग र प्रेरणा दिने उहाँकी जीवन सहयात्री विश्वमाया हुनुहुन्छ। ०२४ सालमा भण्डारीको दाङ जिल्लाका कमरेड केशवराज गौतमकी छोरी विश्वमाया गौतमसँग विवाह भयो। पत्नी पनि राजनीतिक रूपमा सचेत परिवारकी छोरी र विद्यार्थी कार्यकर्ता भएकाले पनि अझ समझदार भएर आफूलाई साथ-सहयोग भएको ठान्नुहुन्छ। भण्डारीकी जीवन सहयात्री विश्वमाया पनि पार्टीको सङ्गठित सदस्य र अनेमसङ्घको जिल्ला सदस्य हुनुभएको थियो। आफ्नो विवाहको सन्दर्भलाई सम्झना गर्दै उहाँ भन्नुहुन्छ- 'अहिले भन्दा त्यतिखेर हाम्रा गाउँघरमा जातीय कट्टरता धेरै रहेछ। म जैसीको छोरालाई उपाध्याय ब्राम्हणकी छोरी दिए भनेर त्यतिखेर सामाजिक रूपमा मेरा ससुरालाई धेरैले कुरा काटेका थिए। कतिपय कर्मकाण्डका सवालमा तत्कालीन अवस्थामा बहिष्कारसमेत गरेका थिए। तर, उहाँ आफू पनि कम्युनिस्ट, राजनीतिक रूपमा सचेत हुनुभएकाले त्यो कुरालाई कुनै महत्त्व दिनुभएन।'

कमरेड भण्डारीका चारै सन्तान (तीन छोरा र एक बहिनी छोरी) को विवाह भएर अहिले आ-आफ्नो व्यवहार गरिरहेका छन्। जस्तोसुकै समस्या भए पनि छोराछोरीको पढाइलाई निरन्तरता दिएँ, पार लगाएँ, व्यवहार सकेँ भन्नुहुन्छ उहाँ। उहाँ छोराछोरी र पारिवारिक अवस्था बारेमा भन्नुहुन्छ- 'जेठो छोराले बीए पास गरेको छ दाङमै छ। माइलो छोराले समाजशास्त्रमा एमए पास गरेको छ, काठमाडौँमै बस्छ। कलेजमा समाजशास्त्र पढाउँछ। कान्छो छोरा र बुहारी अमेरिकामा छन्। छोरी नेपालगन्ज, कोहलपुरमा टेलिभिजनमा काम गर्छे। अहिले हामी दुई (पति-पत्नी) का लागि दाङ,

त्रिभुवन नगरपालिका घोराहीमा बस्ने एउटा घर र खेती गर्ने अढाइ बिघा जमिन छ । बेलाबेला कान्छो छोराले अमेरिकाबाट खर्च पनि पठाइदिने गरेको छ, छोराछोरी कसैको मलाई पीर छैन । आफू-आफू गरिखान सक्ने भएका छन् ।'

उमेरले बुढ्यौलीको सङ्केत गरे पनि भण्डारी आफूलाई तन्दुरुस्त र अझै केही गर्न सक्छु भन्ने ठान्नुहुन्छ । सधैँ सकारात्मक र आशावादी स्वभावका कारण उहाँले जस्तै अप्ठ्यारो परिस्थितिलाई पनि जीवनको दुःखको क्षण ठान्नुभएको छैन । उहाँ भन्नुहुन्छ- 'दुःखसुख भनेको जीवनमा आउने-जाने स्वाभाविक प्रक्रिया हो तर त्यसैले मलाई गलाउन र विचलित बनाउन सकेन । सुख र खुसीको सन्दर्भमा पनि अहिलेसम्म मेरा लागि त्यस्तो विशेष अवस्था आएको महसुस भएको छैन ।'

तर पनि आफू जेलमा रहेका बेला आमा बितेको खबर, मदन-आश्रितको दुर्घटना, छैटौँ महाधिवेशनपश्चात् पार्टी फुटेका घटनाले दुःखी भएको सम्झना गर्नुहुन्छ । आजसम्म आफूले हिँडेको बाटो र गरेको कार्यप्रति आत्मसन्तोष व्यक्त गर्नुहुन्छ । लामो पार्टी कामको अनुभव र समर्पण भएका कमरेड भण्डारी पार्टीलाई यस्तो सुझाव दिनुहुन्छ- 'पार्टी लगातार विचार, नीति, कार्यक्रम अनुसार अगाडि बढ्नुपर्छ । वैयक्तिक स्वार्थलाई त्याग्नुपर्छ र बृहत् स्वार्थ (शोषित-पीडित जनताका पक्षमा) काम हुनुपर्छ भन्ने मलाइ लाग्छ ।'

पार्टीप्रतिको व्यक्तिगत अपेक्षा, निजी कुण्ठा, आग्रह-पूर्वाग्रह र दिग्दारीलाई कहिल्यै आउन नदिई यो उमेरसम्म निरन्तर पार्टी काममा जुटिरहने भण्डारी हामी सबैका प्रेरणास्रोत हुनुहुन्छ ।

# बैतडीमा जनअभियान

## ' रामकुमार ज्ञवाली

गत असोज ८ गते एमाले केकस एवम् अञ्चल इन्चार्ज उर्वादत्त पन्त र अञ्चल सचिव एवम् केन्द्रीय उत्प्रेरक रामकुमार ज्ञवालीको समेत उपस्थितिमा जिल्लास्तरीय कार्यकर्ता भेला सम्पन्न गरी पार्टीले अगाडि सारेको लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान बैतडीमा सञ्चालन गरिएको थियो । नेकपा (एमाले) ले देशव्यापी रूपमा सञ्चालन गरेको यो अभियानलाई प्रभावकारी बनाउन केन्द्रीय उत्प्रेक खटाएर जुन महत्त्व दिएको छ, त्यसले सबै ठाउँमा निकै ठूलो प्रभाव पारेको छ ।

कार्यकर्ता भेला असोजमा गरे पनि नियमित अभियानमा हिँड्ने काम भने कात्तिक १० गतेदेखि सुरु भयो । रोडीदेवल गाविसमा पार्टीका नेताहरूको भेटघाटपछि कार्यक्रमको आरम्भ गरे पनि कात्तिक १२ गते कुलाउ गाविसमा त्यस भेगका जनसमुदायहरूको व्यापक सहभागितामा अभियानको महत्त्व एवम् पार्टीले अवलम्बन गरेको विगतदेखि हालसम्मको विचारका बारेमा प्रस्ट पार्ने काम गरियो । पार्टीले उत्प्रेरकका रूपमा खटाएको म रामकुमार ज्ञवाली, अनेमसङ्घका केकस एवम् महाकाली अञ्चल समन्वय कमिटीका सदस्य माया भट्ट, जिल्ला सचिव दामोदर भण्डारी, उपसचिव महादेव भट्ट, पार्टी जिकस कमरेडहरू नरेश विश्वकर्मा, वीरसिंह विष्ट, हजारी सावद, लक्ष्मण भट्ट र अनेरास्ववियु जिल्ला अध्यक्ष गौरीशङ्कर भट्टसमेतको टोलीले कुलाउँ गाविसमा व्यापक अन्तरक्रिया र छलफल गर्‍यो । विगतमा पार्टीले संविधान निर्माणका बखत राखेका २७ वटा असहमतिका बुँदाहरू, पछि त्यो संविधानमा संशोधन गर्न खोजिएका सवालहरू एवम् समस्या समाधानका लागि पार्टीले अगाडि सारेका नौबुँदे मार्गचित्रलगायत अहिले हाम्रो पार्टीले अगाडि सारेको लोकतान्त्रिक गणतन्त्रका बारेमा विभिन्न कोणबाट उठेका जिज्ञासाहरूका बारेमा प्रस्ट पार्ने काम भयो ।

बैतडी जिल्लामा ६२ वटा गाविस र एउटा नगरपालिका भएकाले धेरै भूभाग ओगटेको छ । एउटा दशरथचन्द नगरपालिका पनि विगतमा पाँचवटा गाविसलाई समावेश गरी बनाइएको छ । नेकपा (एमाले) सरकारमा सामेल भएका बेला सबै तयारी पूरा गरी ०५४ सालको स्थानीय निर्वाचनमा थपिएका नगरपालिकामध्ये बैतडीको पनि एउटा नगरपालिका हो । नगरपालिका घोषणा गरेर एउटा वातावरण तयार गरिए पनि पछिल्ला दिनहरूमा भएका सरकारी बेवास्ताले निकै धेरै पूर्वाधारहरू निर्माण गर्न बाँकी छ । विभिन्न वडासम्म पुग्नका लागि पनि धेरै विकटताहरू छन् । गाउँ विकास समितिहरूको विकटताका कुरा गर्ने हो भने त चर्चामा रहेको कर्णाली प्रदेशको सम्झना दिलाउँछ भन्छन् कर्णालीसमेत पुगेका केही कर्मचारीहरू ।

बहुचर्चित पञ्चेश्वर परियोजना निर्माणस्थल भनिएको पञ्चेश्वर गाविसको पारि भारतमा चम्पावत जिल्लाको पञ्चेश्वर ड्याम साइड पर्दछ । वारिपारि पञ्चेश्वर नै भनिन्छ । भारतको लोहाघाट भन्ने ठाउँबाट पञ्चेश्वरकै लागि बस र जीपहरूको राम्रो सुविधा छ । महाकाली नदी किनारसम्म नै करिब पिच बाटो छ । त्यो सबै सुविधा नेपालीहरूका लागि हो भन्दा अत्युक्ति हुँदैन । त्यहाँसम्म नेपालका गाउँबस्तीका लागि नून, तेलदेखि लिएर सबै दैनिक उपभोग्य वस्तुहरू एवम् खाद्यान्नसमेत त्यहाँबाटै नेपालीहरूले आपूर्ति गर्नुपर्दछ । तर, त्यस्तो अति आवश्यक ठाउँमा यातायातको निम्ति एउटा झोलुङ्गे पुलसम्म पनि बन्न सकेको छैन । त्यहाँ साँघुरो घाटमा एउटा डुङ्गा चल्दछ । त्यसको केही किलोमिटर तल पनि अर्को घाट छ । त्यसलाई धरमघाट भनिन्छ । त्यहाँ पनि डुङ्गा नै चल्दछ । बैतडी जिल्ला विकास समितिले त्यहाँको ठेक्काबाट समेत केही आवश्यक रकम आपूर्ति गर्ने गरेको त्यहाँका बासिन्दा बताउँछन् ।

०५८ सालदेखि माओवादीहरू गाउँमा उब्जिएपछि हालसम्म आइपुग्दा खेप्नुपरेको भोगाइका बारेमा कुरा गर्दा राजा ज्ञानेन्द्रको निरङ्कुशता त केही राजनीतिक पार्टीका कार्यकर्तालाई मात्र जानकारी होला तर माओवादीहरूको निरङ्कुशताको कुनै बयान गर्न सकिन्न ।

त्यो पञ्चेश्वर परियोजनाका नौ जना कर्मचारीमध्ये दुई जना मात्र त्यहाँ छन् । ती पनि त्यहाँका कुरुवा मात्र हुन् । माओवादीहरूले उनीहरूलाई हप्कीदप्की गर्ने, अभियान भनेर लिएर जाने, ती निम्न वैतनिक श्रेणीविहीन चौकीदारहरूसँग लेबी भन्दै रकम असुल गर्ने गरेका कुरा कहानीका रूपमा सुनाउँदै छन् । त्यो एक मात्र यातायात र ढुवानीको साधन डुङ्गाको ठेक्का माओवादीहरूकै हो । त्यहाँको डुङ्गा सामानहरू ल्याएको व्यक्तिसँगको कर असुली र दोकानदारहरूले बेच्ने गरेको त्यो दोकानको दर्तालगायत हरेक कुरामा माओवादीहरूले रकम असुली गर्दछन् । त्यत्तिले मात्रै पुग्दैन, कामै नभएका बखतमा पनि अभियानका नाममा कहिले पुरुष, कहिले शिक्षक, विद्यार्थी, महिलाहरूसमेत दूधेबालक छोडेर हिँड्ने गरेको दुःखद कथा यति दयनीय छ, सीमा नै छैन । त्यसमाथि हूलका हूल खान आउनेहरूले सताएको कहानीसमेत मिसिन्छ त्यसैमा । माओवादीबाहेक अरू पार्टीमा लाग्न नपाइने र यति सारै कहालीलाग्दो दारुण कथाले गाउँलेहरूका बीचमा राजा ज्ञानेन्द्रको निरङ्कुशता एवम् पार्टीले अगाडि सारेको लोकतान्त्रिक गणतन्त्रको अभियान ओझेलमा पर्ने स्थिति छ । धर्मभीरु नेपालीले अपनाएको धर्मान्धतालाई हटाउने नाममा गरिएका ज्यादती हेर्ने हो भने मन्दिरभित्र रहेका गरगहना लुटपाट, बृद्ध बाहुनहरूलाई जबरजस्ती भैँसीको मासु चखाउनेसम्मका कामहरू माओवादी पक्षबाट भएको र आफूले चाहे अनुसार पूजाआजा र भाकलसमेत गर्न नपाई छट्पटाएको कथा सदरमुकाम र त्यससँग जोडिएको गाविसबाहेक अरू जिल्लाव्यापी रूपमा सुन्नुपर्दछ ।

जनअभियानलाई सञ्चालन गर्दा प्रत्येक इलाकाको एउटा ठाउँमा सबै गाविसलाई केन्द्रित गरेर कार्यक्रम चलाउँदा पनि झण्डै ३५ दिन लागेछ । १३ वटा इलाकामा व्यापक धुमधामका साथ कार्यक्रमको विषयमा छलफल चलाइयो । दुई-चारवटा स्थानमा माओवादीको अघोषित डरत्रासले जनसहभागिता कम भए पनि सबैजसो ठाउँमा विभिन्न विचार राख्ने राजनीतिक पार्टीका साथीहरूको उलेख्य उपस्थिति रह्यो । हाम्रो पार्टीले अगाडि सारेको लोकतान्त्रिक गणतन्त्रको विषयलाई र जनमतसङ्ग्रहबाट नै राजतन्त्रलाई हटाउने प्रमुख विषयलाई कसैले डटेर काटन सकेनन् ।

सामन्ती सञ्जालबाट कहिल्यै पनि छुटकारा पाउन नसकेको बैतडीवासीहरूका लागि हाम्रो पार्टीको यो अभियानले महत्त्वपूर्ण छाप छोडेको छ । तार्किक ढङ्गले संयमित भएर मात्र जनताका सामु राजतन्त्रका गलत क्रियाकलापहरूलाई प्रवेश गराउन सकिन्छ । शिक्षा, स्वास्थ्य, सुरक्षा, खानपिन, रहन-सहनजस्ता सबै विषयहरूलाई सम्झाई-बुझाई गरेर मात्र जनताले पचाउन सक्छन् । जबरजस्ती गर्दै 'माने मान, म तेरो मेहमान' भन्ने शैलीले कुनै पनि हालतमा जनताको पङ्क्तिले राजनीतिक पार्टीहरूलाई विश्वास गर्दैनन् । बाबुबाजेको पालादेखि नै भानबहादुर चन्द, लोकेन्द्रबहादुर चन्द, डम्बरबहादुर बमजस्ता पञ्चहरूलाई छान्दै आएका बैतडीवासीहरूमा बहुदलीय व्यवस्था आएपछि पनि पुनः काङ्ग्रेसका नाममा विनयध्वज चन्द, नरेन्द्रबहादुर बम, केशव चन्द अनि भएन भनी पुनः लोकेन्द्रबहादुर चन्दलाई नै छान्नुपर्ने परम्परा स्थापित भयो । घुमीफिरी रुम्जाटार भनेझैँ माओवादीका खास नेता पनि लोकेन्द्रबहादुर चन्दकै, राप्रपाकै कार्यकर्ताहरूले राइँदाइँ गरेर थर्कमान बनाइएका छन् । राजनीति, विचार, दृष्टिकोण, बहुदलीयता भन्ने कुरा हिजो काङ्ग्रेसले र आज माओवादीले अङ्गीकार गरेनन् । यही विवशताको राजनीतिलाई चिरफार गर्न पनि यो हाम्रो अभियान अत्यन्तै सफल रहेको छ । यसलाई पुनः अभियानकै रूपमा पार्टीले निरन्तरता दिएमा मात्र नेकपा (एमाले) पार्टी सङ्गठित हुन सक्छ ।

बैतडीको एउटा भेक तल्लो सोराडको कुलाउँदेखि लिएर सर्लामी विलासपुर, मेलौली, पाटन, सिङ्लङ्गा, गाजरीसम्मका कार्यक्रम गर्दा जुन उत्साह थियो, २२ गते कात्तिकको *रेडियो नेपाल*बाट प्रत्यक्ष प्रसारण संसद् गतिविधि सात राजनीतिक दल र माओवादीबीचको समझदारीले अभियानमा हिँड्ने साथीहरू अझ बढी उत्साहित हुनुभयो । तर, माओवादी पङ्क्तिभित्र गाउँमा त्यसले खासै प्रभाव पारेको देखिँदैन । त्यसपछि पनि पुर्चौडी हाट, रुद्रेश्वर, श्रीकोट, रौलेश्वर अनि नगरपालिकाका जँग, पुर्चौडीहाट, त्रिपुरासुन्दरी चौराह, बाराकोट, नगतडी र थालीगडामा अभियानको कार्यक्रम सम्पन्न गरिएको छ । रुद्रेश्वर कार्यक्रमदेखि जिकस परमानन्द भट्ट पनि सहभागी हुनुभयो ।

बैतडी जिल्लामा बहुदलीय व्यवस्थाको पुनः वहालीपश्चात् काङ्ग्रेसको नै वर्चस्व रह्यो । ०५४ सालको स्थानीय निकायको निर्वाचनमा एमालेले जितेर केही कामको थालनी गरे पनि सरकारी संयन्त्र एवम् बसोवासको बनोट र चेतनाले सामन्ती संस्कृतिलाई छोड्न सकेन । ०५८ सालदेखि माओवादी प्रभाव देखिए पनि माओवादीहरूमा राजनीतिक रूपमा प्रशिक्षित गरेको पङ्क्ति ज्यादै न्यून छ । एमालेको विभाजनमा माले हुँदै माओवादी बनेका र माओवादीको दबाबमा माओवादी बनेका एमालेका केही कार्यकर्ताबाहेक अरूमा राजनीतिक-वैचारिक संस्कार देखिएन । एमालेले ती कार्यकर्ताहरूलाई वैचारिक-राजनीतिक रूपमा सम्पर्क र सम्बन्ध कायम गर्दै जाने हो भने एमालेमै फर्किने अधिक सम्भावना छ । अभियानका क्रममा यस्तो अनुभवसमेत गरिएको छ । माओवादीमा लागेर जेल जीवन बिताएकाहरूलाई र गाउँमा माओवादी पक्षमा लागेका केही व्यक्तिहरूसमेत अभियानका क्रममा हाम्रो पार्टीमा फर्केका छन् । बैतडी अभियानले राम्रो र अनुकूल वातावरण सिर्जना गरेको छ ।

# दैलेखमा अधिवेशन सम्पन्न

दैलेख । नेकपा (एमाले) दैलेखको चौथो जिल्ला अधिवेशनले टेकबहादुर खाँडलाई सचिव निर्वाचित गरेको छ । मङ्सिर २७ गते अधिवेशनको उद्घाटन पार्टी स्थायी समिति सदस्य केशव बडालले गर्नुभएको थियो ।

सर्वसम्मत रूपमा निर्वाचित २२ सदस्यीय जिल्ला कमिटीको उपचिवमा लक्ष्मीप्रसाद पाखेल निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा तेजबहादुर चन्द, राजबहादुर बुढा, सूर्यबहादुर शाही, लोमन शर्मा, राजबहादुर शाही, बरुनाथ योगी, प्रेम बुढा, रत्नबहादुर खड्का, जङ्गबहादुर शाही, मानबहादुर खड्का, ललितजङ्ग शाह, लोकेन्द्रजङ्ग शाही, पशुपति शर्मा, मीना रखाल, सूर्यकुमारी श्रेष्ठ, विना कार्की, गोपाल नेपाली, दीपबहादुर श्रेष्ठ, शेरबहादुर लामिछाने र हिक्मत विक रहनुभएको छ ।

उद्घाटन समारोहलाई पार्टीका केन्द्रीय सदस्य तथा भेरी अञ्चल इन्चार्ज गोविन्द कोइराला, केन्द्रीय अनुशासन निरीक्षण कमिटी सदस्य गौरा प्रसाईं, भेरी अञ्चल सदस्य यामलाल कँडेल, अमरबहादुर थापा, महेन्द्रराज शर्मा, तत्कालीन सचिव तेजबहादुर चन्दलगायतले सम्बोधन गर्नुभएको थियो ।

# महासचिवद्वारा अस्ट्रेलिया भ्रमण

काठमाडौँ । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल अस्ट्रेलियाको भ्रमण गरी फर्किनुभएको छ । साताव्यापी भ्रमणका लागि उहाँ पुस ६ गते त्यसतर्फ जानुभएको थियो ।

अस्ट्रेलियामा उहाँले नेपालमा चालू शान्ति प्रक्रियाका बारेमा प्रवचन दिनुका साथै डेमोक्र्याटिक फोरम अफ अस्ट्रेलियाको सम्मेलनको उद्घाटन गर्नुभएको थियो । महासचिव नेपालका साथ पार्टीका वैकल्पिक केन्द्रीय सदस्य महेन्द्रबहादुर पाण्डे पनि जानुभएको थियो ।

# खोटाङमा गणतन्त्रको जनअभियान

## ' विशाल भट्टराई

'लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने' मुख्य कार्यनीतिक नारा बनाउँदै सम्पन्न भएको नेकपा (एमाले) केन्द्रीय कमिटीको बाह्रौँ बैठक (०६३ साउन २० देखि भदौ २) ले अभियानको कार्यक्रमिक योजना बनाएको थियो । 'लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान' नाम दिइएको उक्त अभियानलाई सशक्त र उद्देश्यमूलक ढङ्गले सम्पन्न गर्नु पार्टीका तल्ला निकायहरूको गहन अभिभारा थियो। गणतन्त्र स्थापनाको युगीन अभिभारा पूरा गर्नुपर्छ भन्ने सङ्कल्पसाथ खोटाङमा पनि एमाले जिल्ला कमिटी सुव्यवस्थित योजनाका साथ अघि बढ्यो ।

तत्काल सचिवालयको बैठक बसी दुईवटा क्षेत्रीयस्तरका कार्यकर्ता भेला आयोजना गर्ने तयारीमा जुटियो । केन्द्रीय कमिटीका सदस्य एवम् इन्चार्ज सुरेश कार्की, अञ्चल सचिव सुमन प्याकुरेलको उपस्थितिमा खोटाङ बजार र खार्पामा क्रमश: क्षेत्र नं. २ र १ को बृहत् आकारका क्षेत्रीय भेलाहरू सम्पन्न भए । अतिथिद्वयका लागि अनपेक्षित लागेका क्षेत्रीय भेलाको उपस्थिति वास्तवमा अत्यन्त भव्य थियो । जिल्ला कमिटीको पूर्ण बैठक खार्पामै सम्पन्न गर्दै सबै इलाकास्तरीय कार्यकर्ता भेला गर्ने निधो भयो । तत्पश्चात् सबै इलाकास्तरीय कार्यकर्ता भेला तथा जिल्ला कमिटीका सदस्यहरू क्षेत्रीय भेलाको उत्साह बोकेर कार्यक्षेत्रमा जुट्नुभयो र अधिकांश इलाकाहरूमा इलाकास्तरीय कार्यकर्ता भेलाहरू आयोजना गरिए ।

जनअभियानका क्रममा दसैं र तिहारका बीचमा अनेरास्ववियुका पूर्व विदेश विभाग प्रमुख राजन राईको विशेष संयोजनमा अनेरास्ववियु जिल्ला कमिटीको आयोजनामा सदरमुकाममा 'शहिद मुक्सन किराँत स्मृति कप' भलिबल प्रतियोगिता सम्पन्न भयो । खोटाङकै इतिहासमा सर्वाधिक सहभागिता भएको, सर्वाधिक ठूलो पुरस्कार राशि र चार दिनसम्म हजारौँहजार दर्शक सहभागी भएको उक्त प्रतियोगिताले युवा विद्यार्थीहरूमाझ अत्यन्त चर्चा पायो । साथै, माओवादीद्वारा मारिनुभएका अनेरास्ववियुका पूर्व राष्ट्रिय पार्षद् कमरेड मुक्सन किराँतप्रतिको हाम्रो श्रद्धा र सम्मानलाई सशक्त रूपमा उजागर गऱ्यो । मुक्सनका आमा-बुबाबाट पुरस्कार वितरण हुनु तथा स्वयम् माओवादीबाट शुभकामना मन्तव्यका क्रममा पटकपटक 'महान् सहिद कमरेड मुक्सन किराँत' भन्ने कुराले अझ आकर्षण थपेका थिए ।

जनअभियानलाई विविधता दिनका लागि पार्टीले उत्तरी क्षेत्रको केन्द्र ऐँसेलुखर्क बजारमा भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो भने सहिद कमरेड मुक्सन किराँतको गाउँ लफ्याङमा धान काटेर श्रमशिविर गरेको थियो । जिल्ला कमिटीको नेतृत्वमा कार्यकर्ताहरूको ठूलो पङ्क्तिले एक दिन गाउँमा धान काट्ने अभियान सञ्चालन गरी स्थानीय जनतामा आकर्षण र चर्चा पाएको थियो ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय महासचिव जितु गौतमको उपस्थितिमा दलितहरूको बृहत् भेला दिक्तेलमा सम्पन्न भयो । यसले चर्च विश्वकर्माको नेतृत्वमा १५ सदस्यीय मुक्ति समाज जिल्ला समिति निर्माण गरेको छ भने गाउँगाउँमा मुक्ति समाज विस्तार र जनअभियानको सन्देश दलितहरूका बीचमा पुऱ्याएको छ ।

अर्को चरणमा जिल्ला कमिटीको आयोजनामा 'लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानको अभिमुखीकरण कार्यक्रम' विजयखर्कमा दुई दिनसम्म सञ्चालित भयो । जिल्ला कमिटी सदस्यहरू जिल्ला कमिटीका सल्लाहकारहरू, इलाका सचिवहरू, जनवर्गीय सङ्गठनका जिल्ला अध्यक्ष र सचिवहरू गरी एक सय जनालाई विविध विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा प्ररायुसङ्घका सचिवालय सदस्य रमेश राई, महिला नेतृ उषाकला राई, धरानका विद्यार्थी नेता प्रकाश राईलगायतका अतिथिहरू र जिल्ला कमिटीका अगुवाहरूले अभियानका विविध पाटाहरूको चर्चा गर्दै गर्नुपर्ने कामका बारेमा निर्देशित गर्नुभएको थियो । अभिमुखीकरणको उद्घाटन समारोह र राजापानी तथा विजयखर्कको जुलुसले अत्यन्त आकर्षण सिर्जना गरेका थिए ।

जिल्ला कमिटी सचिव विशाल भट्टराईले अभिमुखीकरणको अन्त्यमा १३ वटै इलाका, दुईवटै क्षेत्र, ७६ वटै गाउँमा जनअभियान सञ्चालन गर्ने कार्ययोजना प्रस्तुत गर्नुभएको थियो र व्यापक छलफलपश्चात् उक्त कार्यक्रमिक योजना पारित भएको थियो । उक्त योजनामा जिल्ला कमिटीका सदस्यको नेतृत्वमा दलित, महिला, युवा, विद्यार्थी, किसान, जनसांस्कृतिक, बुद्धिजीवीसमेत सम्मिलित १३ वटा टोली बनाइएको थियो । प्रत्येक इलाकामा अलगअलग टोली खटिने, त्यो टोलीले आफ्नो इलाकाभित्रका प्रत्येक गाउँमा अभियान सञ्चालन गर्ने, अन्त्यमा इलाकास्तरको सभा आयोजना गर्ने र उक्त सभामा केन्द्रीय उत्प्रेरकसहितको टोली पुग्ने गरी व्यवस्थित योजना निर्माण गरिएको थियो, जसअनुसार पार्टी सगरमाथा अञ्चल सदस्य एवम् उत्प्रेरक राममणि पोखरेल, जिल्ला कमिटी सचिव विशाल भट्टराई, अनेरास्ववियु, युवासङ्घ, महिला सङ्घ, किसान सङ्घ, मुक्ति समाजका प्रमुखहरू क्रमशः सम्बर भुजेल, जलेश्वर राई, गीतामाया राई, नृपध्वज राई, चर्चबहादुर विकलगायत राजन राई, हरिकुमार पोखरेल, शुक्र विक, गोपालचन्द्र राई, इलाकास्तरीय सभामा सहभागी बन्नुभएको थियो । त्यसबाहेक राम दङ्गाल, खडेन्द्र राई, देवी रेग्मी, उदय कार्की, मोहन गुरुङ, भागवत घिमिरे, विष्णु दाहाल, दीपनारायण रिजाल, सुरेन्द्रकुमार राई, शमशेर राई, गणेश कोइराला, पीके राई, मणिकुमार राई र अर्जुनकुमार गैरापिप्लीले नेतृत्व गर्नुभएको समावेशी खालको टीमले ७६ वटै गाउँमा पार्टीको उद्देश्यलाई पुऱ्याएको थियो ।

यस अभियानका क्रममा अनेरास्ववियुका जिल्ला कमिटी अध्यक्ष सम्बरबहादुर भुजेलको शुभविवाह दुवेकोल निवासी दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत चित्रकला भुजेलसँग जनवादी परम्परा अनुसार सुसम्पन्न भयो । स्थानीय गाउँले जनसमुदायको भव्य उपस्थितिमा सम्पन्न उक्त विवाह त्यस क्षेत्रको एउटा चर्चित प्रसङ्गसमेत बन्न पुग्यो ।

अभियानका दौरानमा खार्तम्छा गाविसका राप्रपाबाट २५ जना, काङ्ग्रेस (प्रजातान्त्रिक) का इलाका सचिव पुण्यप्रसाद निरौलासमेत दुवेकोलबाट काङ्ग्रेस र काङ्ग्रेस (प्रजातान्त्रिक) का ११ जना, पौवाशेराबाट नेपाली काङ्ग्रेसका शेरबहादुर राई, दुर्गाबहादुर खड्कासमेत पाँच जना, दलितहरू टेकबहादुर विक र नैनसिंह विक (डुम्रेबाट), काउलेका पूर्वप्रधानपञ्च भालुमान राई, डम्बर्खु शिवालयका पूर्वप्रधानपञ्च कृष्णकुमार राई, मौवाबोटेबाट चिरञ्जीवी राई, शुभ राई, साजबहादुर राई, जुक्तिराम राईलगायत २० जना, फाक्टाङबाट नेपाली काङ्ग्रेसका राजवोल राई, जलबहादुर राईलगायत थुप्रै व्यक्तिहरू प्रवेश गर्नुभएको छ ।

विगतमा मालेमा रहनुभएका जिल्ला कमिटी सदस्य प्रदीप राई, दिलचक्र राईलगायत दोर्पा चिउरीडाँडाबाट, सचिव राजन राईलगायतको सिङ्गै गाउँ कमिटी बोपुङबाट, सचिव जेपी राईलगायतका सिङ्गै गाउँ कमिटी खिदिमबाट, इलाका सचिव कर्ण राई र जनसांस्कृतिकर्मी बलराम राई चिसापानीबाट एमालेमा सक्रिय रहने घोषणा गर्नुका साथै विभिन्न कमिटीमा सङ्गठितसमेत भइसक्नुभएको छ ।

जनअभियानको समापन समारोह भव्य सभाका साथ दक्षिणी क्षेत्रको चिसापानी बजारमा सम्पन्न भयो । सो सभापश्चात् आयोजित आदिवासी जनजातिहरूको बृहत् भेलाले पीके राईको संयोजकत्वमा नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ जिल्ला समिति गठन गरेको छ भने खडेन्द्र साम्पाङ राईको संयोजकत्वमा नेपाल लोकतान्त्रिक किराँत राई सङ्घ जिल्ला समिति खोटाङ गठन गरेको छ । भेलालाई केन्द्रीय उत्प्रेरक राममणि पोखरेललगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

समग्रमा भन्नुपर्दा तीन महिना लामो यो अभियानका क्रममा बाँकी रहेका पाँचवटा इलाका अधिवेशन, २५ वटा गाउँ अधिवेशन, १५ वटा गाउँ सक्रिय दल पुनःगठन, अधिकांश इलाका र गाउँहरूमा जनवर्गीय सङ्गठन निर्माण गर्ने सङ्गठनात्मक काम सम्पन्न भएका छन् भने सबै गाविस र इलाकास्तरमा सभा, भेटघाट, छलफल, प्रशिक्षण, अन्तरक्रिया भएका छन् । केन्द्रले तोकेका स्वास्थ्य शिविर, सरसफाइलगायतका केही काम हुन सकेनन् । श्रम शिविरबाट रकम सङ्कलन गरी केन्द्रमा दाखिला गर्न सम्भव भएन । तथापि, जनताका बीचमा पार्टीका विचार र दृष्टिकोणहरू पुऱ्याउने, सङ्गठनलाई चुस्त र व्यवस्थित बनाउने, जनवर्गीय सङ्गठनहरूलाई निर्माण, पुनःगठन र परिचालन गर्ने, विरोधीहरूले पारेका भ्रमहरू निवारण गर्ने मामलामा यस अभियानले एउटा उँचाइ हासिल गरेको छ । अथक रूपमा क्रियाशील बन्दै पार्टी सङ्गठनलाई परिचालन गरेर अनि व्यापक रूपमा जनकार्य गरेर मात्र जनताका बीचमा पार्टीलाई स्थापित गर्न सकिन्छ भन्ने सच्चाइलाई सबैले आत्मसात गर्नु आवश्यक छ ।

# पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारः पार्टीको दृष्टिकोण र भूमिका

' **पीके खनाल**

लोकतान्त्रिक जनआन्दोलनमा निजामती कर्मचारी एवम् पेसाकर्मीहरूले समेत आफ्नो **'जागिर र जीवन'** को परवाह नगरी आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको विषयलाई स्मरण गर्दै प्रतिनिधिसभाको बैठकले निजामती कर्मचारी एवम् पेसाकर्मीहरूलाई ट्रेड युनियन अधिकार प्रदान गर्ने प्रस्ताव पारित गरेको छ । पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारका लागि हाम्रो पार्टी नेकपा (एमाले) ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस क्रममा लोकतान्त्रिक जनआन्दोलनका बलमा पुनःस्थापित प्रतिनिधिसभाको बैठकमा पार्टीका तर्फबाट प्रदीप ज्ञवालीले कर्मचारी एवम् पेसाकर्मीहरूको हकहितको सुरक्षा गर्न उनीहरूलाई ट्रेड युनियन अधिकार प्रदान गर्नुपर्ने जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत प्रस्तावउपर प्रतिनिधिसभामा विभिन्न राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने सांसदहरूले छलफलमा भाग लिई समर्थन जनाएपछि सर्वसम्मत रूपमा उक्त प्रस्ताव पारित भएको थियो ।

नेपालको ट्रेड युनियन आन्दोलनको इतिहासमा प्रतिनिधिसभाबाट पारित ट्रेड युनियनसम्बन्धी प्रस्ताव आफैँमा ऐतिहासिक महत्त्व रहेको छ । छ दशक लामो प्रजातान्त्रिक आन्दोलनका क्रममा निजामती कर्मचारी एवम् पेसाकर्मीहरूले पेसागत हकहितका लागि सङ्गठित हुन पाउने, ट्रेड युनियन खोल्न पाउने, सामूहिक सौदावाजी गर्न पाउने अधिकारलाई माग र आन्दोलनका रूपमा उठाउँदै आएका छन् । यस विषयमा मुलुकमा क्रियाशील पार्टीमध्ये हाम्रो पार्टी नेकपा (एमाले) ले पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारको माग सान्दर्भिक र जायज भएको ठहर गर्दै पेसाकर्मीहरूले ट्रेड युनियन अधिकार पाउनुपर्ने दृष्टिकोणलाई धेरै अगाडिदेखि सार्दै आएको छ ।

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनापश्चात् भएको प्रथम महाधिवेशनबाट पारित कार्यक्रमहरूमा श्रमिकहरूको स्वतन्त्रता, र ट्रेड युनियन अधिकारको विषयमा उल्लेख गरेको पाइन्छ । यस्तै पार्टीको दोस्रो महाधिवेशनपछि सम्पन्न संसदीय निर्वाचनका क्रममा पार्टीद्वारा जारी गरिएको चुनावी घोषणापत्रमा श्रमिक कर्मचारीहरूलाई न्यूनतम आर्थिक सुविधा र ट्रेड युनियन अधिकार प्रदान गरिने उल्लेख गरिएको थियो । चौथो महाधिवेशनमा झलनाथ खनालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा समेत पेसाकर्मीहरूको अधिकारबारेमा पार्टीको दृष्टिकोण उल्लेख गरिएको थियो । सोही महाधिवेशनमा मदन भण्डारीद्वारा प्रस्तुत भई पारित भएको 'नेपाली क्रान्तिको वर्तमान कार्यक्रम' मा कर्मचारीहरूको अधिकारका बारेमा उल्लेख गर्दै भनिएको छ- 'साना कर्मचारीमाथिको नोकरशाही उत्पीडन अन्त्य गर्ने, उनीहरूको हकहितको संरक्षण गर्ने, साना कर्मचारीहरूको जीवन निर्वाह गर्न पुग्ने ढङ्गले तलब निर्धारण गर्ने, जीविकाको ग्यारेन्टी गर्ने, इमानदारीको आधारमा नियुक्ति र पदोन्नतिको व्यवस्था गर्ने, निजामती तथा सेनाका निवृत्त कर्मचारीहरूको हकहितको संरक्षण गर्ने र उच्चपदस्थ अधिकारीहरूको सम्पत्तिको जाँच गर्ने व्यवस्था गर्ने ।'

यसैगरी, पाँचौं महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादको कार्यक्रममा यसरी उल्लेख गरिएको छ- 'प्रशासन र कर्मचारीका सम्बन्धमा निजामती कर्मचारीहरूलाई उनीहरूलाई सेवागत हकहितको संरक्षण गर्न स्वतन्त्र सङ्गठन बनाउन पाउने कानुनी अधिकार प्रदान गरिनेछ । राजनीति र राजनीतिक दलप्रति आस्थावान रहेको वा संलग्न रहेका कारण उनीहरूलाई समात्ने वा कारबाहीको विषय बनाउन नपाउने कानुनी व्यवस्था गरिनेछ ।' यसरी पेसाकर्मीहरूको हक-अधिकारका सन्दर्भमा स्पष्ट दृष्टिकोण अगाडि सारिएको छ । यसरी पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारका विषयमा स्पष्ट दृष्टिकोणका साथ उनीहरूको माग र आन्दोलनलाई ऐक्यबद्धता प्रकट गर्दै अधिकार स्थापित गर्न पार्टीले विशेष भूमिका निर्वाह गरेको छ ।

०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि श्रमिकहरूको अधिकारका बारेमा बुलन्द आवाज उठ्यो । यस क्रममा ०४८ सालमा श्रम ऐन र ०४९ सालमा ट्रेड युनियन ऐन लागू भयो । ०४८ मा बनेको श्रम ऐनमा उद्योग कलकारखाना क्षेत्रमा काम गर्ने श्रमिकहरूको मात्र हकहितको संरक्षण गर्न सक्ने प्रावधानहरू रहे । यस ऐनले पेसागत क्षेत्रका निजामती सेवा, संस्थान, बैंक, शिक्षण संस्था, स्वास्थ्य एवम् प्राविधिक क्षेत्रमा काम गर्ने कर्मचारी एवम् पेसाकर्मीहरूलाई समेट्न सकेन । यसैगरी, ०५४ सालमा श्रम ऐन र ट्रेड युनियन ऐन संशोधन हुँदा समेत यस विषयमा ध्यान दिइएन । यसले गर्दा यस क्षेत्रमा काम गर्ने कर्मचारीहरूले पेसागत हकहितका लागि ट्रेड युनियन गठन गर्न, सामूहिक सौदावाजी गर्न, मागदाबीका लागि दबाबमूलक कार्य सञ्चालन गर्न पाउनेलगायतका ट्रेड युनियन अधिकारबाट वञ्चित भए । ०४९ सालमा नेपाली काङ्ग्रेसको सरकारले निजामती सेवामा काम गर्ने अधिकृत कर्मचारीहरूलाई युनियनमा भाग लिन प्रतिबन्ध नै लगाउने कार्य गर्‍यो । यसले गर्दा पेसागत क्षेत्रको ट्रेड युनियन आन्दोलनले ठूलो धक्का बेहोर्नुपरेको थियो । ट्रेड युनियन अधिकारको विषय विश्वव्यापी मानव अधिकारको विषय पनि भएको हुँदा त्यसयता पनि पेसागत महासङ्घ नेपाललगायत विभिन्न पेसागत सङ्गठनहरूले माग र आन्दोलनलाई अगाडि बढाइरहे । ०५९ असोज १८ मा राजा ज्ञानेन्द्रले सत्तापलट गरेपछि पेसाकर्मीहरूको ट्रेड युनियन अधिकार झन् कुण्ठित हुन पुगेको थियो । ०६१ फागुन १९ गतेपश्चात् त पेसागत सङ्गठनमाथि अघोषित प्रतिबन्ध नै लगाइएको थियो ।

पार्टीको सातौं केन्द्रीय महाधिवेशनपश्चात् केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले राजेन्द्र श्रेष्ठ इन्चार्ज रहेको केन्द्रीय पेसागत विभागको गठन गर्ने निर्णय गर्‍यो । तत्पश्चात् पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारको विषयमा पार्टीले थप छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारलाई सुनिश्चित गर्ने दिशामा पार्टी

पङ्क्तिभित्र सम्पन्न भएको छलफल र अन्तरक्रिया कार्यक्रमबाट पेसाकर्मीहरूको ट्रेड युनियन अधिकार, मानव अधिकार घोषणापत्रमा उल्लेख भएको र आईएलओद्वारा विभिन्न अधिसन्धिसमेत पारित गरिसकेको सन्दर्भमा नेपालका पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारका लागि पार्टीले स्पष्ट दृष्टिकोण अगाडि सार्नुपर्ने विषयमा सुझाव प्रस्तुत भएको थियो ।

छलफल अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई पेसागत विभागले सूत्रबद्ध गर्दै ०६१ असोजमा केन्द्रीय कमिटीसमक्ष सुझाव प्रतिवेदन प्रस्तुत गरेको थियो । पेसागत विभागबाट प्रस्तुत भएको प्रतिवेदनमाथि पार्टी केन्द्रीय कमिटीको ०६२ साउन ३१ देखि भदौ १२ गतेसम्म सम्पन्न नवौं बैठकले व्यापक छलफल गरी ट्रेड युनियन अधिकारका विषयमा महत्त्वपूर्ण निर्णय गर्‍यो । उक्त बैठकले 'नेकपा (एमाले) सुरक्षा अङ्गमा रहेका बाहेक अन्य सबै पेसाकर्मीहरूलाई ट्रेड युनियन अधिकार दिने पक्षमा उभिनु पर्दछ, त्यसैगरी, अधिकृत तहका कर्मचारीको हकमा समेत व्यवस्थापकीय जिम्मेवारीमा रहेका बाहेक अन्यलाई ट्रेड युनियन अधिकार दिइनुपर्दछ भन्ने पार्टीको अडान हुनु पर्दछ' भनी निर्णय गरेको थियो ।

मुलुकमा सञ्चालन भएको निरङ्कुशतन्त्रविरुद्धको लोकतान्त्रिक आन्दोलनका क्रममा आन्दोलनरत सात राजनीतिक दलका शीर्षनेता र नेपालका राष्ट्रिय स्तरका पेसागत सङ्गठन एवम् ट्रेड युनियन महासङ्घहरूका प्रतिनिधिहरूबीच ०६२ चैत २० गते अन्तरक्रिया कार्यक्रमको आयोजना भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा विभिन्न पेसागत सङ्गठन एवम् ट्रेड युनियनका प्रतिनिधिहरूले लोकतान्त्रिक आन्दोलनको सफलताका लागि पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारका विषयमा राजनीतिक दलहरूको दृष्टिकोण स्पष्ट हुनुपर्ने धारणा व्यक्त गरेका थिए । पार्टीका तर्फबाट अमृतकुमार बोहराले पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारका बारेमा स्पष्ट धारणा राख्नुभएको थियो । यसैगरी, नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालगायत अन्य दलका नेताले पनि विगतमा राज्य सञ्चालनका क्रममा भएका कमी-कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै लोकतान्त्रिक सरकारको गठन भएपछि पेसाकर्मीहरूको ट्रेड युनियन अधिकार सुनिश्चित गरिने विचार व्यक्त गर्नुभएको थियो । यसैबीच, ०६२ चैत ३० गते सात राजनीतिक दलका शीर्ष नेताहरूबाट अपिलमार्फत पेसाकर्मीहरूलाई निरङ्कुशतन्त्र विरुद्धको लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागी हुन आह्वान गरिएको थियो ।

लोकतान्त्रिक आन्दोलनका क्रममा समाजका अन्य नागरिकझैं पेसाकर्मीहरू पनि सङ्गठन स्वतन्त्रता, प्रेस स्वतन्त्रता र ट्रेड युनियन अधिकारको विषयलाई समेत मागका रूपमा उठाउँदै आन्दोलनमा सहभागी भए । निरङ्कुशतन्त्रलाई सबै क्षेत्रबाट कमजोर तुल्याउन सात राजनीतिक दलको आह्वानमा भएको आमहडतालका क्रममा बैंक, संस्थान, निजामती सेवा, शिक्षण संस्था, अस्पताल, उद्योग, कलकारखाना, यातायात आदि सबै क्षेत्रमा १९ दिनसम्म सेवा ठप्प भएपछि निरङ्कुश राजा ज्ञानेन्द्रले आन्दोलनकारीसमक्ष घुँडा टेक्न बाध्य भए, जसको परिणामस्वरूप मुलुकमा लोकतान्त्रिक वातावरण सिर्जना गर्न सम्भव भयो ।

०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनमा मात्रै होइन, ००७, ०३६, ०४६ को प्रजातान्त्रिक आन्दोलनका क्रममा समेत पेसाकर्मीहरूले ट्रेड युनियन अधिकारको मागलाई अगाडि सार्दै प्रजातान्त्रिक आन्दोलनलाई सफल तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको इतिहास छ । निरङ्कुश एवम् सामन्तवादी शासन व्यवस्थाका कारण नेपालका निजामती कर्मचारी एवम् पेसाकर्मीहरूलाई सदैव शासक वर्गले नोकरका रूपमा नै व्यवहार गर्दै आएका छन् । कर्मचारीलाई सङ्गठित हुन नदिने, उनीहरूले आफ्नो पेसागत हकहितका लागि उठाएको आवाजलाई सहन गर्न नसक्ने, यो वा त्यो नाममा राजनीतीकरण गरी बद्नाम गर्ने, आन्दोलनरत कर्मचारी, शिक्षक, प्राध्यापकलाई जागिरबाट बर्खास्त गर्नेसम्मको कारबाही गर्नेजस्ता कामहरू विगतमा भए । हाम्रो पार्टीले पेसाकर्मीहरूको अधिकारको पक्षमा लिएको दृष्टिकोण र अडानका कारण नै आज निजामती कर्मचारी एवम् पेसाकर्मीहरूले ट्रेड युनियन अधिकार पाउने गरी विधायिकाबाट जुन महत्त्वपूर्ण निर्णय भएको छ, यो पेसागत क्षेत्रको ट्रेड युनियन आन्दोलनमा ऐतिहासिक महत्त्वको उपलब्धिका रूपमा रहेको छ ।

तर, प्रतिनिधिसभाबाट पारित भएको ट्रेड युनियन अधिकारसम्बन्धी प्रस्तावले अझै पनि कानुनी रूप लिन सकेको छैन । अन्तर्राष्ट्रिय श्रम सङ्गठनबाट पारित विभिन्न अभिसन्धिहरूलाई संसद्मा प्रस्तुत गरी अनुमोदन गर्ने र निजामतीलगायत सबै पेसाकर्मीहरूको ट्रेड युनियन अधिकार सुनिश्चित हुने गरी श्रम कानुनमा सुधार हुन सकेको छैन । मुलुकमा शान्तिको प्रक्रिया अगाडि बढी सिङ्गो मुलुकको ध्यान संविधानसभातर्फ उन्मुख भइरहेका बखत ट्रेड युनियन अधिकारका विषयलाई कानुनी रूपमा व्यवस्था गर्न बाँकी नै छ । अब अन्तरिम संविधान जारी भएपछि गठन हुने अन्तरिम सरकार र अन्तरिम व्यवस्थापिकाबाट पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारको कानुनी व्यवस्था गर्न ध्यान जानुपर्ने भएको छ ।

पार्टीले स्थापनाकालदेखि नै पेसाकर्मीहरूका पक्षमा उठाउँदै आएको ट्रेड युनियन अधिकारको विषयलाई सात दल र नेकपा (माओवादी) बीच भएको अन्तरिम संविधानसम्बन्धी राजनीतिक सहमतिमा समेत उल्लेख गरिएको छ । यस अर्थमा पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारलाई संवैधानिक रूपमा नै प्रत्याभूति गर्ने जुन प्रयत्न भएको छ, यो अर्को महत्त्वपूर्ण उपलब्धि हो ।

निजामती कर्मचारीको ट्रेड युनियन अधिकारका सम्बन्धमा निजामती सेवा विधेयकमा समेत उल्लेख गरिएको छ, जुन विधेयकको विषयमा अहिले प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा छलफल भइरहेको छ । तर, विधेयकमा प्रतिनिधिसभाबाट उपसचिवभन्दा माथिका कर्मचारी, कार्यालय प्रमुख र सुरक्षा निकायमा कार्य गर्ने कर्मचारीबाहेक सबै कर्मचारीले ट्रेड युनियनको सदस्य बन्न पाउने गरी प्रस्ताव पारित भएकोमा प्रस्तुत विधेयकमा शाखा अधिकृतसम्मका कर्मचारीले मात्र युनियनको सदस्य बन्न पाउने गरी प्रस्तुत गरिएको छ । प्रस्तुत विधेयकले प्रतिनिधिसभाबाट प्रदत्त अधिकारलाई कटौती गर्ने काम गरेको छ । यसले गर्दा व्यवस्थापिकाबाट भएको निर्णय कार्यपालिकाबाट उल्लङ्घन हुने काम गरेको छ, यस घटनाले पेसाकर्मीहरूको ट्रेड युनियन अधिकारको विषयमा थप अन्योल सिर्जना गरेको छ ।

ट्रेड युनियन अधिकार सर्वव्यापी मानव अधिकारको विषय हो । आईएलओद्वारा अभिसन्धि अनुरूप कर्मचारीलाई ट्रेड युनियन अधिकार प्रदान गर्नुपर्ने विषयमा सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिसभाबाट प्रस्ताव पारित भएको विषयलाई सरकारबाट अधिकार प्रदान गर्न कन्जुस्याइँ गरिनु लोकतान्त्रिक सरकारका लागि सुहाउने विषय होइन । फेरि यस विषयमा सात दलका शीर्षनेताहरूबीचमा सहमति भइसकेको विषयमा तलमाथि गरिँदा यसले थप समस्या उत्पन्न गर्न सक्दछ । कर्मचारीहरू

युनियनको सदस्य बन्दैमा प्रशासन चल्न सक्दैन भन्ने यथास्थितिवादी सोच र दृष्टिकोण राख्ने ब्युरोक्रेट्सहरूले नै ट्रेड युनियन अधिकारका सम्बन्धमा नकारात्मक विचार प्रकट गरेको विषय सार्वजनिक भएको छ । नेपालको कर्मचारीतन्त्रमा ट्रेड युनियन अधिकारको विषय सर्वथा नौलो भएकाले पनि यथास्थितिवादी सोच र दृष्टिकोण राख्नेहरूका लागि सहज हुन नसक्ने विषय हुनसक्छ । तर, अब सबै क्षेत्र र तहमा अधिकारलाई सुनिश्चित गर्नुपर्ने संवैधानिक एवम् कानुनी दायित्व नै राज्यसमक्ष रहेको सन्दर्भमा यथास्थितिवादी सोच र दृष्टिकोणलाई परिवर्तन गर्न आवश्यक छ र अब अग्रगामी सोच र दृष्टिकोणका साथ अगाडि बढ्नुबाहेक अर्को विकल्प छैन ।

# सम्पर्क मञ्च : विगत, वर्तमान र भावी कार्यभारहरू

## ' गिरीराज भण्डारी

सम्पर्क मञ्चहरू पार्टी जीवन र नेपाली समाजमा अत्यन्त लोकप्रिय बनिरहेका छन् । यसलाई महत्त्वको हिसाबले मिनी नेपाल पनि भन्ने गरिन्छ । देशका १४ वटै अञ्चल र ७२ जिल्ला समेटेर बनेको बनोट, जिल्लासँगको घनिष्ट सम्पर्क, पार्टीका अभियान र आन्दोलनमा यसको महत्त्वपूर्ण भूमिका, सघन र सचेत जनसमुदाय, साधन र स्रोतको प्रचुर मात्रा र सामाजिक तथा रचनात्मक काममा यसको महत्त्वपूर्ण भूमिकाले गर्दा मञ्चहरू दिनप्रतिदिन लोकप्रिय बनिरहेका छन् । जनसमुदायमा सम्पर्क मञ्चहरूप्रतिको आकर्षण बढ्दो छ । फलस्वरूप पार्टीका विभिन्न अङ्गहरू, आमजनसमुदाय र भर्खर मञ्चमा आबद्ध कार्यकर्ता र समर्थक, शुभेच्छुकहरूमा मञ्चहरूबारे जानकारी हासिल गर्ने उत्सुकता बढेको छ । यसै आवश्यकतालाई ध्यानमा राखेर मञ्चहरूको विकासक्रम, वर्तमान अवस्था र भावी कार्यभारहरूलाई सङ्क्षिप्तमा यस लेखमा समेट्ने प्रयास गरिएको छ ।

केन्द्रीय सम्पर्क विभाग अन्तर्गत १४ अञ्चल, ७२ जिल्ला र एक सय ८० निर्वाचन क्षेत्रीय सम्पर्क मञ्चहरू र यसभित्र सम्पर्क फ्र्याक्सनहरू कार्यरत रहेका छन् । अञ्चल, जिल्ला र निर्वाचन क्षेत्रमा प्रचार, सङ्गठन, प्रकाशन, प्रशिक्षण, विद्यार्थी, सूचना र सञ्चार, महिला, सांस्कृतिक, बुद्धिजीवी, आर्थिकजस्ता विभिन्न विभाग र फाँटहरूको सङ्ख्या तीन सयभन्दा बढिरहेको छ भने सबै स्तर र फाँटमा सङ्गठित नेतृत्वदायी कार्यकर्ताहरूको सङ्ख्या तीन हजारभन्दा माथि रहेको छ । मञ्चका साधारण सदस्यहरू २० हजारभन्दा बढी रहेका छन् ।

मञ्चमा सङ्गठित पार्टी सदस्यहरूको पृष्ठभूमि तीन दशकदेखि भर्खर सङ्गठितसम्मको मिश्रित प्रकृतिको रहेको छ । जिल्लाका पदाधिकारी र निर्वाचन क्षेत्रका अध्यक्ष/सचिवस्तरसम्म पार्टीको सङ्गठित सदस्यता अनिवार्य गरिएको छ । विभिन्न जिल्लाबाट प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सांसदहरूलाई पदेन सल्लाहकार राख्ने व्यवस्था गरिएको छ । पदेनबाहेक जिल्लाले पाँच र अञ्चलले सात सदस्य थप सल्लाहकार राख्न सक्ने व्यवस्था गरिएको छ । मञ्चका प्रत्येकस्तरमा १३ सदस्यसम्मको कार्यसमिति राख्न सक्ने व्यवस्था गरिएको छ । मञ्चका प्रत्येकस्तरमा १३ सदस्यसम्मको कार्यसमिति राख्न सकिने व्यवस्था गरिएको छ । मञ्चहरूको कार्यसमिति जिल्ला र निर्वाचन क्षेत्रका सम्पूर्ण साधारण सदस्यहरूको सहभागितामा सम्पन्न गरिने आवधिक सम्मेलनबाट निर्वाचित गरिन्छ । अञ्चलको हकमा सम्बन्धित अञ्चलका जिल्ला अध्यक्षहरू पदेन सदस्य रहने गरी अन्य केही सदस्यहरू निश्चित मापदण्डका आधारमा विभागले मनोनीत गर्ने गरेको छ । भक्तपुर, ललितपुर र काठमाडौँमा सम्पर्क मञ्च आवश्यक ठानिएको छैन । यसरी देशका ७२ वटै जिल्लाबाट विभिन्न पेसा, व्यवसाय र अध्ययनका निम्ति काठमाडौँ आउने जनसमुदायबीच काम गर्ने भएकाले यसमा आबद्ध व्यक्तिहरू, विद्यार्थी, डाक्टर, वकिल, पत्रकार, कलाकार, लेखक, कवि, साहित्यकार, इन्जिनियर, मजदुर, बुद्धिजीवी, राजनीतिकर्मी, मानव अधिकारवादी, कर्मचारी, सांसद आदि विभिन्न वर्ग, पेसा र तहका जनसमुदाय समेटिएका छन् । यसमा आबद्ध पङ्क्ति अत्यन्त सचेत र विविधताले युक्त भण्डारका रूपमा रहेको छ । फलतः साधन, स्रोत र क्षमताले युक्त यो शक्ति पार्टी र समाजका लागि अत्यन्त मूल्यवान अङ्गका रूपमा रहेको छ ।

**सम्पर्क मञ्चको पृष्ठभूमि र विकासक्रम**

सम्पर्क मञ्चहरूको कामको थालनी ०३६ सालदेखि विद्यार्थी क्षेत्रबाट भएको पाइन्छ । निरङ्कुश पञ्चायती तानाशाहीको कठोर दमनचक्रविरुद्ध पार्टीले सङ्घर्ष र आन्दोलन उठाउन प्रयत्नरत गरिरहेकै बेला पाकिस्तानमा जुल्फिकर अलि भुट्टोलाई फाँसी दिने घटनाविरुद्ध विद्यार्थी आन्दोलन भड्कियो । यस आन्दोलनले विद्यार्थी र आमजनसमुदायबीच नयाँ जागरण र चेतनाको लहर उत्पन्न गऱ्यो । फलतः राजा जनमतसङ्ग्रहको घोषणा गर्न बाध्य भए भने सङ्घर्षको उठानका कारण प्रतिक्रियावादी वर्ग थर्कमान भएको घटनाले विभिन्न पार्टीहरू, विद्यार्थी र जनसमुदायमा उत्साह थप्ने काम गऱ्यो । फलतः विभिन्न जिल्लाबाट आएका विद्यार्थीहरू र जनसमुदायबीच पार्टी काम बढाउनुपर्ने आवश्यकता महसुस भयो । यसका निम्ति पार्टीले ०३६ सालमा उपत्यकाको विद्यार्थी क्षेत्रमा काम सम्हाल्ने जिम्मा युवराज कार्कीलाई दियो । तत्कालीन विद्यार्थी नेता सुरेन्द्र पाण्डेको सहयोगमा विद्यार्थीहरूलाई समेट्ने कामबाट यसको थालनी भएको पाइन्छ ।

०३९ सालको अनेरास्ववियुको छैटौँ सम्मेलनका बेला विभिन्न जिल्लाका विद्यार्थीहरूलाई समेट्ने कामबाट यसको थालनी भएको पाइन्छ । ०३८ सालको अनेरास्ववियुको छैटौँ सम्मेलनका बेला विभिन्न जिल्लाका काठमाडौँ र पोखरास्थित विद्यार्थीहरूलाई प्रतिनिधित्व गराइएको थियो । उक्त सम्मेलनपश्चात् विभिन्न जिल्लावासी विद्यार्थीहरूबीच सम्पर्क कमिटी गठन गरेको पाइन्छ । ०३९/०४० तिर खुला गतिविधि अगाडि बढाउन पार्टीले सुधार समिति, अध्ययन समूह, मिलन केन्द्र, एकता केन्द्र आदि गठन गरी निरङ्कुशताविरोधी आन्दोलनलाई अगाडि बढाउन थाल्यो । ०४० सालको पिस्कर हत्याकाण्डविरुद्ध सङ्घर्ष गर्न पार्टीले कृष्ण सुवेदीलगायत कमरेडहरूको नेतृत्वमा सिन्धु मिलन केन्द्र निर्माण गरी उक्त हत्याकाण्ड र दमनविरुद्ध

सङ्घर्ष सञ्चालन गरेको पाइन्छ । यसै केन्द्रसँग पार्टी सदस्यहरूलाई संयोजन गरी सम्पर्क मञ्च गठन र सञ्चालन गर्ने निर्णय भएको देखिन्छ । उक्त केन्द्र र समूहहरूले पञ्चायती तानाशाहीका बर्बर दमनविरुद्ध पर्चा छर्ने, वनभोज, जुलुस, पत्रिका प्रकाशन, भेला, छलफल, सांस्कृतिक कार्यक्रम, भेटघाटजस्ता कार्यक्रमहरू गर्दै जनमत बढाएको पाइन्छ ।

यो क्रम ०४६ को आन्दोलनसम्म जारी रह्यो । ०४६ को आन्दोलनको सफलता, ०४७ मा तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) को एकीकरणपश्चात् पार्टी कामलाई राष्ट्रव्यापी बनाउन सम्पर्क मञ्चहरू बनाउने र सञ्चालन गर्ने आवश्यकता पार्टीले महसुस गऱ्यो । फलतः ०४८ सालमा जननेता कमरेड मदन भण्डारीको अगुवाइमा आयोजित एक भेलाबाट मोहनचन्द्र अधिकारी र मनकुमार गौतम क्रमशः इन्चार्ज र सचिव रहेको नौ सदस्यीय केन्द्रीय सम्पर्क कमिटी बन्यो । यस कमिटीले आधारभूमिको काम गर्दै सङ्गठन विस्तार गर्न केही पहल अगाडि बढायो । यसरी सम्पर्क मञ्चहरूको कामको थालनी भए पनि पार्टीले यसलाई वैधानिक आधार प्रदान गरेको थिएन । ०४९ सालमा सम्पन्न पार्टीको पाँचौँ महाधिवेशनले सम्पर्क मञ्चहरूलाई वैधानिक आधार प्रदान गर्ने निर्णय गर्दै पार्टी विधानको धारा ३३ मा निम्न व्यवस्था गऱ्यो- 'विभिन्न जिल्लाबाट काठमाडौँ उपत्यकामा आई अस्थायी बसोवास गर्ने जनताको बीचमा आवश्यकता अनुसार सम्पर्क मञ्च बनाउन सकिनेछ । यिनीहरूमा पार्टी सदस्य र समर्थकहरू पनि रहन सक्ने छन् । यस्ता मञ्चहरूका बारेमा अन्य व्यवस्था केन्द्रीय कमिटीले तोके अनुसार हुनेछ ।'

पाँचौँ महाधिवेशनपछि सानुकुमार श्रेष्ठलाई मञ्चहरू सञ्चालन गर्ने जिम्मेवारी तोकियो । यस सम्पर्क फ्र्याक्सनले मञ्चका गतिविधि अगाडि बढाउन केही प्रयत्न अगाडि बढायो । ०५१ सालमा सानु श्रेष्ठ, मोहनचन्द्र अधिकारीसँगै पार्टीबाट बाहिरिनुभयो । फलतः पार्टीले ०५२ सालमा सम्पर्क फ्र्याक्सन सञ्चालन गर्न युवराज ज्ञवालीलाई जिम्मा दियो । उहाँको नेतृत्वमा केही कामहरू अगाडि बढे । पुनः पार्टीले सम्पर्क मञ्चहरूको काम अगाडि बढाउन केन्द्रीय कमिटी सदस्य अष्टलक्ष्मी शाक्यलाई जिम्मा दियो । यतिबेलासम्म विभिन्न जिल्ला र अञ्चलहरूमा सम्पर्क मञ्चहरू बनेको भए पनि वैधानिक संरचना, ढाँचा र सैद्धान्तिक, व्यावहारिक परिचालनका नीतिहरूको अभावमा मञ्चहरू ढिलाढाला अवस्थामै चलेको पाइन्छ । ०५२ सालमा अष्टलक्ष्मी शाक्यको नेतृत्वमा पुनर्गठित सम्पर्क विभागले यसलाई व्यवस्थित गर्न निकै मिहिनेत र प्रयत्न गरेको देखिन्छ । ०३६ सालदेखि ०५१ सालसम्म सम्पर्क मञ्च सञ्चालनका अनुभवहरू र व्यावहारिक तथा वैधानिक कठिनाइहरूको जगमा ०५२ सालमा 'सम्पर्क मञ्च सञ्चालनसम्बन्धी नियमावली-०५२' जारी भएपछि मञ्चहरूले निश्चित संरचना र वैधानिक ढाँचा प्राप्त गरे । यसपछि सम्पर्क मञ्चहरूको कामले गुणात्मक रूपमै फड्को मारेको पाइन्छ । विभाग अन्तर्गत अञ्चल, जिल्ला र निर्वाचन क्षेत्रसमेत पुनःगठित र पुनःव्यवस्थित गरिए । मञ्चका कामहरू वार्षिक योजना र मूल्याङ्कन परिपाटीसहित सञ्चालन हुन थाले । मञ्चको काम घनिभूत हुँदै अघि बढ्ने क्रममा त्यसभित्रको पार्टी कामलाई सुदृढ पार्न र मञ्चहरूलाई स्तर प्रदान गर्नुपर्ने आवश्यकतासमेत देखापऱ्यो । फलस्वरूप ०५६ सालमा पार्टी केन्द्रले नियमावली संशोधन गरी मञ्चहरू निर्धारण गऱ्यो, जसअनुसार अञ्चल, जिल्ला र निर्वाचन क्षेत्रका फ्र्याक्सनहरूको स्तर क्रमशः जिल्ला र निर्वाचन क्षेत्र, इलाका कमिटीसरह तोकियो । यसले मञ्चको काममा झनै ऊर्जा थप्ने काम गऱ्यो र कामको रफ्तार कैयौँ गुना अगाडि बढ्यो । ०५२ सालमा जारी र ०५६ सालमा संशोधित सम्पर्क मञ्च सञ्चालनसम्बन्धी नियमावली-०६१ सालमा संशोधनसहित हाल 'सम्पर्क मञ्च सञ्चालनसम्बन्धी निर्देशिका-०६१' का रूपमा क्रियाशील रहेको छ ।

०५२ मा पुनःगठित केन्द्रीय सम्पर्क विभाग ०५५, ०५८, ०५९ र ०६१ मा पटकपटक पुनःगठन भएको छ । ०४८ देखि हालसम्म विभिन्न कालखण्डमा आङदेण्डी शेर्पा, खगेन्द्र चुँडाल, युक्त भेटवाल, कर्ण घले, वंशीधर मिश्र, दोर्जीजाङ्बु लामा, रेवन्त कुँवर, सानुराज पोखरेल, नारायण उपाध्याय, बलराम बास्कोटा, रवीन अधिकारी, रुद्र नेपाल, प्रेम कुँवर, गिरीराज भण्डारी, डीडी कार्की, नरेन्द्र श्रेष्ठ, बालिका गिरी, कुमार खकुरेल, नारायण पाण्डे र डा. राजकिशोर साहले यस विभागको सदस्य रही काम गर्नुभएको छ । ०४८ देखि हालसम्म मोहनचन्द्र अधिकारी, सानुकुमार श्रेष्ठ, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, गोपाल शाक्य क्रमशः प्रमुख रहनुभएको छ भने मनकुमार गौतम, श्रीमण गौतम, रेवन्त कुँवर, श्रीमण गौतम, भीष्म अधिकारी क्रमशः सचिव रहनुभएको छ । हाल कार्यरत ११ सदस्यीय केन्द्रीय सम्पर्क विभागमा गोपाल शाक्य, भीष्म अधिकारी क्रमशः प्रमुख र सचिव र सदस्यहरूमा दोर्जीजाङ्बु लामा, रुद्र नेपाल, गिरीराज भण्डारी, प्रेम कुँवर, बालिका गिरी, राजकिशोर साह, नरेन्द्र श्रेष्ठ, कुमार खकुरेल र नारायण पाण्डे सदस्य रहनुभएको छ । यसरी ०३६ सालदेखि हालसम्म सम्पर्क मञ्चहरूभित्र गरिएका काम र पहलकदमीहरूले पार्टीलाई राष्ट्रव्यापी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको कुरा प्रस्ट छ । केन्द्रीय सम्पर्क विभाग ०४८-०४९ सम्म, केन्द्रीय सम्पर्क कमिटी ०५०-०५२ सम्म, केन्द्रीय सम्पर्क फ्र्याक्सन र ०५२ पछि केन्द्रीय सम्पर्क विभागको नामबाट कार्यरत रहेको छ ।

### सम्पर्क मञ्चहरूको काम र भूमिका

विभिन्न स्तरका सम्पर्क मञ्चहरूले आफ्नो अञ्चल, जिल्ला र निर्वाचन क्षेत्रका पार्टी समर्थक, शुभेच्छुक र सदस्यहरूलाई विभिन्न स्तरमा सङ्गठित गर्ने, पार्टी राजनीतिले प्रशिक्षित गर्ने, योग्यता-क्षमता अनुसारको जिम्मेवारी दिएर पार्टी कार्यकर्ता निर्माण गर्ने र यस निम्ति आवधिक रूपमा बैठक, भेला, प्रशिक्षण, अन्तरक्रिया, सम्मेलन, गोष्ठी आदि काम गर्दै आएका छन् ।

मञ्चहरूले समय-समयमा पार्टी केन्द्र र विभागले आयोजना गरेका अभियानहरू र आन्दोलन एवम् जनसङ्घर्षका कामहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । ०६३ चैत २४ देखि वैशाख ११ सम्मको संयुक्त आन्दोलनमा मञ्चहरूले अत्यन्त प्रभावकारी भूमिका खेलेका छन् । आन्दोलनका दौरानमा सयौँ कार्यकर्ता घाइते बनेका छन् भने सयौँ गिरफ्तार परेका छन् । ०४८ देखि सञ्चालित राष्ट्रिय र स्थानीय निर्वाचनहरूमा मञ्चहरूले अर्थ सङ्कलन, पर्चा-पोस्टर, प्रचार सामग्रीसहित आफ्नो शक्तिलाई जिल्लामा परिचालन गरेर पार्टीलाई महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । मञ्चहरूले मुखपत्र, बुलेटिन,

स्मारिका, सम्पर्क डायरी, साहित्यिक प्रकाशन र अपिल प्रकाशन गर्दै आएका छन् । ०६३ सालको दसैंमा जिल्ला फर्किंदा मञ्चहरूले ४० लाखभन्दा बढी अपिल जिल्लामा परिचालन गरेका थिए ।

यसैगरी, मञ्चहरूले अञ्चल र जिल्ला कार्यालय निर्माण तथा अन्य महत्त्वपूर्ण कामहरूमा आर्थिक, मानवीय र रचनात्मक सहयोग गर्दै आएका छन् । बाढीपहिरो राहत, बिरामी, घाइतेहरूको उपचार, बेखर्चीहरूलाई सहायतालगायत केही मञ्चहरूले जिल्लामा स्वास्थ्य शिविर, कानुनी साक्षरतासमेत गर्दै आएका छन् । दसैं-तिहारजस्ता पर्वहरूमा अञ्चल र जिल्लासँग अन्तरक्रिया, पुनःमिलन, जिल्लास्तरीय आमसभा, प्रशिक्षण र पार्टी काममा सघाउने सामग्रीसमेत पठाउने गरेका छन् । मञ्चहरूले जिल्ला अधिवेशनहरूमा सघाउने, भाग लिने र मञ्चका सम्मेलनहरूमा जिल्लाहरूलाई सहभागीसमेत गराउँदै आएका छन् । उपरोक्त कामहरूबाहेक मञ्चहरूले तिहारमा काठमाडौँमा जिल्ला र अञ्चलवासीहरूबीच देउसीभैलो खेल्ने, वनभोज आयोजना, शुभकामना आदानप्रदान, रक्तदान, नेत्रदान, सांस्कृतिक कार्यक्रम, चिठ्ठा उपहार, आदर्श विवाह, सीपमूलक तालिम, साहित्यिक कार्यक्रम, स्मृति दिवस, अभिनन्दन-सम्मान कार्यक्रम, महिला, बालबालिका भेला, तीज गीत, मुखपत्र प्रकाशनलगायतका कार्यक्रमहरू पनि गर्दै आएका छन् ।

## मञ्चहरूमा देखापरेका समस्याहरू

(**क**) **दुई भिन्न दृष्टिकोण** : सम्पर्क मञ्चहरूलाई यी मौसमी र हलुका संस्था हुन् र यो पार्टीको अत्यन्त महत्त्वपूर्ण अङ्ग हो भन्ने दुई भिन्न दृष्टिकोण पार्टी नेतृत्व र मञ्चहरूमा समेत यदाकदा देखिने गरेको छ । मञ्चहरूको विकासक्रमको प्रारम्भिक अवस्थामा यस्तो रहने गरेको भए तापनि हाल मञ्चहरू पार्टीको महत्त्वपूर्ण अङ्ग र भरपर्दो संस्था हो भन्ने कुरा यसका काम र व्यवहारले स्थापित गर्दै ल्याएको छ । मञ्चहरूले आफूलाई व्यवस्थित, अनुशासित र पार्टी तथा जनताको काममा दृढतापूर्वक उभ्याउँदै अगाडि बढ्ने क्रममा यसप्रति रहेका नकारात्मक धारणा स्वतः समाप्त हुँदै गएका छन्, हुनेछन् ।

(**ख**) **नेतृत्वमा समय-समयमा देखापर्ने आवश्यकता** : यसले पनि मञ्चहरूको काममा समय-समयमा गतिरोध पैदा गर्ने गरेको छ । मञ्चहरूले पार्टीको सिद्धान्त, विधान र पार्टी अनुशासनविपरीत देखापर्ने यस्ता प्रवृत्तिविरुद्ध आ-आफ्नो च्यानलमार्फत खबरदारी गर्नुपर्दछ ।

(**ग**) **सबैतिरबाट सहयोग माग्ने प्रवृत्ति** : जिल्ला, अञ्चल, केन्द्र तथा जनवर्गीय तथा पेसागत सङ्गठनहरूले बेलाबेलामा जनशक्ति जुटाउन तथा आर्थिक सहयोग दिन दबाब दिने प्रवृत्तिले गर्दा मञ्चहरूको काममा गतिरोध पैदा गर्ने, अन्तरविरोध जन्माउने र मञ्चहरूलाई निराश तुल्याउने गरेका छन् । यस्ता गम्भीर प्रकृतिका घटनाहरूबाहेक सामान्य परिस्थितिमा यसलाई हटाउन नेतृत्वले नै संयोजनकारी भूमिका खेल्नुपर्दछ ।

(**घ**) **मञ्चको स्वरूपले उत्पन्न गरेका समस्याहरू** : मञ्चहरूले हाल पार्टीकै नामबाट काम गरिरहेका छन् । तर, यसमा समर्थक, शुभेच्छुकसम्म रहने व्यवस्था छ । पार्टीको भूगोलको स्वरूप निर्धारित गरिएको भए पनि स्तर एक तह तल निर्धारित गरिएको छ । कैयौं ठाउँहरूमा निर्वाचन क्षेत्रहरू त्यो तहसम्म उठ्न सकेका छैनन् । पार्टीको काम गहन बन्दै गएको भए पनि भित्री फ्र्याक्सनहरूलाई नियमित कमिटी स्तरमा उठाउनुपर्ने आवश्यकता छ । अञ्चलहरूमा फ्र्याक्सन अनावश्यक बन्दै गए पनि वैधानिक व्यवस्थाले अवरोध खडा गरेको छ । मञ्च न पूर्ण पार्टी कमिटी हो, न त जनवर्गीय सङ्गठन हो । यसको विशिष्ट स्वरूप र चरित्र रहेको छ । हाल यसलाई पूर्ण कमिटीमा बदल्ने, जनवर्गीय स्वरूप प्रदान गर्ने, समन्वय कमिटीमा बदल्ने, निर्देशिकालाई विकासक्रम अनुरूप संशोधन गर्ने आदि बहसको थालनी विभागले गरेको छ । मञ्चव्यापी बहस सञ्चालन गरी यसलाई विकासको स्तर अनुरूप व्यवस्थित गर्नु अत्यावश्यक देखिएको छ ।

(**ङ**) **मञ्चहरूभित्र विद्यमान केही गलत प्रवृत्तिहरू** : पदको लालच गर्ने तर पाएको जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति, नेतृत्वको कडा आलोचना गर्ने तर आफ्नो कमजोरी नसच्याउने प्रवृत्ति, मञ्चले भूगोलका जिल्ला र जिल्लाले मञ्च चलाउन खोज्ने प्रवृत्ति, मौसमी फुर्सदको काम ठान्ने र सबै काम बिर्सेर गर्ने काम हो भन्ने प्रवृत्ति । तयारीबिनाका बैठक र भेलाहरू तथा माइनट र रेकर्डको भद्दा शैली, बैठकमा कुरा नगर्ने, पिठ्युपछाडि कुरा काट्ने प्रवृत्ति, स्रोत, साधन र उपाय नखोज्ने, सधैंभरि अभावकै गीत गाइरहने प्रवृत्ति, सरकार भएको बेला पद र सुविधाका लागि मरिहत्ते गर्ने, सङ्कटका बेला पलायन र निष्क्रिय बस्ने अवसरवादी प्रवृत्ति, कामको योजना र प्राथमिकता तय नगर्ने अन्टसन्ट प्रवृत्ति, अरूको प्रगतिको ईर्ष्या गर्ने, कठोर श्रम र प्रयत्न नगर्ने प्रवृत्ति, हल्ला र कागको पछाडि दौडने सतही प्रवृत्ति, नेता तथा सांसदहरूले मञ्च चलाइदिनुपर्छ भन्ने र नेता तथा सांसदले मञ्च चलाउन खोज्ने पलायनवादी तथा हस्तक्षेपकारी प्रवृत्ति, सहयोद्धा र नेताको अनुचित मानमर्दन गर्ने, हल्का टिप्पणी गर्ने प्रवृत्ति, महत्त्वपूर्ण बैठक र भेला गर्दा नेतृत्वलाई खबर नगर्ने प्रवृत्ति आदि ।

**समस्या र गलत प्रवृत्तिका स्रोतहरू** : सम्पर्क मञ्चको विशिष्ट बनावट, मध्यमवर्गीय निम्न पुँजीवादी समाज, सामन्ती संस्कृति र संस्कारले गर्दा नै उक्त समस्या एवम् प्रवृत्तिहरू उत्पन्न भएको देखिन्छ ।

**निराकरणका उपायहरू** : मञ्चको स्वरूप र विकासस्तरले उत्पन्न गरेका समस्याहरूमाथि व्यापक बहस, छलफल गरी यसको स्वरूप र विधि निर्धारित गर्ने, गलत प्रवृत्तिहरूलाई सैद्धान्तिक, सङ्गठनात्मक र व्यावहारिक धरातलमा चिन्हित गर्ने, वैचारिक शिक्षादीक्षालाई तीव्र पार्ने, सुधारको निम्ति आलोचना-आत्मालोचना (एकता-सङ्घर्ष र अझै ठूलो एकता) नियमित पार्ने । प्रतिक्रियावादी शत्रुपङ्क्ति चिन्हित भएमा सङ्घर्ष र निषेधको नीति लिने ।

**मञ्चको काममा सुधारको आवश्यकता** : कार्यसूची समयमै प्रवाहित गर्ने, तयारीसहित बैठकलाई विषय केन्द्रित, समयबद्ध र सङ्क्षिप्त बनाउने । छलफल सामूहिक बनाउने, निर्णय सकभर सर्वसम्मत अन्यथा बहुमतका आधारमा गर्ने र आफ्ना मान्यता कमिटीभित्र राखी निर्णय लिएर तल जाने । प्रशिक्षण मञ्चको चेतनास्तर र कामलाई गतिदिने, विषयकेन्द्रित बनाई सञ्चालन गर्ने, त्रैमासिक रूपमा रिपोर्टहरू अद्यावधिक गर्ने, नियमित गर्ने । महिला, दलित, उत्पीडित जाति, भाषाभाषीलाई सङ्गठित गर्न विशेष पहल गर्ने । अञ्चल र जिल्लाहरूले मातहत मञ्चहरू र कार्यकर्ताहरूको आवधिक मूल्याङ्कनको परिपाटी

बसाउने । विकसित कार्यकर्ताहरूलाई उनीहरूको योग्यता, दक्षता र समयलाई ध्यानमा राखेर उपयुक्त ठाउँमा विन्यास गर्ने । अध्ययन र व्यवहारबीच तालमेल मिलाउने, चेतनास्तर अनुरूप सामग्री प्रवाहित गरी स्तर उन्नत पार्न जोड दिने । स्रोत, साधन र सम्भाव्यताको खोजी गर्ने, अरूको अनुभवबाट सिक्ने र आफ्नो अवस्था सुदृढ पार्ने, विद्यमान समस्याहरू र प्रवृत्तिहरूलाई सैद्धान्तिक दृष्टिकोण, सङ्गठनात्मक काम र व्यावहारिक धरातलमा चिन्हित गरी आलोचना-आत्मालोचनामार्फत निराकरण गर्ने, जटिल समस्याहरूका सन्दर्भमा नेतृत्वबाट मार्गदर्शनको माग गर्ने, मञ्चको स्वरूप र संरचनाले उत्पन्न समस्याबारे छलफल चलाउने र सुधारका लागि सुझाव पेस गर्ने ।

**मञ्चका भावी कार्यभारहरू** : आमरूपमा प्रचार सङ्गठन र सङ्घर्ष लक्ष्य प्राप्तिका लागि आमरूपमा जारी रहने कार्यभार हो । मुलुक यतिखेर तीव्र सङ्क्रमणको अवस्थाबाट गुज्रिरहेको छ । जनक्रान्तिको स्वरूप ग्रहण गरेको राष्ट्रव्यापी आन्दोलनको सफलतापछि राजतन्त्र किनारा लागेको छ । संसद्, पुनःस्थापना, सर्वदलीय सरकारको गठन, संसद्बाट सार्वभौमसत्ता जनतामा निहित रहेको घोषणा, संविधानसभाको घोषणा, राजा, सेना र हिजोको सामन्ती संरचनाविरोधी कैयौं ऐतिहासिक निर्णय सम्पादन भएका छन् । सात दल-माओवादी वार्ता, शान्तिवार्ता सम्झौता, हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम सरकार, अन्तरिम संसद् हुँदै मुलुक तीव्र गतिले संविधानसभाको निर्वाचनतिर अघि बढ्दैछ । फलतः हिजो सडकमा मात्र केन्द्रित आन्दोलन अहिले भिन्न स्वरूप र परिस्थितिजन्य फेरबदलका साथमा सडक, संसद्, सरकार र मुलुकको अग्रगामी निकास संविधानसभाको दिशामा केन्द्रित भएको छ । प्रतिगामीहरूले गुमेको शक्ति फर्काउन गम्भीर षड्यन्त्रका तानाबाना बुनिरहेको सङ्केत आइरहेका छन् । त्यसको विरुद्ध उच्च सतर्कता अपनाउँदै संविधानसभाको माध्यमबाट मुलुकलाई लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउने, राज्यको पुनःसंरचना, समावेशी लोकतन्त्र र समाजका सम्पूर्ण उत्पीडित वर्ग जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति र विविधतालाई समावेश गरी नयाँ संविधान बनाउने र सबै प्रकारका द्वन्द्वहरूको अन्त्य गरी निर्वाचनको माध्यमबाट प्रगतिशील सरकारको निर्माण गरी मुलुकलाई आर्थिक-सामाजिक रूपमा आमूल परिवर्तन गरी नयाँ नेपाल निर्माण गर्ने कार्यभार नै हाल हाम्रो प्रमुख कार्यभार हो ।

यस यात्रामा प्रतिगामीहरू र समाजका विभिन्न यथास्थितिवादीहरूले प्रत्येक पाइलामा जनतालाई धोका दिन गम्भीर षड्यन्त्र गर्न सक्नेछन् । ती सबैलाई चिर्दै कार्यभार पूरा गर्नु हाम्रो जिम्मेवारी हो । यस प्रमुख कार्यभारका मातहतमा मञ्चहरूले हाल सम्पर्क विभागले सञ्चालन गरिरहेको 'लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान कार्ययोजना' लाई मञ्चको वार्षिक कार्ययोजनामा सामेल गरी सिर्जनात्मक रूपमा लागू गर्नुपर्दछ । सदस्यता विस्तारलाई गुणात्मक रूपमै अगाडि बढाउने, निष्क्रिय मञ्चहरूको गठन-पुनःगठन र थपघट गरी मञ्चलाई चुस्तदुरुस्त पार्ने, फ्र्याक्सन र मञ्चका बैठकहरू नियमित पार्ने, प्रशिक्षण, अन्तरक्रिया, बहसलाई नयाँ उँचाइबाट तीव्र पार्ने, समीक्षा रिपोर्ट नियमित पार्ने, आलोचना, आत्मालोचनालाई नियमित रूपमा सञ्चालन गर्ने, आचरण-कार्यशैली, कमिटी प्रणाली, अनुशासनमा सुधार ल्याउने, स्रोत र साधनको अधिकतम प्रयोग, नयाँ स्रोत र उन्नत प्रविधिको खोज, प्रयोग गर्ने, निरीक्षण र अनुगमन गर्दै सम्पर्क मञ्चहरूलाई हरहिसाबले सङ्गठित, अनुशासित र सुदृढ पार्ने काममा लाग्नुपर्दछ ।

उपरोक्त तथ्यहरूले छर्लङ्ग छ, सम्पर्क मञ्चहरूको पृष्ठभूमि करिब तीन दशक लामो छ । क्रमिक रूपले यो ठूलो शक्तिका रूपमा विकसित भइरहेको छ । यसले पार्टीलाई राष्ट्रव्यापी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । सङ्घर्ष र अभियानहरूमा अत्यन्त जुझारु भूमिका निर्वाह गरेको छ । यस लामो यात्रामा यसले हजारौं असल कार्यकर्ताहरूको निर्माण गर्दै निरन्तर अघि बढिरहेको छ । यसैले समाजमा दिनप्रतिदिन यसको लोकप्रियता बढिरहेको छ । यो पार्टीको अत्यन्त महत्त्वपूर्ण अङ्गका रूपमा विकसित भएको छ । उपलब्ध जनशक्ति, साधन र स्रोतलाई घनिभूत रूपमा प्रयोग गरेर अगाडि बढ्न सके यो पार्टीको अत्यन्त भरपर्दो र महत्त्वपूर्ण किल्लाका रूपमा स्थापित र विकसित हुने कुरामा कुनै सन्देह छैन ।

# पार्टी सुदृढीकरण, जनअभियान, गणतान्त्रिक मोर्चा र पार्टी एकीकरण

ऐतिहासिक जनआन्दोलनको सफलतापछि नयाँ राजनीतिक परिस्थितिको विकास भएको छ र शिखर बैठक र शान्ति सम्झौतापछि त्यसले थप तीव्रता पाएको छ । जनआन्दोलनको सफलतासँगै नयाँ प्रकारको राजनीतिक ध्रुवीकरणको सम्भावना बढेर गएको छ । शीर्ष बैठकको निर्णय र शान्ति सम्झौतापछि नेपालको राजनीतिमा नेकपा (माओवादी) एउटा वैधानिक वामपन्थी शक्तिका रूपमा अघि आएको छ । जनमतबाट परीक्षित हुन बाँकी रहेको भए पनि सङ्क्रमणकालको व्यवस्थापन र संविधानसभाको निर्वाचनसम्म माओवादीले अन्तरिम व्यवस्थापिकामा महत्त्वपूर्ण र तेस्रो शक्तिको हैसियत प्राप्त गरेको छ । नेकपा (माओवादी) संवैधानिक भूमिकामा प्रवेश गरेको अवस्थामा नेपालको प्रमुख वामपन्थी शक्तिका

हैसियतले हाम्रो पार्टीले नेकपा (माओवादी) प्रति कस्तो नीति अवलम्वन गर्ला भन्ने कुरा धेरैका लागि चासोको विषय बन्न पुगेको छ । कुनै पनि राजनीतिक दलप्रतिको हाम्रो दृष्टिकोण उसले अवलम्वन गर्ने सैद्धान्तिक तथा राजनीतिक मान्यता र राष्ट्रिय राजनीतिमा उसले खेल्ने भूमिकाका आधारमा नै तय हुनुपर्दछ । नेकपा (माओवादी) लाई हेर्ने हाम्रो दृष्टिकोण पनि यस अनुरूप नै तय गरिनुपर्दछ । यसका साथै सङ्क्रमणकालीन अवस्थामा रहेको एउटा वामपन्थी शक्तिलाई कुन दिशामा अघि बढ्न सहयोग गर्दा राष्ट्र, जनता र नेपाली क्रान्तिको हित अनुकूल हुन्छ भन्ने प्रश्नमा हामीले पनि गम्भीर ध्यान पुऱ्याउन सक्नुपर्दछ ।

अहिले हाम्रो पार्टीका सामु एकातिर जनआन्दोलनले तय गरेका राजनीतिक कार्यभारहरूलाई सफलतापूर्वक पूरा गर्नुपर्ने गुरुत्तर दायित्व रहेको छ भने अर्कातिर नयाँ राजनीतिक परिस्थिति अनुरूप पार्टीको वैचारिक र राजनीतिक सफलतालाई सङ्गठनात्मक क्षेत्रमा समेत कायम गरेर नेकपा (एमाले) लाई मुलुकको प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने अहम् दायित्व पनि रहेको छ। उपरोक्त दुवै दायित्वहरूलाई सफलतापूर्वक पूरा गर्नका लागि पार्टीले निम्नानुसारको नीति अलम्वन गर्नुपर्दछ :

**(क) पार्टी सुदृढीकरण**

जनआन्दोलनको उठान, विकास र उपलब्धिहरूलाई संस्थागत गर्नका लागि हाम्रो पार्टीले हरेक हिसाबले नीति-विचार, सङ्गठन र आन्दोलन क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । जनआन्दोलनको विकासमा पार्टीले खेलेको वैचारिक र राजनीतिक पहल र नेतृत्वदायी भूमिकालाई अब आमजनतामा स्थापित गर्नुपर्दछ । जनआन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्ने आन्दोलनकारीहरूलाई पार्टीमा आबद्ध गर्नुपर्छ । सङ्क्रमणकालको व्यवस्थापन, संविधानसभाको निर्वाचन र नयाँ संविधान निर्माणको काममा त्यस्ता व्यक्तिहरूबाट प्राप्त हुनसक्ने योगदानलाई पार्टीको पक्षमा सङ्गठित गर्नका लागि अधिकतम कोसिस गर्नुपर्दछ । नेकपा (एमाले) को वैचारिक तथा राजनीतिक कार्यदिशासँग सहमत भई पार्टीमा सामेल हुन चाहने तर पार्टी राजनीतिभन्दा भिन्न वाम राजनीतिमा संलग्न पुराना कार्यकर्ताहरूका लागि सम्मानका साथ पार्टीमा स्वागत गर्ने नीति लिनुपर्दछ र योग्यता तथा क्षमताका आधारमा पार्टी कामको जिम्मेवारी प्रदान गर्नुपर्दछ । पार्टीको नीति र कार्यक्रमसँग आवद्ध, विगतमा सञ्चालित ऐतिहासिक जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका तर पार्टीको कामको उपयुक्त जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूलाई छानबिन गरी उपयुक्त जिम्मेवारी प्रदान गर्नुपर्दछ । जनता, राष्ट्र, पार्टी र क्रान्तिप्रति प्रतिबद्ध तथा विगत जनआन्दोलनमा सक्रिय तथा सकारात्मक भूमिका निर्वाह गरेका तर विभिन्न कारणले पार्टीको जिम्मेवारीबाट बाहिर रहेका वा भेदभाव महसुस गरेका कमरेडहरूलाई सम्मानका साथ योग्यता अनुसारको जिम्मेवारी दिनुपर्दछ । स्थानीय पार्टी सङ्गठनलाई गतिशील र जुझारु बनाएर मात्र वर्तमान चुनौतीहरूको सामना गर्न सकिन्छ ।

**(ख) लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान**

पार्टीले यतिबेला 'लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान' सञ्चालन गरिरहेको छ । अब हामीले यो अभियानलाई परिवर्तित परिस्थिति र पार्टीका सामु उपस्थित कार्यभार अनुरूप अद्यावधिक गर्न जरुरी छ । कात्तिक २२ गतेको ऐतिहासिक सहमति र शान्ति सम्झौतापछि मुलुक संविधानसभाको निर्वाचनतर्फ उन्मुख भएको छ । उक्त ऐतिहासिक सहमतिलाई समयमै कार्यान्वयन गर्नमा ध्यान केन्द्रित गर्नु, संविधानसभाको निर्वाचनका लागि तयारी कार्यलाई अघि बढाउनु, संविधानसभाको निर्वाचनमा नेकपा (एमाले) लगायत लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूको बहुमत हुने कुराको सुनिश्चितता गर्नु र मुलुकलाई लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनःसंरचनासहितको समावेशी लोकतन्त्र र सामाजिक-आर्थिक क्षेत्रमा क्रान्तिकारी परिवर्तनतर्फ अघि बढाउनु यतिबेला हाम्रा सामु उपस्थित कार्यभार हो । अब हामीले यही कार्यभार पूरा गर्ने गरी नीति तथा योजना निर्माण गर्नुपर्दछ र त्यसलाई कार्यान्वयन गर्न सम्पूर्ण पार्टी शक्तिलाई पहिलेकै आ-आफ्नो जिम्मेवारीमा सक्रिय पार्नुपर्दछ। यो अभियानलाई हामीले फागुन महिनाको दोस्रो सातासम्म निरन्तर सञ्चालन गर्नुपर्दछ । जिल्ला र अञ्चलस्तरमा बृहत् जनसभाहरू सम्पन्न गर्दै फागुनमा राजधानीमा अभियानको समापन सभा गर्नुपर्दछ। उक्त सभालाई राष्ट्रिय परिषद्को समापन सत्रका रूपमा आयोजना गर्नुपर्दछ र राष्ट्रिय परिषद्को बैठकबाट पारित नीति र योजनाका आधारमा सम्पूर्ण पार्टी शक्तिलाई संविधानसभा निर्वाचनको तयारीमा परिचालित गर्नुपर्दछ ।

**(ग) लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा**

संविधानसभाको निर्वाचन र त्यसपछि नयाँ संविधान निर्माणका सन्दर्भमा तालमेल र सहकार्यको आवश्यकतालाई समेत ध्यानमा राखेर तात्कालिक नीति र कार्ययोजनाका आधारमा विभिन्न कम्युनिस्ट पार्टी, वामपन्थी समूह र गैरवामपन्थी गणतन्त्रवादीहरूसँग छलफलको प्रक्रिया अघि बढाउनुपर्दछ । संविधानसभाको निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूलाई विजयी बनाउने उद्देश्यका साथ सम्पूर्ण कम्युनिस्ट तथा वामपन्थी पार्टी र अन्य गणतन्त्रवादी व्यक्ति तथा शक्तिहरूलाई समेत समेट्ने गरी 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' निर्माण गर्नुपर्दछ । यो मोर्चालाई निर्धारित मितिमा संविधानसभाको निर्वाचन सम्पन्न गराउन र संविधानसभाको निर्वाचनमा

आपसी तालमेल कायम गर्दै लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूलाई बहुमतमा पुऱ्याउनका निम्ति परिचालित गर्नुपर्दछ ।

लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चाको नीतिलाई केन्द्रीय कमिटीको बाह्रौं बैठकले नै स्वीकार गरिसकेको हो । शीर्ष बैठकको ऐतिहासिक निर्णय र शान्ति सम्झौतापछि उक्त परिस्थितिमा उल्लेख्य परिवर्तन आएको छ । निकट भविष्यमा नै अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकार गठन हुने र ती संरचनाहरूमा संवैधानिक शक्तिको हैसियतमा नेकपा (माओवादी) को पनि सम्मानपूर्ण उपस्थिति हुने अवस्था छ । यस प्रकारको विकासक्रमले नयाँ राजनीतिक ध्रुवीकरणका लागि आधार निर्माण गरिदिएको छ र अब केन्द्रीय कमिटीको बाह्रौं बैठकले लिएको लोकतान्त्रिक गणतन्त्रका लागि साझा मोर्चा निर्माण गर्ने निर्णय कार्यान्वयन हुने अवस्था सिर्जना भएको छ । संविधानसभामा लोकतान्त्रिक गणतन्त्रका पक्षमा रहेका राजनीतिक दलहरूको स्पष्ट बहुमत आउने गरी संविधानसभाको निर्वाचनमा सहभागी हुनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ । यस्तो मोर्चामा संविधानसभाको निर्वाचनद्वारा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहने सम्पूर्ण कम्युनिस्ट, वामपन्थी तथा गैरवामपन्थी राजनीतिक पार्टी, समूह तथा व्यक्तिहरूलाई सङ्गठित गर्नुपर्दछ । यस्तो मोर्चा निर्माणका लागि आवश्यक पहल केन्द्रीय तहमा नै गरिनेछ ।

(घ) **पार्टी एकीकरण**

नेपाली कम्युनिस्ट आन्दोलन स्थापनाकालदेखि नै विभाजन, एकीकरण, पुनःविभाजन र पुनःएकीकरणको प्रक्रियाबाट गुज्रिएको छ । प्रारम्भमा मित्रतापूर्ण अन्तरविरोधको तहमा प्रकट भएका सैद्धान्तिक, राजनीतिक तथा व्यावहारिक मतभेदहरू क्रमशः कटुता र शत्रुताको तहमा विकसित हुने र अस्वस्थ आरोप-प्रत्यारोपको तहबाट अघि बढ्दै भौतिक रूपमै आक्रमण र प्रत्याक्रमणको दुःखद स्वरूप ग्रहण गर्ने तीतो अनुभव पनि नेपाली कम्युनिस्ट आन्दोलनले सँगालेको छ । कम्युनिस्ट पार्टी आफैँभित्र र कम्युनिस्ट घटकहरूबीच एकआपसमा प्रकट भएका अन्तरविरोधहरूलाई मैत्रीपूर्ण ढङ्गले समाधान गर्दा, पार्टीभित्र प्रकट भएको द्वन्द्वलाई कमरेडली भावनाका साथ व्यवस्थापन गर्दा र विभाजित घटकहरूलाई एकताबद्ध तुल्याउन सक्दा नेपाली कम्युनिस्ट आन्दोलनले महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त गरेको र नयाँनयाँ कीर्तिमान कायम गरेको छ । तर, विभाजित हुँदा र पार्टीभित्रको अन्तरविरोधलाई व्यवस्थापन गर्न नसक्दा गम्भीर नोक्सानी पनि बेहोर्नुपरेको छ । विगतमा कम्युनिस्ट आन्दोलनका सामु खासखास बेलामा सुन्दर सम्भावनाहरू प्रकट भएका थिए । तर, हामीले फूट र विभाजनको सिकार भएर ती सम्भावनाहरूलाई प्राप्त गर्न सकेनौँ । अहिले पनि नेपाली कम्युनिस्ट आन्दोलनका सामु राम्रो सम्भावना उपस्थित भएको छ । विभाजित कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध तुल्याउन सक्ने हो भने संविधानसभाको निर्वाचनलाई सुनिश्चित तुल्याउन, संविधानसभामा लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूको पूर्ण बहुमतको ग्यारेन्टी गर्न, नेपालबाट सामन्ती राजतन्त्रलाई शान्तिपूर्ण तवरले समूल अन्त्य गर्न, कम्युनिस्ट पार्टीको नेतृत्वमा लोकतान्त्रिक गणतन्त्र तथा सङ्घात्मक प्रणालीसहितको राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र स्थापना गर्न र सामाजिक-आर्थिक क्षेत्रमा क्रान्तिकारी रूपान्तरण गर्दै जनताको बहुदलीय जनवादमार्फत समाजवादतर्फ अघि बढ्न सकिने प्रवल सम्भावना छ ।

मनोगत अपेक्षाका आधारमा मात्र पार्टी एकीकरण सम्भव हुँदैन । त्यसका लागि वस्तुगत आधार तयार हुनुपर्दछ । सैद्धान्तिक, कार्यक्रमिक, नीतिगत तथा व्यावहारिक आधारहरू निर्माण हुनुपर्दछ । हिजो निकै टाढा रहेका र परस्परमा शत्रुतापूर्ण सम्बन्ध भएका कम्युनिस्ट तथा वामपन्थी पार्टीहरू कात्तिक २२ गतेको ऐतिहासिक सहमति र शान्ति सम्झौताको विन्दुसम्म आइपुगेका छन् । हामीले एकताको उद्देश्यका साथ नेपाली कम्युनिस्ट आन्दोलनका विभिन्न घटकहरूका बीचमा विद्यमान सैद्धान्तिक, राजनीतिक तथा व्यावहारिक मतभेदहरूमा केन्द्रित भएर मैत्रीपूर्ण तवरले छलफल तथा बहस अघि बढाउनुपर्दछ । अब हामीले मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादको सिद्धान्त, कार्यक्रम तथा नीतिहरूका आधारमा नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्न पहल गर्नुपर्दछ ।

कम्युनिस्ट आन्दोलनका हरेक घटकहरूले आफूलाई उपरोक्त मान्यताहरूका आधारमा पुनःगठित गर्न तयार हुनुपर्दछ । हरेकले पार्टी एकताका निम्ति बाधक बन्ने दायाँ वा बायाँ कोणका बन्धनहरूबाट मुक्त हुनुपर्छ । पार्टी एकताको बृहत् उद्देश्यका साथ छलफल, अन्तरक्रिया र संयुक्त मोर्चाको प्रक्रियाबाट अघि बढ्नुपर्दछ । तत्काल लोकतान्त्रिक गणतन्त्रका लागि साझा मोर्चामा सरिक भएर सहकार्य गर्नुपर्दछ र पार्टी एकताको आधार निर्माण गर्नुपर्दछ ।

बुर्जुवा राजनीतिक शक्तिहरूले आफूमाथिको राजनीतिक चुनौतीलाई सामना गर्न पार्टी एकताका लागि पहल गरिरहेको अवस्थालाई पनि हामीले शिक्षाका रूपमा ग्रहण गर्नुपर्दछ । ऐतिहासिक जनआन्दोलनको भावनाविपरीत कम्युनिस्ट शक्तिहरूका बीचमा द्वन्द्व चर्काएर आफ्नो स्वार्थ पूरा गर्ने र सामन्ती राजतन्त्रलाई पुनःजीवन दिने बुर्जुवाहरूको प्रयासलाई कुनै पनि हालतमा सफल हुन दिनुहुँदैन । यसका लागि हाम्रो पार्टीका तर्फबाट कम्युनिस्ट तथा वामपन्थी शक्तिहरूसँगको सम्बन्धमा सुधार गर्न, उनीहरूलाई लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने तात्कालिक कार्यनीतिक उद्देश्यका आधारमा एउटै मोर्चामा आबद्ध गर्न विशेष पहल गर्नुपर्दछ । र, यसरी निर्माण हुने मोर्चालाई आपसी सहकार्य र संवादका क्रममा पार्टी एकतामा विकसित गर्नुपर्दछ । प्रतिक्रियावादीहरूको 'वामपन्थीहरूलाई फुटाऊ र शासन गर' को नीतिलाई वामपन्थी एकताका आधारमा असफल बनाउनैपर्दछ । आर्थिक-सामाजिक रूपान्तरणसहितको राजनीतिक परिवर्तनका लागि

कम्युनिस्ट तथा वामपन्थी शक्तिहरूबीचको मोर्चागत एकता र पार्टी एकता पनि त्यतिकै जरुरी छ भन्ने विषयलाई गम्भीरतापूर्वक आत्मसात गर्नुपर्दछ । यी कामहरू गरिँदा जनतामा जाने र आफ्नो पार्टी सङ्गठनलाई सुदृढ र विस्तार गर्ने कुरामा कमी आउन दिनु हुँदैन । आफ्नो पार्टीलाई बलियो पारेको खण्डमा मात्र एकता अझ फलदायी हुनसक्छ ।

**हाम्रो प्रमुख कार्यभार**

संविधानसभाको निर्वाचन भाँड्ने वा विलम्ब गर्ने तत्त्व र प्रवृत्तिलाई परास्त गर्नु, निर्धारित समयमा संविधानसभाको निर्वाचन हुने कुरालाई सुनिश्चित तुल्याउनु, संविधानसभाको निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूको अत्यधिक बहुमत हुने कुराको ग्यारेन्टी गर्नु, संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रको स्थापना, सङ्घात्मक प्रणालीका आधारमा राज्यको पुनःसंरचना गर्नु, समावेशी लोकतन्त्र, सामाजिक-आर्थिक क्षेत्रमा अग्रगामी परिवर्तनका साथ नयाँ, समुन्नत र समृद्ध नेपालको निर्माण गर्नु यतिबेला हाम्रासामु उपस्थित कार्यभारहरू हुन् । त्यसमा पनि संविधानसभाको निर्वाचन समयमा सम्पन्न गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु हाम्रो प्रमुख कार्यभार हो । यी कार्यभारहरू पूरा गर्न हामीले हाम्रो सम्पूर्ण शक्तिलाई सम्पूर्ण क्षमता र एकीकृत योजनाका साथ परिचालित गर्नुपर्दछ ।

***(नेकपा (एमाले) केन्द्रीय कमिटीको तेह्रौँ बैठक (७-८, मङ्सिर, ०६३) मा महासचिव कमरेड माधवकुमार नेपालद्वारा प्रस्तुत तथा पारित प्रतिवेदनबाट)***

# पढ्ने भोक

' अग्निशिखा

ममा केटौले उमेरदेखि नै पढ्ने भोक जागेको थियो । सुरुमा मैले गुलशन नन्दाका फेला परेजति किताब पढेँ । पकेट बुक्स एडिसनका त्यस्ता किताब पढ्नु पनि एक प्रकारको नशा नै हो । एकै बसाइमा उपन्यास पढी भ्याउँथेँ । नन्दाका उपन्यासहरू पढ्दा मलाई रोमान्टिक भावनाले गाँज्थ्यो । त्यो उमेरको त्यस्तो बेला थियो र पढ्ने भोक यति बिघ्न जागेको थियो कि जुनसुकै किताबहरू पढ्ने गर्थें ।

मैले चौध वर्षको उमेर पार नगर्दै सरकारी जागिर खाएको थिएँ । घरको आर्थिक अवस्था गए-गुज्रेको थियो र आठजनाको परिवार बहिदारको मेरो तलवमा आश्रित थियो । त्यो जागीर पनि अस्थायी थियो । कुन बेला विदा हुनुपर्ने हो, के थाहा ! औपचारिक शिक्षामा मिहिनेत गर्ने र क्यारियरलाई अगाडि बढाउनेतर्फ म कहिल्यै दत्तचित्त भइनँ ।

पन्ध्र महिनामै मेरो अस्थायी जागिर टुङ्गियो । दैनिक दसदेखि पाँच बजेसम्म अफिसमा समय बिताउने बानी बसेको मलाई छट्पटी भयो-अब के गरेर समय कटाउने ? त्यसपछि दिनदिनै इन्डियन लाइब्रेरी जाने गर्न थालेँ । लाइब्रेरीमा चार घण्टा जति बिताउँथेँ र बेलुका पाँच बजेपछि घरमा फर्कन्थेँ । अहिले आएर थाहा पाइयो- प्रदीप नेपाल पनि त्यतिखेर त्यस लाइब्रेरीमा जाने गर्नुहुँदो रहेछ । शायद, हाम्रो देखादेख भएको हुनुपर्छ ।

त्यतिखेरै म फूटपाथे यौनसाहित्य पनि पढ्न थालेको थिएँ तर एकदिन यस्तो अवस्था आइपर्‍यो कि मेरो मुखै रातो भयो । काका र म विश्वज्योती हलमा फिल्म हेर्न गएका थियौँ । मैले पाइन्टको खल्तीमा त्यस्तै किताब पट्याएर घुसारेको थिएँ । फिल्म सुरु भइसकेको थिएन । हलको सिटमा बसिरहेकै बेला 'खै के किताब हो ?' भनेर काकाले फुत्त किताब निकाल्नुभयो । म हत्प्रद भएँ । उहाँले एक/दुई पाना पढ्नुभयो र केही नभनी किताब फर्काउनुभयो । मेरो मुख रातो भयो, केही बोल्न सकिनँ । त्यसपछि त्यस्ता किताब पढ्न छाडेँ ।

कस्तो किताब पढ्ने भन्ने बारे मेरो स्पष्ट धारणा बनिसकेको थिएन । एकातर्फ इन्डियन लाइब्रेरीमा विशेषतः युरोपेली साहित्य पढ्दा ममा मानवीय भावना प्रस्फुटन भएको थियो भने अर्कातर्फ म्याक्सिम गोर्कीको 'आमा' पढेपछि वैचारिक रूपमा कम्युनिज्मतर्फ मेरो झुकाव बढ्यो। त्यसैक्रममा भाटभटेनीस्थित एउटा लाइब्रेरीमा मैले 'ओयाङ्गहाइको गीत' उपन्यास पढेँ । उपन्यासका नायकले मूढोलाई च्याङ्ग काइशेकको टाउकोको रूपमा लिँदै धेरैपटक मुङ्ग्रोले ठटाएर प्रतियोगिता जितेको सन्दर्भ मलाई त्यतिखेर रमाइलो लागेको थियो ।

त्यतिखेर मैले विशेषतः चार्ल्स डिकेन्स, भिक्टर ह्युगो, एमिल जोला, जोन स्टेनवेक, म्याक्सिम गोर्की, रोमा रोलाँ, स्तेन्धाल, अर्नेष्ट हेमिङ्ग्वे, मार्क ट्वेन, हवार्ड फास्ट, पल एस बकका उपन्यासहरू विशेष रुचिका साथ पढेँ । यसैगरी अर्थर कोनान डायल, ह्यारोल्ड रविन्स, जेम्स हेडली चेजका जासुसी कथा र उपन्यासहरू पढ्नमा पनि म तल्लीन भएँ । अलेक्जेन्डर सोल्झेनित्सिनका किताबहरू पनि पढेँ ।

म हिन्दी फिल्म भनेपछि भुतुक्कै हुन्थेँ । 'दोस्ती' र 'कोशिश' मैले पाँचपटक हेरेको थिएँ । विशेषतः मानवीय संवेदना भएका र शालीन रोमान्टिक फिल्महरू मलाई मन पर्थे । फिल्ममा लगू भएको हुँदा नियमित रूपमा 'फिल्मफेयर', 'माधुरी', 'पिक्चरपोष्ट' जस्ता पत्रिका किन्थेँ ।

पत्रिकातर्फ पनि मेरो रुचि बढ्यो । मैले पढेको पहिलो इन्डियन पत्रिका 'दिनमान' थियो । नेपालका बारेमा, खासगरी राजदरबारको बारेमा सामग्री छापिँदा यो पत्रिका यहाँ पटकपटक प्रतिबन्धित हुन्थ्यो । वीरेन्द्रहरूको विवाहमा अत्याधिक खर्च भएको सामग्री छापेवापत 'दिनमान' प्रतिबन्धित भएको सम्झना छ । 'दिनमान'लगायत 'इलस्ट्रेटेड विक्ली अफ इण्डिया', 'साप्ताहिक हिन्दुस्तान' र 'धर्मयुग'को पनि नियमित पाठक भएँ ।

२०३४ सालमा 'सङ्कल्प' परिवारको सम्पर्कमा आएपछि म मूलतः देशी/विदेशी प्रगतिशील साहित्यको अध्ययन गर्न थालेँ । लु शुन, माओ तुन, लियो टल्सटाय, इभान तुर्गनेभ, फ्योदोर दोस्तोएभ्स्की, चेखव, निकोलाई ओस्त्रोवस्की मेरा मन परेका साहित्यकारमा थपिए । विदेशी पत्रपत्रिकाको अध्ययन भने 'पेकिङ्ग रिभ्यु', 'थर्ड वर्ल्ड युनिटी', 'शान ए सहारा', 'समकालीन तिसरी दुनियाँ' मा सीमित भयो । साहित्यिक पत्रिकामा 'चाइनिज लिटरेचर' का अङ्कहरू कोठामा थुप्रिन थाले ।

मूलतः २०२७ देखि २०४७ सम्म मैले विविध प्रकारका किताबहरू पढेँ । जागीर सानोतिनो नै थियो । तैपनि किताब किन्नमा तलबको पच्चीस प्रतिशत जति रकम खर्च गर्थें । जीवनमा मैले छ/सात सय जति किताब किनेँ हुँला । विगत पन्ध्र वर्षको अवधिमा भने मैले 'फ्रन्टलाइन', 'न्युजविक' र 'आउटलुक' म्यागेजिन नियमित रूपमा पढेँ ।

०४७ सालमा जागिर छोडेर पत्रकारितातर्फ लागेदेखि अहिलेसम्म मैले प्रायः किताब किनेको र पढेको पनि छैन । कुनै बेला किताब किन्नु, पढ्नु र लाइब्रेरीहरू चाहार्नु मेरो दैनिक जीवनको नित्यकर्म नै बनेको थियो । बालुवाटारको झिङ्गटीको छाना भएको घरमा पानी पर्दा कोठाभित्र ठाउँठाउँमा पानी चुहिन्थ्यो । म गिलास, कचौरा, थाल जे भाँडा भेट्टायो, पानी थाप्थेँ । वर्षामा बारीमा मकैको पातमा पानी पर्थ्यो । त्यो आवाज एकप्रकारको सङ्गीतजस्तै लाग्थ्यो । प्रकृतिको त्यही सङ्गीत सुन्दै म मोटामोटा उपन्यासहरूमा डुबिरहेको हुन्थेँ ।

अहिले म जिन्दगीको त्यो मोहक क्षणबाट टाढा भएको छु । किताब पढ्नाले जुन आशावादिता, उमङ्ग र उत्प्रेरणा प्राप्त हुन्थ्यो, आज मैले गुमाएको छु । र, मन बोझिल हुन थालेको छ । किताबप्रति विकर्षण हुनु भनेको जीवनप्रति नै विकर्षण हुनु हो- एउटा लेखकको लागि । यो विकर्षणबाट कसरी मुक्त हुने ? म अन्यौलमा छु ।

जब म अरूको किताब पढ्ने गर्दिनँ भने कसरी अरूलाई, आफ्ना पाठकलाई आफ्नो किताब पढ्न आग्रह गर्न सक्छु ? खुलस्त रूपमा भन्दा, मैले यो अधिकार गुमाएको छु । कुनै बेला किताबीकीरो बनेर पढ्नु र कुनै बेला ठ्याम्मै नपढ्नु- दुबै अति हुन् । शायद, किताबी कीरो बनेकै कारणले अहिले किताबप्रति ममा विकर्षण उत्पन्न भएको हुनसक्छ ।

# ;ª\3if{k"0f{ hLjgsf] cg'ej

नेपाली राजनीतिमा लामो समयदेखि सङ्घर्षपूर्ण जीवन व्यतित गर्दै आफैँ एउटा महाख्यानकी नायिकाझैँ बनेकी हाल नेकपा (एमाले) को केन्द्रीय सदस्य शान्ता मानवीद्वारा लिखित उनका राजनीतिक-सामाजिक जीवनका यथार्थ अनुभव र दृष्टिकोणहरूको सँगालो 'मानवीका रचनाहरू' (२०६३) नामक पुस्तक भर्खरै पाठकहरूका बीच आएको छ । महिला मुक्ति आन्दोलन खण्ड, दलित मुक्ति आन्दोलन खण्ड, संस्मरण खण्ड र राजनीति/विविध खण्ड गरी चार खण्डमा विभाजित यस कृतिमा ०३३ सालमा लिखित 'अन्तर्राष्ट्रिय महिला वर्ष र नारीको साँचो मुक्ति' देखि ०६३ सालमा लिखित 'भूमिगत यात्रा र अनेमसङ्घको पुनःगठन' सम्मका गरी तीन दशकका फुटकर रचनाहरू समाविष्ट छन् । यो उनको पहिलो प्रकाशित कृति हो । पत्रपत्रिकामा विभिन्न समयमा प्रकाशित महिला मुक्ति आन्दोलनसँग सम्बन्धित २४ वटा र अन्य विभिन्न विषयका सातवटा गरी यसमा जम्मा ४६ वटा रचनाहरू सङ्कलित छन् । उनको संस्मरणात्मक निबन्धहरूको छुट्टै सङ्कलन पनि प्रकाशोन्मुख स्थितिमा छ ।

मोदनाथ प्रश्रितको 'नारी : बन्धन र मुक्ति' कृतिको सिर्जनात्मक पृष्ठभूमि र प्रेरणाकी स्रोत बनेकी मानवीको जीवनयात्रा अत्यन्त कष्टकर, पीडादायक र सङ्घर्षमय रहेकाले उपन्यासको कथाजस्तो छ । उनको जन्म अर्घाखाँची जिल्लाको वाङ्ला गाविसमा ००३ सालमा पिता पीताम्बर उपाध्याय र माता विष्णुकुमारीको कोखबाट चौथो सन्तानका रूपमा भएको हो । त्यसबेलाको परिस्थितिअनुसार आठ वर्षको उमेरमा ०११ सालमा उनको बालविवाह भएको थियो । यसको तीन वर्षपछि ०१४ सालमा आमाको मृत्यु र ०१६ सालका १३ वर्षकै उमेरमा पतिको मृत्यु भई वैधव्यजीवन भोग्न विवश मानवीले माइतमा सौतेनी आमा र घरमा अनेकौँ लाञ्छना, अपमान र तिरस्कारपूर्ण व्यवहार सहनुपरेको हुँदा त्यसबेला उनका अगाडि दोस्रो बिहे

गरेर कसैको दासत्वलाई स्वीकार गर्नु या आत्महत्या गरेर सदाका लागि आफ्नो जीवनलाई समाप्त गर्नु दुईटा विकल्प मात्र उपस्थित थिए तर उनले स्वाभिमानी र आत्मनिर्भर भएर एकल जीवन जिउने तेस्रो बाटो रोजिन् । उनलाई त्यसबेला सासू, देवरले अनेकौं षड्यन्त्र गरेर लाञ्छना लगाई कसैकी बनाई घरबाट लखेट्ने प्रयास पनि नगरेका होइनन् तर १२ वर्षसम्म मुद्दा हुँदा पनि मानवीले नै जितेकाले उनको शिर अझै उँचो भयो र निष्कलङ्क छविका साथ अपराजिता मानवी जीवनभर आफ्नो उद्देश्यमा सफल रहन सकिन् । घरमा बस्ने वातावरण नभएपछि एक्लै पनि बाँच्न सकिन्छ भन्ने आँटका साथ ०२६ फागुन ३ गते माइतबाट भागेर उनी दिल्ली पुगिन् र त्यहाँ पनि थुप्रै हन्डर खाएपछि ०२८ सालमा मीतदाजु मोदनाथ प्रश्रितको सहयोगमा बनारस पुगिन् । बनारस पुगेपछि मानवीले जिउने आधारका साथै राजनीतिक वातावरण पनि पाइन् । यसपछि उनको जीवनले सकारात्मक मोड लियो । बनारसमा रहेका कम्युनिस्ट नेताहरू पुष्पलाल, जीवराज आश्रित, एकराज ज्ञवाली, गोविन्द ज्ञवाली, वामदेव गौतम, बलराम उपाध्याय, मदन भण्डारी, युद्धप्रसाद मिश्र र प्रश्रितहरूको सम्पर्कबाट उनले कम्युनिस्ट पार्टीमा लाग्नुका साथै आईएसम्मको अध्ययन पनि गरिन् । ०३३ सालसम्ममा उनले आफ्नो जीवनको उद्देश्य निश्चित गरिसकेको हुनाले पढाइलाई छाडेर सोही सालमै नेपालमा आएर भूमिगत राजनीति सुरु गरिन् । यसक्रममा उनी अनेकौं जिल्ला र अञ्चल कमिटीका जिम्मेवारीहरू पूरा गर्दै नेकपा (एमाले) को केन्द्रीय सदस्यसम्म बन्न सफल भइन् । विशृङ्खलित अनेमसङ्घको नेतृत्व सम्हाल्दै त्यसलाई पुनःगठन गरेर सुदृढ बनाउने कार्यमा होस् या दलित आन्दोलनमा संलग्न भएर त्यसलाई उँचाइ प्रदान गर्ने कार्यमा होस्, मानवीको महत्त्वपूर्ण भूमिका रहेको छ । यसैको परिणाम महिला र दलित आन्दोलनसँग सम्बन्धित रचनाहरू यसमा बढी मात्रामा देखापरेका छन् । पार्टी राजनीतिमा तल्लो तहदेखि केन्द्रीय सदस्यसम्म र संसदीय फाँटमा राष्ट्रियसभा सदस्यसम्म बन्न सफल मानवीले थुप्रै व्यावहारिक अनुभवहरू सँगालेकी छन् । यसैकारण उनका रचनाहरू कोरा सैद्धान्तिक नभएर सङ्गठन र सङ्घर्षका व्यावहारिक नमुना बनेका छन् ।

यस तथ्यले के देखाउँछ भने शान्ता मानवी नेपाली महिला आन्दोलनकी एउटा जिउँदी-जाग्दी प्रतिभा हुन् । उनको जीवन दुःख, सङ्कट र अन्धकारको कथा भएर पनि जीवन सङ्घर्षको महागाथा बनेको छ । उनी नेपाली महिला आन्दोलनकी सङ्घर्षपूर्ण जीवनयात्राकी एउटी आदर्शमयी व्यक्तित्व हुन् । घोर निराशा, पलायन र आत्महत्याका अनेकौं अन्धकारमय घडीहरूलाई चिर्दै जीवन सङ्घर्षद्वारा उज्यालोलाई प्राप्त गर्न सफल मानवीमा जीवनवादी चिन्तन, मानवीय मूल्य र मान्यताप्रतिको दृढ आस्था र व्यक्तिस्वार्थभन्दा सामूहिकताप्रतिको प्रतिबद्धता र समर्पण रहेको छ । बाबुको भलाद्मीपन एवम् न्यायिक, समाजसेवी व्यक्तित्व र आमाको खरो एवम् स्पष्ट वक्ता स्वभावबाट अनुप्राणित र पछि आएर पुष्पलालजस्ता कम्युनिस्ट नेताहरूको सामीप्य तथा मार्क्सवादी दर्शनको प्राप्त चेतना र व्यवहारले उनलाई ऊर्ध्वमुखी बनायो र उनी आफ्नो जीवनका पीडा र व्यथालाई कालकुट विष पिएझैं पिउन र त्यसलाई उदात्तीकरण गरी जनताको सेवामा लगाउन समर्थ भइन् । बालवैधव्य जीवनदेखि नेकपा (एमाले) को केन्द्रीय सदस्यसम्मको उनको राजनीतिक यात्रा, चिन्तन र व्यवहारले यही कुराको यथार्थबोध गराउँछन् र यही यात्राको अनुभव, दृष्टिकोण र सङ्घर्षको दस्तावेजका रूपमा आएको छ उनको प्रस्तुत कृति- 'मानवीका रचनाहरू' ।

प्रस्तुत कृतिको अध्ययन गर्दा के थाहा पाइन्छ भने मानवीमा मार्क्सवादी दृष्टिकोणको परिपाक, इतिहास र समाज विकासको ज्ञान, वर्तमानका राजनीतिक-सामाजिक यथार्थहरूको बोध रहेको छ । उनी राजनीतिले सही दिशा लिन नसकेकोमा चिन्ता व्यक्त गर्छिन् । महिला समस्या र जातिगत समस्या खासगरी उत्पीडित वर्गका समस्याहरूले उनलाई पिरोल्छन् । समाजमा रहेका वर्गीय असमानता, भेदभाव, कुरीति एवम् शोषण, दमन र अन्याय-अत्याचारले सीमा नाघेकोमा प्रताडित हुन्छिन् र तिनप्रति धावा बोल्दै राजनीतिक, सामाजिक एवम् आर्थिक-सांस्कृतिक सबै पक्षमा उनी आमूल परिवर्तन चाहिन्छन्, बोक्रे आडम्बर र खोक्रा भाषण हाँकेर तथाकथित रूपमा अधिकारका कुरा गरेकोमा उनलाई चित्त बुझ्दैन, उनी व्यवहारमै लागू भएको हेर्न चाहन्छिन् । यिनै पक्षहरूलाई समेटेर उनका महिला मुक्ति आन्दोलन र दलित मुक्ति आन्दोलनसँग सम्बन्धित यी रचनाहरू आएका छन् । यिनमा विविध विषयहरू रहेका छन् । कहीं महिला अधिकारका कुरा, कहीं देउकी प्रथा र झुमा प्रथाका कुरा, कहीं ऐन-कानुनबाट महिलाहरू ठगिएका, कार्यान्वयन नभएका कुरा अनि कहीं पुरुषप्रधान समाजका सोच, चिन्तन र व्यवहारका कुरा अनि कहीं महिलाहरूले र दलितहरूले भोग्नुपरेका समस्याहरू अत्यन्त सटीक रूपमा आएका छन् । मोदनाथ प्रश्रितले यस पुस्तकको भूमिकामा भनेका छन्- 'यस पुस्तकमा सङ्कलित उनका लेख कोरा सैद्धान्तिक अध्ययनका प्रस्तुति नभई विगत ३५ वर्षको उनको राजनीतिक सङ्कलित र सङ्घर्षका व्यावहारिक अनुभवका मूर्त प्रस्तुति हुन् ।' वास्तवमै उनकै रचना ज्यादै सरल, सुबोध र सरल पनि छन् । 'मानवीका रचनाहरू' का सम्पादक विष्णु रिजालले आफ्नो सम्पादकीय टिप्पणीमा ठीकै भनेका छन्- 'उनका यी रचनाहरूमा शाब्दिक आडम्बर, बौद्धिक दम्भ वा भाषिक अहङ्कार कहीं भेटिंदैन । मानवीजस्तै सोझा उनका रचनाहरू इमानदारीपूर्वक सत्य, न्याय, अग्रगति, निष्ठा र सिद्धान्तका पक्षमा उभिएका छन् ।' मानवीका रचनाहरू पढ्दा मलाई विचार र विषयवस्तुको प्रस्तुतिका सन्दर्भमा वरिष्ठ प्रगतिवादी कवि श्यामप्रसादको नजिक पुगेको जस्तो लाग्छ । सरल शैली र भाषामा गहन विचार र विषयलाई पाठकमा सटिक सम्प्रेषित गर्न सक्नु मानवीको विशेषता देखिन्छ ।

उनका यहाँ प्रस्तुत रचनाहरू लामा र दिक्क लाग्दा छैनन् । छोटा चट्ट एक बसाइको पढाइमै सकिने खालका छन् । एक पेजदेखि तीन-चार पेजसम्मका मात्र यी रचनाहरू कुनै टिप्पणीमूलक, कुनै निबन्धात्मक कुनै पत्रात्मक र अनुसन्धात्मक पनि छन् । अधिकांशचाहिँ टिप्पणीमूलक नै छन् । सम्पादनका क्रममा कालक्रमिक क्रमबद्धता नरहनु, कुनैकुनै रचनाका पुछारमा मिति उल्लेख नहुनु र वर्णविन्यासगत त्रुटिहरू प्रशस्तै रहनु यसका खड्कने पक्षहरू हुन् तर यी गम्भीर त्रुटिका रूपमा छैनन् ।

– हेमनाथ पौडेल

# अछूत

**– परमानन्द भट्ट**

*मेरो पसिना खनिएर*
*भरिएको भकारीबाट*
*मीठो-मसिनो भिकेर घिच्न हुने*
*तिम्रो त्यो पवित्र मानिएको*
*मन्दिरमा*
*मैले बनाएको मूर्ति सजाउन हुने*
*मैले सिएको भित्र*
*तिमी सजिन हुने*
*तर,*
*मैले छोएको विष हुने !*
*कसरी म अछूत भएँ ?*

*भो अब म सक्तिनँ*
*कति मिच्नु तिम्रा*
*खस्रा पिडौँलाहरू*
*कति बोक्नु विडम्बनाका भारीहरू*
*थाँकिसकेँ म*
*विवशताको बोझभित्र थिचिएर ।*

*लजा !*
*मरिगए छोड्दिन अब*
*म फर्किन्छु*
*मेरो फर्काउँछु*
*नाहक*
*निःसर्त लुटिएको सबै थोक ।*

*म अघि-अघि दर्गुछु*
*कात्रो समातेर*
*तिम्रो मलामीको लाममा*
*छरिएकाहरूको लस्कर थप्न ।*

*म ब्यूँझिसकेँ*
*उसलाई पनि ब्यूँझाउँछु*
*जो मसँगै थिचिएको छ*
*जसको मेरो जत्तिकै मिचिएको छ ।*
*अग्ला-अग्ला उँचिएका*

*श्वघोषित उपल्लाहरू*
*धार्मिक मतान्धताको*
*सुनियोजित धूर्तताबाट*
*परिचालित*
*कथित छत्रपति र द्रव्यपतिका*
*सकुनी खेलकुदमा*
*होमिएको पुस्तौनी कुर्वानीको*
*एक-एक हिसाबमा*
*साफ-साफ निसाफ बोल्नुपर्छ*
*चेपिएका/हेपिएकाहरूको पनि*
*अब त एकसाथ एक स्वरमा*
*जोरजोरले आवाज खुल्नुपर्छ।*

*लमतन्न लत्रिएर*
*तिम्रो पाउ मुसार्ने*
*यी हातहरू*
*आदेश तामेली थाम्ने*
*यी अञ्जुलीहरू*
*र सात सलाम ठोक्न निहुरिने*
*यी टाउकाहरू*
*आज सन्मुख उभिइएका छन्*
*तिम्रो ढोङ्गी पिचासको*
*सत्‌गत्‌का निम्ति।*

*सानो-ठूलो, अग्लो-होचोको*
*पुर्ख्यौली रटनाले*
*भुटिएका मगजहरूमा*
*सद्दे चेत फर्काउन*
*वारुद र विष होइन*
*बटुल्दै थोपा थोपा सत्यका सञ्जीवनीहरूले*
*भगाउँछौ तिमीभित्रको सैतानी सेखी*
*अन्धआडम्बरको छाती भेदने*
*मानवताको सन्देश दर्सिने*
*बर्साउँदै बलिया तीक्षण तीरहरूले*
*तोड्ने छौँ*
*चौतर्फी जेलिएका जञ्जीरहरू।*